कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो


# साप्ताहिक

saptahik.ekantipur.com
● वर्ष २४ ● अंक ४१ ● FRIDAY, 08 MARCH 2019 ● काठमाडौं शुक्रबार, फागुन २४, रु. १५/-





तस्विर : महेश प्रधान

# सी डिसाइड्स

मध्यपृष्ठमा
**निरिषा बस्नेत**




YouTube ट्रेन्डिङ


| | | | |
|---|---|---|---|
| १ | राजा द ग्रेट | च्यानल | गोल्डमाइन |
| २ | शिवरात्रि स्पेसल | च्यानल | रामसार मिडिया |
| ३ | अनमोल एन्ड भुवन | च्यानल | केबिसी नेपाल |
| ४ | ओह मैचा | च्यानल | नेस स्टुडियो |
| ५ | मेला | च्यानल | हाइलाइट्सनेपाल |
| ६ | हेलिकप्टर उडाउनुअघि | च्यानल | फ्रन्टलाइन नेपाल |
| ७ | रवीन्द्र अधिकारी घटना | च्यानल | हेमन्त कान्छा |
| ८ | पर्यटनमन्त्री रवीन्द्र | च्यानल | सन्योष तामाङ |
| ९ | गुलावी | च्यानल | सुशान्त केसी |
| १० | नानी मा | च्यानल | रुग्गल स्टुडियोज |



■ **महिनावारी चेतना** : धनुषा जिल्लाको एउटा गाउँमा महिनाबारी सम्बन्धि जनचेतना जगाउने उद्देश्यले आयंका फाउन्डेसनले आयोजना गरेको चेतनामूलक कार्यक्रममा सहभागिता जनाउने क्रममा अभिनेत्री प्रियंका कार्की तथा अभिनेता आयुष्मान देशराज जोशी ।



■ **लेट्स पार्टी** : मोडल दीपक घिमिरेले लस इस्कोबार्समा आयोजना गरेको बर्थडे पार्टीमा भेला भएका अभिनेत्री सुष्मा कार्की, मोडल विकास खतिवडा, दीपक घिमिरे, धीरज तण्डुकार, मनिष शाक्य आदि ।



■ **छुल्टिम लुक्स** : ताजा तस्बिरमा अभिनेत्री छुल्टिम डोल्मा गुरुङ ।



■ **हेयर कट** : जटाधारी केशका कारण चर्चामा रहने गायक विनोद ढकाल वैवाहिक जीवनमा बाँधिनुअघि झन्डै एक दशक पालेको केश काटेपछि । उनी आगामी साता वैवाहिक जीवनमा प्रवेश गर्दैछन् ।

दुई दिन आइरन लगाए पनि अंग्रेजी अक्षर एस बाङ्गाको बाङ्गै भनेजस्तै नागरिकता विधेयकको विभेदकारी व्यवस्थाका सम्बन्धमा यत्तिको बहस र पीडितसँग समितिमै छलफलपछि पनि संसद्को राज्य व्यवस्था समितिका सांसदहरू महिला र पुरुषलाई सन्तानमाथि समान अधिकार दिने विषयमा अनभिज्ञ देख्दा अचम्मै लाग्यो ।

**अशोक दाहाल**

यो अज्ञानीलाई कसैले बुझ्ने गरी बुझाइ दिए काठमाडौं आएका बेला (बुझाउन सक्नेहरू त्यहीँ हुनुहोला भनेर) दुई दिन बिनाज्याला भाँडा माझिदिन्छु । सिक्किम र फिजीमा 'करण' भएको त्यहाँ विशेष परिस्थितिमा भएका बालबालिकालाई आमाका नाममा नागरिकता दिएर नै हो त ? होइन भने ठाडै भ्रमको खेती किन ?

**केदार शर्मा**

सरकार, भाञ्जा-भाञ्जी र ज्वाइँ-भिनाजुलाई दक्षिणा दिने हो, नागरिकता होइन । छिमेकीले दिएको रासनको भर्पाइ हामीले गोर्खा जवान दिएका छौं, तपाईंले पाउनु भएको रासनको भार चैं देशले तिर्नु पर्ने ?

**जय प्रकाश**

नागरिकताका बारेमा बोल्ने कोही छैन ? अंगिकृतेको शासन चाहिनेहरू नै हुन् नागरिकताका सम्बन्धमा नबोल्ने ।

**हिप्पीकान्छो**

अर्थको अनर्थ लगाएर नागरिकतालाई विदेशीको हातमा पुऱ्याउनु भनेको नेपालमा नेपालीको दुर्दशा सुरु हुनु हो । कुनै पनि नेपालीले नागरिकताबाट वञ्चित हुनु नपरोस् तर त्यसको फाइदा गैर नेपालीले नउठाओस् ।

**जंशी निशान**

आईएनजिओको तलब र भोज खाएर घर नै प्रदूषित हुने गरी डकार्नेहरूलाई के थाहा त्यो प्रदूषित वायुले कालान्तरमा आफैंलाई क्यान्सर लाग्छ भन्ने कुरा । कुकुरलाई खान दिनुभन्दा अगाडि घर घुमेर आइज भन्दा बिजुलीको गतिमा घुमेर आएजस्तो व्यवहार देखाउनेहरूलाई आफ्नो स्वाभिमानको मतलब हुँदैन ।

**खगेन्द्र ढकाल**

'सब रोगको एक इलाज हजुर, आउनुस् यो तेल मालिस गर्नुस् सब ठिक हुन्छ' सडक पेटीमा माइक लाएर तेल बेच्ने धुर्त पसले र 'नेपालको सबै समस्याको हल नेपाली नागरिकता चकलेट झैं वितरण र देशको इशाइकरण गरेर हुन्छ भन्ने काउरेस र काउरेटहरू उउटै हुन् ।

**म.प.**

जसको नीति, सिद्धान्त र नेता नै विदेशी हुन्छन्, ती बिकाउ हुन्छन् । केही थान भाडाका टट्टु किनेर यिनीहरू वा-वा सुन्न मन पराउँछन् । आमा, बाउ, संस्कृति, धर्म जे नि बेच्न तयार यस्ताहरूमात्र पद र शक्तिका भोका हुन्छन् । यिनीहरूलाई नागरिकता कुन ठूलो कुरा भो ?

**अल्छीको राजा**

आमा, दिदी, बहिनी वा छोरीको साइनो देखाएर नागरिकतामा भावनात्मक ब्ल्याकमेलिङ गर्न पाईंदैन, भुटानको प्रसंगसँग कुनै ताल्लुक छैन नेपालको नागरिकताको ।

**संगीत चितवने**

नागरिकताको कुरामा चाहिं २०४७ को संविधानलाई मान्नु पर्छ । त्यो प्रयोग सफल छ देशका लागि ।

**प्राज पोखरेल**

आउनुस्, आउनुस्, आउनुस्, सिन्दूर लगाउनुस्, नागरिकता लैजानुस् ।

**मञ्जिल गौतम**

आमाले पनि बाबुले झैं आफ्ना सन्तानलाई सजिलै नागरिकता दिलाउन सक्ने कानुन बनाउनुपर्छ भन्ने महिलाहरूको माग हो, हाम्रा छोरा-छोरीको माग हो ।

**अर्चना थापा**

सवाल अंगीकृत नागरिक कार्यकारी तहमा पुग्ने कि नपुग्ने मात्र होइन । सवाल आप्रवासीलाई किलोका किलो नागरिकता कहिलेसम्म बाँडिरहने भन्ने हो ।

**सञ्जीव उपाध्याय**

वर्षौंदेखि वर्गीय मुक्तिका कुरा उठ्दै आए तर वास्तवमा महिलालाई वर्गियताबाट मुक्त हुन वा मुक्त भए भन्न कोही चाहँदैनन् र चाहेका पनि छैनन् ।

**मोहना अन्सारी**

वंशज बाहेकका नागरिकता खारेज गरे टन्टै साफ । इन्डियनलाई नेपाली हुन कत्रो रहर ? हामीलाई त इन्डियन भन्ने भने लाज पो लाग्छ ।

**वशिष्ट**

हाम्रो भोट लिएर हाम्रो आचरणको नियन्त्रक बनेका, आमाको नामबाट नागरिकता दिए व्यभिचार बढ्छ भन्नेहरूलाई चिनौं । यिनैको डरले, अर्को पटक पार्टीको उच्चस्तरीय कमिटिमा पर्दिनँ कि, टिकट पाउँदिनँ कि भन्ने सोचेर नबोल्ने महिला सांसदहरूलाई त झनैं चिनौं, अर्को चुनावका लागि ।

**सावित्री गौतम**

तु आवश्यकता
नेपाल सरकारबाट मान्यताप्राप्त Lions कम्पनीलाई कर्मचारीहरु आवश्यकता
योग्यता: SLC-Above
तथा ४० वर्ष कटेकोले वा साधरण लेखपढ गर्न जान्ने
तलब: 25,000/-*देखि माथी
सुबिधा: कार्य दक्षताको आधारमा
संख्या: 10-महिला/10-पुरुष
समय: 10-AM to 5-PM
बसुन्धारा, धापासी
01-4387351
9818585349
नोट: शनिबार पनि अफिस खुल्ला रहनेछ

समय सन्दर्भ

# रवीन्द्र पत्नीको भाइरल कविता



अधिकारी रवीन्द्र

"त्यो कविता रवीन्द्र अधिकारीले रचेको हो र वाचन रवीन्द्र अधिकारीकै श्रीमतीले गरेकी हुन्, तर उनी मृतक रवीन्द्र अधिकारीकी श्रीमती विद्या भट्टराई नभै जीवित रवीन्द्र अधिकारीकी श्रीमती सपना कोइराला थिइन् । रवीन्द्र अधिकारीकै नाममा श्रद्धाञ्जली भएकाले आवाजमा थप गाम्भीर्यता मिसिएको छ । यो पूर्णतया एउटा साहित्य थियो तर यसले थोरबहुत यथार्थतालाई चित्रण गरेको छ । साहित्यमा चरा बोल्छ, रूखहरु बातचित गर्छन् । निर्जीव सजीव जोकोहीमा साहित्यको माध्यमबाट आवाज भरिन्छ । केही क्षणका लागि कोही अर्कै व्यक्ति भएर कविता रचना गर्नु पनि साहित्यमा नौलो प्रयोग होइन, तर भोलिपल्ट भिडियोको तलपट्टि रहेको विवरण नै नपढी क्षणिक दर्शक तान्ने र भ्युज बढाएर पैसा कमाउने मिडियाकर्मीहरूले सोसल मिडिया सेन्सेसन बनाएर कवितालाई विभिन्न माध्यमद्वारा भाइरल गराए ।"

फागुन १५ गते दिन नै अँध्यारो थियो । अझ झन् हेलिकप्टर हराएको समाचार आउँदा त मन पनि अँध्यारो भयो । हेलिकप्टर दुर्घटनामा परी त्यसमा सवार अन्य ६ व्यक्तित्वसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको मृत्यु भयो । आशालाग्दा नेता गुमाउनुपरेकोमा देश मात्र मर्माहत भएन, प्रकृति पनि रोयो । मन्त्री रवीन्द्र अधिकारीको मृत्युले म स्वयंलाई छुट्टै पीडा दियो जुन अरू नेताहरू बित्दा कहिल्यै भएन । उनीसँग आफ्नो विशेष सम्बन्ध रहेझैं लाग्थ्यो । कारण, हबहु नाम र थर मिलेकाले म उनलाई आफ्नो मीतज्यू मान्थें । उनी पर्यटन मन्त्री नियुक्त हुँदा पनि मैले दुई-चार जनाको बधाईको स्वाद चाख्ने अवसर पाएको थिएँ ।

यसरी भित्र उब्जिएको पीडालाई म मूर्त रूप दिन चाहन्थें । त्यसैले रवीन्द्र अधिकारीको सम्झनामा एउटा कविता लेखें- आई विल मिस यू मीतज्यू, तर पछि मैले विचार गरें- अधिकारी यो संसारमा नरहनुको पिडा मलाई जति छ त्योभन्दा हजारौं गुणा बढी उनको परिवार, विशेषतः उनकी पत्नी विद्या भट्टराईलाई छ । हो, त्यो उनको असीम पीडालाई उनकै दृष्टिकोणबाट व्यक्त गर्न सकियो भने कविताले बोक्ने ओज र अर्थ अझ घनिभूत हुन सक्छ । त्यसपछि मैले कवितालाई पुनर्लेखन गरें । श्रीमान गुमाउँदाको वेदना समेटिएको उक्त कविता मैले आफ्नी श्रीमतीबाट वाचन गराएर फागुन १५ को साँझ युट्युबमा राखें ।

त्यो कविता रवीन्द्र अधिकारीले रचेको हो र वाचन रवीन्द्र अधिकारीकै श्रीमतीले गरेकी हुन्, तर उनी मृतक रवीन्द्र अधिकारीकी श्रीमती विद्या भट्टराई नभै जीवित रवीन्द्र अधिकारीकी श्रीमती सपना कोइराला थिइन् । रवीन्द्र अधिकारीकै नाममा श्रद्धाञ्जली भएकाले आवाजमा थप गाम्भीर्यता मिसिएको छ । यो पूर्णतया एउटा साहित्य थियो तर यसले थोरबहुत यथार्थतालाई चित्रण गरेको छ । साहित्यमा चरा बोल्छ, रूखहरू बातचित गर्छन् । निर्जीव सजीव जोकोहीमा साहित्यको माध्यमबाट आवाज भरिन्छ । एवम् रीतले केही क्षणका लागि कोही अर्कै व्यक्ति भएर कविता रचना गर्नु पनि साहित्यमा नौलो प्रयोग होइन, तर भोलिपल्ट भिडियोको तलपट्टि रहेको विवरण नै नपढी क्षणिक दर्शक तान्ने र भ्युज बढाएर पैसा कमाउने युट्युब तथा मिडियाकर्मीहरूले सोसल मिडिया सेन्सेसन बनाएर कवितालाई विभिन्न माध्यमद्वारा भाइरल गराए । नानाथरीका युट्युब च्यानलले भिडियोलाई पुनः अपलोड गर्न थाले । स्वयं विद्या भट्टराईको अभिव्यक्ति भएको दावा गर्दै थुप्रै अनलाइन साइट तथा फेसबुक पेजहरूले उक्त भिडियो कपी-पेस्ट गर्दै गए । साथीहरूको माध्यमबाट मैले जानकारी पाउँदासम्म भिडियो पूरापूर भाइरल भैसकेको थियो ।

विदेशमा बस्ने एउटा साथीले तैंले बिहानी पोस्टको कविता वाचन गरेर भिडियो बनाएको रै'छस् हैन भनेर सोध्यो । ए बाबा, म कसरी सम्झाऊँ उसलाई कि त्यो कविता अब बिहानी पोस्टमा मात्र होइन, दिवा, सन्ध्या र रात्रिपोस्ट के-के छन् सबैमा छरपस्ट भैसकेका छन भनेर । त्यसैगरी एउटा साथी दिदीकहाँ जाँदा 'विद्याले रवीन्द्रको नाममा निकै मर्मस्पर्शी कविता लेखेकी रै'छिन्, सुनिस् ?' भनेर सोध्नुभएछ । अर्कै च्यानलमा रहेको उक्त गीत हेर्दै साथीले 'लौ यो त हाम्रै रवीन्द्रले कविता लेखेर बनाएको भिडियो हो त, चोरेछन् नि' भनेछ । विद्या पनि साहित्य लेख्छिन् र यो स्वर पनि उनकै हो भनेर दिदीले ज्यान जाला साथीको कुरा पत्याउनु भएनछ । यसरी सोसल मिडियाले मान्छेको सोच र विश्वासलाई यतिसम्म गहिरो प्रभाव पार्दो रहेछ । फेसबुक वा युट्युब प्रयोगकर्ताहरूमध्ये धेरैले यो कविता विद्या भट्टराईकै शब्द र स्वर हो भन्ठाने ।

युट्युबमा भने मेरो सुरुवाती भिडियो अरूकै च्यानलमा एक दिनपछि राखिएको भिडियोसँग प्रतिस्पर्धा गर्दै थियो । मौका कुरेर बसिरहने कथित् मिडियाकर्मीहरूको ठूलै झुन्ड रहेछ नेपालमा, जसले प्रभाव छाड्न सक्ने कन्टेन्ट देख्नासाथ त्यसलाई रिअप्लोड गरी मनग्गे पैसा कमाउँदा रहेछन् । कतिले युट्युबको कपिराइट क्लेमबाट जोगिन चतुऱ्याइँका साथ भिडियोलाई हल्का दायाँ-बायाँ गरी आफ्नैजस्तो बनाउँदा रहेछन् । धेरै मानिस आफ्नै सिर्जनाभन्दा अर्काको सिर्जनामा रोजीरोटी जुटाइरहेका हुँदा रहेछन्, तर पनि अन्ततः युट्युबको अल्गोरिदमले सबैलाई पाउनुपर्ने जति न्याय दिएरै छाड्छ । फागुन १८ गते मेरो आफ्नै च्यानलमा भएको भिडियो ट्रेन्डिङ १० भित्र पर्न सफल भयो । भिडियोमा रहेको उक्त कविता पुनश्चः भन्छु- विद्या भट्टराईले लेखेको पनि होइन र वाचन गरेको पनि होइन । वरु शोकमा डुबेको अधिकारी परिवार : श्रीमती विद्या, छोराहरू स्वराज र विराज, बुवा इन्द्रप्रसाद र माता लक्ष्मी अधिकारीलगायत सम्पूर्णलाई हार्दिक समवेदना । साथै मन्त्री अधिकारीको आत्माको चिर शान्तिको कामना ।

raiv nems@iom.edu.np

## नुवाकोटको सूर्यचौरमा प्याराग्लाइडिङ



नुवाकोटको पर्यटकीय स्थल सूर्यचौरमा प्याराग्लाइडिङ सुरु भएको छ । शनिबार पहिलोपल्ट नुवाकोटमा प्याराग्लाइडिङ उडान गरिएको हो । नुवाकोटको उच्च भूभागमा रहेको सूर्यचौर शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । उक्त स्थानबाट नुवाकोट, सिन्धुपाल्चोक, काठमाडौं, रसुवाको मनोरम दृश्यका साथै लाङटाङ, गणेश, मनास्लु, जुगल, हेलम्बु हिमालको दृश्य अवलोकन गर्न सकिन्छ ।

शिवपुरी गाउँपालिका-७ मा अवस्थित सूर्यचौर समुद्र सतहबाट १ हजार ९ सय मिटर उचाइमा छ । नेपाल प्याराग्लाइडिङ कम्पनीले दुईवटा प्याराग्लाइडिङ उडाएर परीक्षण उडान गरेको हो । सूर्यचौरबाट उडान सुरु गरेर शिवपुरी गाउँपालिका- ८ थानापतिको सतरी फाँटमा झारिएको थियो । प्याराग्लाइडिङको व्यावसायिक उडानपछि नुवाकोटको पर्यटन क्षेत्रले फड्को मार्नुको साथै स्थानीयको रोजगारीको अवसरसमेत सिर्जना हुनेछ । प्याराग्लाइडिङको सफल परीक्षण उडानपछि कम्पनीका प्रबन्ध निर्देशक ज्ञानभक्त डंगोलले केही समयमै यसको नियमित उडान गरिने जानकारी दिएका छन् ।

## लमजुङमा व्यवसायिक प्याराग्लाइडिङ

परीक्षण उडान सफल भएपछि लमजुङमा व्यवसायिक प्याराग्लाइडिङ उडान प्रारम्भ भएको छ । साहसिक पर्यटन प्रवर्द्धन गर्न युवा व्यवसायीहरूले पोखराबाट पाइलट झिकाएर दुई महिनाजति परीक्षण गरेका थिए । परीक्षण गरिएका ठाउँमध्ये बेसीसहर नगरपालिका-६, मकैडाँडाबाट उडान भरेर मर्स्याङ्दी नदी पार गरी बेसीसहर नगरपालिका-१०, भोटेफाँटमा अवतरण गरिएको थियो । यसअघि पुमाडाँडा र गाउँसहर दरबारको डाँडाबाट गरिएको परीक्षण उडान सफल भएको बताइन्छ । बेसीसहरस्थित ब्रदर्श अन्नपूर्ण टुर एण्ड ट्राभल्सका सञ्चालक अमीर गुरुङका अनुसार पोखराबाट आएका ५ जना टेन्डम पाइलट (संयुक्त उडाउन सक्ने चालक) ल्याएर व्यवसायिक उडान थालिएको छ ।

प्याराग्लाइडिङका टेन्डम पाइलट सुनिल थापाका अनुसार लमजुङको मकैडाँडादेखिको भोटेफाँटसम्मको हवाईमार्ग सहज र बढी उपयुक्त छ । पुमाडाँडाबाट उडान सहज भए पनि उडान भर्ने ठाउँमा मोटरबाटो नपुगेकाले ५/१० मिनेट हिँड्नुपर्छ ।




गाउँसहर लमजुङ दरबारबाट उडान गर्न सकिने भएपनि बेसीसहरमा अवतरण गर्ने ठाउँ दनाईंफाँट नजिकै विजुलीका तारबार भएकाले केही असहज महसुस गरिएको थापाले बताए । टेन्डम पाइलट राजेश बानियाँका अनुसार १५ मिनेटदेखि २५ मिनेटसम्म हावामा उडेर मकैडाँडा भोटेफाँट पुग्न सकिन्छ ।

यो प्याराग्लाइडिङका लागि प्रतिव्यक्ति ५ हजार रुपैयाँ शुल्क तोकिएको छ । प्याकेजमै बेसीसहरदेखि जीपमार्फत उडान भर्ने ठाउँ लगिदिने, अवतरण गर्ने ठाउँ भोटेफाँटदेखि बेसीसहरसम्म ल्याइदिने, उडानका समयमा तस्विर तथा भिडियो खिचेर उपलब्ध गराउने गरिएको छ ।

आश गुरुङ

कान्तिपुर गाथा



किशोर नेपाल

# पीपलको बोट

पीपलको बोट चौतारीमा पत्रिका बेच्न बसेका कतिपय "हकर" वास्तवमा सरकारका गुप्तचर हुन्थे । उनीहरूबाटै सरकारले थाहा पाउँथ्यो विद्यार्थीको कुन नेता के गर्दैछ र कुन नेता कहाँ छ ? आन्दोलनको केन्द्रबिन्दु नयाँ सडक र पीपलको बोट भएकाले आन्दोलनकारी विद्यार्थीहरू यसैको परिधिमा घुमिरहेका हुन्थे । त्यतिबेलाका आन्दोलन खतरनाक मानिन्थे ।



'पीपलको बोट कि पीपलको रूख ?' बहस कहिल्यै गरिएन । यो छाता थियो स्वतन्त्रताको जो अहिले पनि छ । वातावरण अलिकति बिथोलिएको छ । आजभन्दा ५०/६० वर्ष अघि पीपलको बोट विचार विनिमयको चौतारी थियो । अहिले त्यहाँ पश्चिमतिरको एउटा भवन छैन जहाँ तिनताका बडो शानले नखरा पारेर उभिएको हुन्थ्यो त्यो भवन । त्यो भवनमा थियो इन्दिरा रेस्टुराँ । नेपालका गिनेचुनेका र खल्तीमा पैसा भएका बुद्धिजीवी, कवि, कथाकार एवं कलाकार जम्मा हुने ठाउँ । त्यहाँको लिफ टी एक बीग पट किनेपछि जतिसम्म टिक्न सकिन्छ टिके हुन्थ्यो । गोरखापत्र र मधुपर्कमा कथा कविता र लेख छापेपछि पारिश्रमिक बुझेर इन्दिरा उक्लिनेहरूको कमी थिएन । हामी जस्ता नयाँ लेखक तथा पत्रकारलाई इन्दिराको चिकेन कटलेट निकै मनपर्थ्यो । त्यसको मूल्य चर्कै थियो ।

इन्दिरा त एउटा बहाना थियो । मुख्य कुरा थियो पीपलको बोट । पीपलको बोट पूरै कान्तिपुरको आन्दोलनको केन्द्र थियो । इन्दिराको नरम सिटमा बसेर आन्दोलनको दृश्य हेर्ने सौभाग्यशाली धेरै हुँदैनथे । एकपटक एउटा आन्दोलन निरन्तर चल्यो । नेपाल विद्यार्थी संगठनका सन्दर्भमा भएको त्यो आन्दोलनमा विद्यार्थीहरू लाम लागेर आउने, पीपलको बोटको चौतारोमा चढने र प्रजातन्त्रको नाम लिने । कार्यक्रम त भाषण नै गर्ने थियो तर विद्यार्थीले 'प्रजा' भनि नसक्दै उसलाई पुलिसले गिरफतार गरिसकेको हुन्थ्यो । त्यस्तोमा कसले भाषण गर्ने ? आन्दोलनमा कति विद्यार्थी गिराफ्तार भए ? यथार्थ जानकारी पाइन्थ्यो विभिन्न जेलबाट । अहिलेको जस्तो समाचारको यात्रा सहज थिएन । एउटै जेलमा सयजना सम्म विद्यार्थी अटाएका हुन्थे । कति हनुमानढोका खोरमा त कति डिल्लीबजार खोरमा थुनिन्थे । राजा महेन्द्रको शासनकालमा थुन्ने र थुनाउने कति थिए ? कसैलाई थाहै थिएन ।

पीपलको बोट चौतारीमा पत्रिका बेच्न बसेका कतिपय 'हकर' वास्तवमा सरकारका गुप्तचर हुन्थे । उनीहरूबाटै सरकारले थाहा पाउँथ्यो विद्यार्थीको कुन नेता के गर्दैछ र कुन नेता कहाँ छ ? आन्दोलनको केन्द्रबिन्दु नयाँ सडक र पीपलको बोट भएकाले आन्दोलनकारी विद्यार्थीहरू यसैको परिधिमा घुमिरहेका हुन्थे । त्यतिबेलाका आन्दोलन खतरनाक मानिन्थे । खासगरेर, निर्वासनमा रहेका बीपी कोइरालाको नेतृत्वमा देशमा प्रजातन्त्र स्थापनाका लागि जुन जोडबल थियो त्यो विद्यार्थीहरूबाटै थियो ।

यो त थियो पीपलको बोटको राजनीतिक अवतार । त्यसबाहेक, यसका अरू धेरै विशेषता थिए । यहाँ कवि-कथाकारहरूको अपार जमघट हुन्थ्यो हरेक दिन । कवि-कथाकार मात्र नभनौं होला । साहित्यकार शब्द बढी प्रतिनिधिमूलक होला । कविहरू कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ, पुरुषोत्तम बस्नेत, उपेन्द्र श्रेष्ठ, मोहन कोइराला, शैलेन्द्र साकार, सन्तोष भट्टराई, मोहन घिमिरे, तोया गुरुङ, मोहन हिमांशु थापा, बंशी श्रेष्ठ नयाँ सडकका स्थायी स्तम्भ थिए । सम्पादक र समालोचकहरूको पनि उत्तिकै भीड लाग्थ्यो । यो सानो स्तम्भमा सबैको नाम समेटिनु सम्भव छैन । कति नाम स्मृतिमा छन् भने कति विस्मृतिमा ।

पीपलको बोट आफनो इतिहास सहित अहिले पनि खडा छ तर, यो पहिलेको जस्तो छैन । अलिकति उपेक्षित र तिरस्कृतजस्तो देखिन्छ । पीपलको बोट अगाडि सन्देश गृह थियो । अहिले त्यो पनि छैन । सन्देश गृह भन्नासाथ अंग्रेजी पत्रिका टाइम्स अफ इन्डिया पाइने पसल भनेर बुझिन्थ्यो । रन्जना सिनेमा हल जाने सडकको एकातिर छेउमा थियो पसल । घर पनि टिपिकल थियो । केशरदाइ पत्रिका पसलको सञ्चालक साहूजी आफैं बस्थे पसलमा । भीड उनलाई हेर्थ्यो । उनी भीडलाई । त्यतिबेला पत्रिकाका हिसाबले समय सम्पन्न थियो । हिन्दी भाषाका दिनमान, धर्मयुग, सारिका, माधुरी, कादम्बिनी, नवनीत, निहारिका र ज्ञानोदय लोकप्रिय थिए । अंग्रेजीका दि इलस्ट्रेटेड विक्ली अफ इण्डिया, फिल्मफेयर, जेएस, मिरर निकै पढिन्थे । पीपलको बोट आफैं पनि पत्रपत्रिकाको शोभा थियो । अलिकति त अहिले पनि जोगिएको छ त्यो शोभा । सहरको विस्तारसँगै धेरै कुरा परिवर्तन भए । पहिलो जन-आन्दोलन मार्फत देशमा संसदीय प्रजातन्त्रको स्थापनापछि आन्दोलनको संस्कृतिको संरक्षण गरिएन । अहिले हामीसँग केही पनि छैन । दिशाहीन अवस्थामा छ मानिसको जागरण । नयाँ सडकमा भीड बढेको छ । आन्दोलनको अलिकति भाग रत्नपार्कतिर सर्न खोजेको छ तर, हावापानी मिलेको छैन । सामयिक संकलनका नाममा साहित्यिक पत्रिका निकालेर नयाँ सडकमा त्यसको प्रदर्शन गर्नुको रमाइलो अब कहाँ भेटिएला र ?

## पाठक मञ्च

सामाजिक सञ्जाललाई नियमन गर्ने सरकारको काम राम्रो भए पनि यसको नियतमा उठाइएका प्रश्नको स्पष्ट जवाफ आउनुपर्छ । (किन नेपालमा दर्ता हुनुपर्छ सामाजिक सञ्जाल ?) राजस्वको कुरालाई प्राथमिकता दिएर मात्र यस्तो नियमन गर्न खोजिएको हो भने हाम्रो जस्तो कम प्रयोगकर्ता र विज्ञापन दाता भएको देशमा फेसबुक तथा ट्विटरजस्ता सामाजिक सञ्जाल दर्ता हुन आउँदैनन् । त्यसको प्रत्यक्ष मार सामाजिक सञ्जालसँग जोडिएका करोडौं नागरिकमा पर्छ । सरकारले विवेक पुर्‍याएर काम गरोस् ।

**सरोज थापा**

नेपालीहरूमा किन यतिसाह्रो आपराधिक मनोवृत्ति बढेको होला ? (नक्कली नोट छाप्ने जोडी) के मानिसले पैसालाई नै अन्तिम साध्य मान्न थालेको हो ?

**ममता भट्ट**

नेपालमा पनि कुकुरका लाखौं सौखिन छन् भन्ने कुरा सुनेर अचम्म लाग्यो । (ग्र्यान्ड डग शो) बजारमा कुकुर डुलाएर हिंडेको त देखेकी थिएँ, तर यति सौखिनहरू पनि होलान् भन्ने अनुमान गरेकी थिइनँ । हुन त कुकुर बफादार प्राणी भएकाले पनि मानिसमा यो जनावरप्रति मोह जागेको होला ।

**दीपिका पनेरु**

विश्वको सबैभन्दा ठूलो बजार भनेको यौनसँग सम्बन्धित नै हो । यो बजार अझ बढाउन दलालहरूले अनेकन् हल्ला फिँजाएर सोझासाझा मानिसलाई लुटिरहेका हुन्छन् । (यौनका बारेमा चलेका १० हल्ला र यथार्थ) तपाईं-हामीले कहिल्यै यस्ता कुराको पछि लाग्नु हुँदैन । कुनै समस्या भए विज्ञहरूसँग परामर्श लिनुपर्छ ।

**महेश सत्याल**

मोफसलका चेलीहरूको मध्यपृष्ठको तस्बिर राम्रो लाग्यो । (साप्ताहिक ब्लोअप) साप्ताहिकले काठमाडौं, पोखरासँगै अन्य क्षेत्रका प्रतिभावानहरूलाई पनि यसरी नै स्थान दिँदै जाओस् ।

**सुरेन्द्र मगर**

## प्रधानमन्त्री रोजगार कार्यक्रम

दुईतिहाइको वर्तमान सरकारको एक वर्षे कार्यकाल हालसालै पूरा भएको छ । उक्त अवसरमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगार तथा बेरोजगार युवाहरूको ध्यानाकर्षण गराइनु पक्कै पनि सुखद पक्ष हो । हरेक दिन ठूला सपनाहरू सजाएर बिदेसिने बेरोजगार नेपाली १ हजार ५ सयभन्दा कम छैनन् भने ती सपना कहिल्यै पूरा नहुने गरी दिनहुँ ७ भन्दा बढी रातो बाकस नेपाल आउँछन् । वैदेशिक रोजगारीको सिलसिलामा आफ्नो परिवार तथा देश छाड्न त्यति सहज नहोला तर पनि देशको वातावरण, कमजोर आर्थिक-सामाजिक परिवेश यसको मुख्य कारण हो ।

यस्तो कार्यक्रम सुरु हुनु आफैंमा नराम्रो होइन, तर स्वरोजगार युवाहरूको चेतनास्तर बढेकाले विदेशमा श्रम बेच्न जाने युवाहरू केही समयको अनुभव-ज्ञान बटुली आफ्नै भूमिमा फर्कनु अझ राम्रो हो । उनीहरूले गरेको नयाँ क्षेत्रको लगानीलाई बजारसम्म पुर्‍याउन र त्यसको उत्पादन तथा बिक्री-वितरणमा सरकारी सहयोग नभएकाले देश फर्किएकाहरूले पुनः बिदेसिनुपर्ने बाध्यता पनि छँदैछ ।

अर्को पक्ष के पनि छ भने दैनिक जीवनयापनका लागि भए पनि युवाहरू सानोतिनो आय आर्जनमा लागेकै हुन्छन् । यस्ता बेरोजगार कार्यक्रममा सत्तारुढ दलका कार्यकर्ताहरू नै झुन्डिएकै हुन्छन् । सरकारले ल्याएको रोजगार कार्यक्रम बेरोजगारहरूका लागि ल्याइएको बताइए पनि तोकिएको मापदण्ड पूरा गरेका बेरोजगार फेला पार्न मुस्किलै छ । नेपालमा राजनीति नै आम्दानीको बलियो स्रोत कायम रहेसम्म बेरोजगारी नघट्ने निश्चित छ ।

सरकारले यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नुभन्दा एउटा उद्योग संचालन गरेर त्यसमा खुल्ला प्रतिस्पर्धाबाट रोजगारी सिर्जना गर्नु राम्रो हुन्छ, अथवा बन्द भएका पुराना कलकारखानाहरूलाई पुनर्जीवन दिनुपर्छ । माछा मारेर ख्वाउनुभन्दा माछा उत्पादन गर्ने कला सिकाउनु उपयुक्त हो ।

**पदमकुमार श्रेष्ठ 'अरबिन्द'**
**स्युचाटार, काठमाडौं**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

# क्रिकेट छोडेर विदेश जाने योजनामा थिएँ

नेपाली महिला क्रिकेट टिमकी कप्तान हुन्- रुविना क्षेत्री । झापाको काँकडभित्तामा जन्मिएकी क्षेत्री सन् २०१२ देखि नेपाली महिला क्रिकेट टिमकी कप्तान रहँदै आएकी छिन् । क्षेत्रीले नेतृत्व गरेको नेपाली महिला क्रिकेट टिम गत साता थाइल्यान्डमा आयोजित महिला ट्वान्टी-२० विश्वकपको छनौट प्रतियोगितामा दोस्रो स्थान हात पारेर स्वदेश फर्किएको छ । यही सेरोफेरोमा रहेर रुविनासँग साप्ताहिकका लागि महेश तिमल्सिनाले गरेको कुराकानी :



■ रुविना क्षेत्री, कप्तान, नेपाली महिला क्रिकेट टिम

**सन् २०२० मा हुने ट्वान्टी-२० विश्वकप र सन् २०२१ मा हुने एक दिवसीय विश्वकपको सुरुवाती छनौट प्रक्रियामा नेपाल उपविजेता भयो कस्तो अनुभव भैरहेको छ ?**

हामी दुई वर्षको अन्तरालपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका हौं । त्यसैले अनुभवको कुरा गर्दा एकदमै राम्रो अनुभव हासिल गर्ने मौका मिल्यो । थाइल्यान्डमा हामीले दुईवटा प्रतियोगिता खेल्यौं, दुवै प्रतियोगितामा हामी दोस्रो स्थानमा रह्यौं । ती दुवै प्रतियोगिता अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले आयोजना गरेको थियो । आईसीसीका प्रतिनिधिहरूले पनि नेपालले आफ्नो खेलमा एकदमै राम्रो सुधार ल्याएको टिप्पणी गरेको सुन्न पाउँदा निकै खुसी लाग्यो । थाइल्यान्डमा हामीले १२ खेलमध्ये १० खेल लगातार जितेका थियौं । हामीले हारेको खेल भने एउटासँग मात्र त्यो पनि आयोजक थाइल्यान्डसँगको खेल थियो । त्यसैले पनि हामी खुसी छौं, किनभने यति धेरै वर्षपछि मैदानमा फर्कंदा पनि हामीले धेरै राम्रो खेल प्रदर्शन गर्न सक्यौं ।

**थाइल्यान्डसँग हार्नुको कारणचाहिँ के थियो ?**

हामीले एक महिनाअघि थाइल्यान्डसँग म्याच खेलेका थियौं । त्यतिबेला हामीलाई थाइल्यान्ड केमा कमजोर छ भन्ने कुरा थाहा थियो । उनीहरूको घरेलु क्रिकेट एकदमै बलियो छ । उनीहरू वर्षभरि नै खेलिरहेका हुन्छन् । अर्को कुरा, उनीहरूको घरेलु मैदानमा प्रतियोगिता भैरहेको थियो, त्यसले पनि उनीहरूलाई खेल्न सहज थियो । त्यस्तै, उनीहरूको आधिकारिक खेलकुद संघ छ जसले खेलाडीलाई निरन्तर खेल्न प्रेरित गरिरहेको हुन्छ । त्यहाँ खेलाडीलाई राम्रो सेवा सुविधा उपलब्ध छ, जसले गर्दा खेलाडीले पनि आफ्नो पूरै जीवन क्रिकेटमै समर्पित गरेका छन्, तर हामी कहाँ त्यस्तो छैन । हामी थाइल्यान्डसँग खेल्न नजानेर हारेका होइनौं । हामी अनुभव र म्याच एक्पोजरको कमीका कारण हारेका हौं । हाम्रा खेलाडीहरूमा प्रशस्तै सीप र क्षमता छ । हामीले थाइल्यान्डलाई जित्न कम्तीमा पनि ६ महिना अभ्यास र म्याच एक्पोजर पाउनुपर्थ्यो ।

**भनेपछि नेपालको तयारी कमजोर थियो ?**

हामीले आफ्ना तर्फबाट जति तयारी गर्नुपर्थ्यो त्यति गरेकै थिएनौं । फिटनेसमा पनि हाम्रो कमजोरी थियो । त्यसका बाबजुद हामीले तयारीचाहिँ गरेका थियौं, तर त्यो पर्याप्त थिएन । हामीले खेलमा जति दिन सक्थ्यौं त्यति दिएकै हौं । अर्को कुरा, हामी खेलाडीहरूको भेटघाट पनि यही प्रतियोगिताका कारण मात्र भएको थियो, जसले गर्दा टिममा रहेका प्रत्येक खेलाडीलाई आफ्नो साथी खेलाडीका बारेमा बुझ्नै समय लाग्यो ।

पृष्ठ ८ मा




# अब यस्ता ग्याजेट आउनेछन्

**मोबाइल उद्योगसँग सम्बन्धित संसारकै सबैभन्दा ठूलो इभेन्ट मोबाइल वर्ल्ड कंग्रेस (एमडब्लूसी)-२०१९ स्पेनको बार्सिलोनामा सम्पन्न भएको छ । फागुन १३ देखि १६ गतेसम्म चलेको उक्त मोबाइल मेलामा विश्वमा आएका मोबाइल उद्योगसँग सम्बन्धित नवीनतम प्रविधि सार्वजनिक गरिएका थिए ।**

## १८ हजार एमएएच ब्याट्रीयुक्त स्मार्टफोन

फ्रान्सको एभेनियर टेलिकमको लाइसेन्स प्रयोग गर्ने एनर्जाइजर ब्रान्डले १८ हजार एमएएच ब्याट्री क्षमता भएको स्मार्टफोन सार्वजनिक गरेको छ । यति शक्तिशाली ब्याट्री जडान गरिएको यो विश्वकै पहिलो स्मार्टफोन हो । पावरम्याक्स पी१८के पप नामक उक्त स्मार्टफोन एकपटक चार्ज गरेपछि एक सातासम्म चलाउन सकिने कम्पनीको दाबी छ । यसमा दुई दिन अर्थात् ४८ घण्टासम्म लगातार भिडियो हेर्न सकिन्छ । ६ दशमलव २ इन्चको एलसीडी डिस्प्लेले यसलाई थप सानदार बनाएको छ । यो फोनमा दुई सेल्फी क्यामेरा र ब्याक प्यानलमा तीन क्यामेरा छन् । यसमा ६ जीबी र्‍याम तथा १ सय २८ जीबी स्टोरेज छ । कम्पनीका अनुसार यो स्मार्टफोन १८ मिलिमिटर बाक्लो छ, जुन तीनवटा आइफोन मिलाएजति मोटो हो । यसलाई ३० मिनेटमा ८५ प्रतिशत चार्ज गर्न सकिन्छ । यो फोन आगामी जुन महिनामा सार्वजनिक गरिने र त्यसको अन्तर्राष्ट्रिय बजार मूल्य ६ सय युरो हुने बताइएको छ ।






## होलोलेन्स-२

माइक्रोसफ्टले होलोलेन्सको दोस्रो संस्करण अर्थात् होलोलेन्स-२ लाई बजारमा ल्याएको छ । होलोलेन्सले आसपासमा भएका वस्तुलाई कम्प्युटर सिस्टमसँग मिलेर भर्चुअल रियालिटीमा परिवर्तन गर्ने काम गर्छ । होलोलेन्सले क्वालकम एक्सआर १ प्लेटफर्ममा काम गर्छ । यसबाट अगमेन्टेड रियालिटी तथा भर्चुअल रियालिटीको परिणाम अझ राम्रो हुन्छ । यसमा थ्रीडी क्वालिटी तथा फोरके भिडियोसमेत हेर्न सकिन्छ । माइक्रोसफ्टले सन् २०१५ मा पहिलो होलोलेन्स लन्च गरेको थियो ।



## ल्ट्रा फास्ट यूएसबी ३.२ प्रविधि

मोबाइल कंग्रेसमा तीव्र गतिमा डाटा ट्रान्सफर गर्ने यूएसबी ३.२ प्रविधि सार्वजनिक भएको छ । करिब २ वर्षदेखि अध्ययन भैरहेको यो प्रविधिलाई हाल आएर सार्वजनिक गरिएको हो । यसको निर्माण विशेष गरी गेमिङ तथा वर्क स्टेसन कम्प्युटरलाई ध्यानमा राखी गरिएको हो । यो यूएसबी पोर्टलाई सन् २०२० सम्म डेस्कटप कम्प्युटर, ल्यापटप तथा मोबाइल डिभाइसमा प्रयोग गर्न सकिनेछ ।

## ५ वटा क्यामेरा भएको स्मार्टफोन

नोकिया स्मार्टफोन निर्माण एवं बिक्री गर्ने कम्पनी एचएमडी ग्लोबलले ५ वटा क्यामेरायुक्त संसारकै पहिलो स्मार्टफोन नोकिया ९ प्युअर भ्यू सार्वजनिक गरेको छ । यसको पछिल्लो भागमा ५ वटा क्यामेरा छन् र ती सबै क्यामेरा १२ मेगापिक्सेलका छन् । यो स्मार्टफोनमा ५ दशमलव ९९ इन्च टुके स्क्रिन, क्वालकम स्न्यापड्रागन ८ सय ४५ प्रोसेसर र ६ जीबी र्‍याम छ । आगामी मार्चदेखि बिक्री प्रारम्भ हुने यो फोनको अन्तर्राष्ट्रिय बजार मूल्य ६ सय ९९ डलर हुने बताइएको छ ।




## फाइभजी टेक्नोलोजीयुक्त इलेक्ट्रिक कार

अन्तर्राष्ट्रिय मोबाइल कन्फ्रेन्समा स्पेनिस अटोमोबाइल निर्माता सिएटले भविष्यको इलेक्ट्रिक कार प्रदर्शन गऱ्यो । उक्त कारको टप स्पिडलाई चालकको उमेर अनुसार सेट गर्न सकिन्छ । यदि चालकको उमेर १६ वर्ष छ भने यसको गति ४५ किलोमिटर र १८ वर्ष छ भने ९० किलोमिटर प्रतिघण्टाको गतिले चलाउन सकिन्छ । यो कारलाई बोलेर पनि नियन्त्रण गर्न सकिन्छ । मिनिमो इलेक्ट्रिक अर्बान नामक यो कारमा कम्फर्ट र सेफ्टीमा विशेष ध्यान दिइएको छ । यो हाइपर कनेक्टेड कारमा फाइभजी टेक्नोलोजी प्रयोग गर्न सकिन्छ । यसको अघिल्लो भागमा मोटरसाइकलको जस्तो सिंगल हेडलाइट छ । यसमा ड्राइभरसहित दुई जना बस्न मिल्छ ।







## फाइभ जी स्मार्टफोन

अन्तर्राष्ट्रिय मोबाइल कन्फ्रेन्समा विभिन्न कम्पनीले फाइभ जी नेटवर्कमा चल्ने स्मार्टफोन सार्वजनिक गरेका छन् जसअन्तर्गत जेडटीईले एक्सोन १० प्रो नामक फाइभ जी स्मार्टफोन सार्वजनिक गरेको थियो । यसमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) भएको ट्रिपल क्यामेरा सेटअप छ । त्यसैगरी शाओमीले मी मिक्स ३ फाइभ जी स्मार्टफोन सार्वजनिक गरेको थियो भने सामसुङको एक्सएक्सएल ग्यालेक्सी एस १०, मोटोरोलाको फाइभ जी मोटो मोड तथा एलजीको भी ५० आदि फाइभ जी स्मार्टफोनले धेरैका ध्यान तानेका थिए ।




## १ टीबी स्टोरेजको मेमोरी कार्ड

माइक्रोन तथा स्यानडिस्कले १ टीबी अर्थात् १ हजार २४ जीबी स्टोरेज क्षमता भएको मेमोरी कार्ड सार्वजनिक गरेका छन् । उक्त मेमोरी कार्डले पर्याप्त पर्फमेन्स दिन्छ र यसमा फोरके भिडियो पनि रेकर्ड गर्न सकिन्छ । स्यानडिस्कको मेमोरी कार्डले १ सय ६० एमबीपीएसको रिड स्पिड र ९० एमबीपीएसको राइट स्पिड तथा माइक्रोनको मेमोरी कार्डले १ सय एमबीपीएसको रिड स्पिड र ९५ एमबीपीएसको राइट स्पिड दिने दाबी गरिएको छ । स्यानडिस्कको मेमोरी कार्डको अन्तर्राष्ट्रिय बजार मूल्य ४ सय ५० डलर छ भने माइक्रोनको मेमोरी कार्डको मूल्य भने सार्वजनिक गरिएको छैन ।

# घेरैलाई रूवाएको छ हङकङ आईडीले

अनोज रोक्का

> "हङकङमा स्थायी रूपमा सात वर्ष बसेपछि यहाँको सिटिजनसीप (आईडी कार्ड) प्राप्त हुन्छ, यही आईडीको बेचबिखनमा लिप्त गिरोहकै कारण कतिले घरबार बिगारेका छन् भने कतिले भएभरको सम्पत्ति रित्याएका छन् ।"


तिमीलाई हङकङ पुऱ्यायो आईडी कार्डैले, मलाई घाइते बनायो तिम्रै आईडीले....' लगभग एक दशकअघि सिर्जित यो गीतको भाव आज पनि उत्तिकै वास्तविक लाग्छ । हङकङप्रतिको मोहकै कारण धेरैको सम्पत्ति मात्र होइन, निःस्वार्थ माया गर्ने हजारौं मन तोडिएको छ । के पैसाले प्रेम किन्न सकिन्छ ? सबैको उत्तर सकिँदैन भन्ने नै आउँछ तर जीवन र प्रेमका अनेक मोडमा पैसा कतै न कतै आवश्यकता बनेर आइदिन्छ । हङकङ र आईडी नङ र मासुको सम्बन्ध भएका निर्जीव वस्तु हुन्, जसले चीनको स्वशासित क्षेत्र हङकङमा बसोबासका लागि अनुमति प्रदान गर्छ । आईडीको प्राप्तिसँगै नागरिकसरह सेवा-सुविधाका साथै आकर्षक कमाइ नै हङकङको प्रमुख आकर्षण हो ।

विभिन्न देशका मानिसहरूको व्यापार-व्यवसायको हब भएकाले पनि सम्भावना प्रचुर भएको देश हो– हङकङ । यदि आफूमा क्षमता, लगाव, सीप र लगानी गर्ने पुँजी छ भने हङकङ एउटा उत्कृष्ट गन्तव्य हुन सक्छ । बैंकिङ सिस्टम र पर्यटकीय दृष्टिकोणले गर्दा पनि हङकङमा व्यापारका लागि प्रचुर मात्रामा विदेशी लगानी भित्रिन्छ ।

हङकङमा स्थायी रूपमा सात वर्ष बसेपछि यहाँको सिटिजनसीप (आईडी कार्ड) प्राप्त हुन्छ, यही आईडीको बेचबिखनमा लिप्त गिरोहकै कारण कतिले घरबार बिगारेका छन् भने कतिले भएभरको सम्पत्ति रित्याएका छन् ।

- मलाई हङकङ लान्छु भनेपछि लाखौं रुपैयाँ एडभान्स दिएँ तर अहिलेसम्म लगेको छैन, मलाई जस्तै धेरैलाई हङकङ लान्छु भन्दै पैसा कुम्ल्याएको रहेछ अहिले सम्पर्कमा छैन ।
- डिपेन्डेन्सी दिन्छु भन्दै हङकङ ल्यायो, सबै पैसा पनि अगाडी नै दिएँ, अहिले भिसा थप्ने बेलामा फेरि पैसा माग्छ ।
- नक्कली विवाह गरेकै कारण श्रीमान् दुःखी हुनुभयो । सात वर्ष हङकङमा आईडीका लागि दुःख गरें, तर अन्त्यमा छोराछोरी-श्रीमान् कोही आफ्ना भएनन् ।
- हङकङ लान्छु, आईडी दिलाउँछु भन्दै झूटो प्रेम गऱ्यो, मेरो इज्जत पनि गुम्यो अब कसरी समाजसामु मुख देखाउनु ?

यस्ता आवाज यत्रतत्र सुनिन्छन्, कति बाहिर आउँछन्, कति भित्रै दबिन्छन् । यी त भए प्रतिनिधि पात्र मात्र । आईडी पाउनकै लागि विवाह गरिन्छ, सिउँदोमा सिन्दूर हालेर, प्रेमी बनेर मीठा-मीठा कुराकानीका म्यासेजहरू लेखिन्छन्, फोटोहरू खिचिन्छन् तर सबै नक्कली ।




सरकारसामु देखाइएको नक्कली प्रेम कागजी रूपमा सक्कली बनिदिन्छ, अन्त्यमा मानिसले पाउँछ फगत हङकङ बस्ने अनुमति । पैसा र सम्पन्नताका लागि आफ्नो मान्छे कागजी रूपमा अरूकै बनिदिँदा पक्कै पनि मन दुख्छ ।

हङकङमा नक्कली विवाह गरिएको सम्बन्धमा थुप्रै समाचार आए, धेरैले सामाजिक सञ्जालमा सचेतनाका लागि त्यसलाई सेयर गरे । समाचारमा सम्प्रेषण गरिएका शब्दले सबैको मन पोल्छ । गलत काममा आफ्नो समुदाय मुछिएको प्रति धेरैले चासो र चिन्ता व्यक्त गर्छन् ।

किन लाखौं, करोडौं खर्च गरेर हङकङ आउन चाहन्छन् नेपालीहरू ? अत्याधुनिक सहर, स्वतन्त्रता र विदेशको रंगीन सपना सबैको मनमा हुन्छ ।

तपाईं नक्कली सम्बन्धमा मजबुत प्रमाणपत्र बोकेर हङकङ आउनुहुन्छ, सबै समयअनुसार राम्रै भयो भने त्यो तपाईंको भाग्य तर तपाईंको नक्कली प्रेम र विवाह सबैका सामु नक्कली सवित भयो भने ? तपाईंले जसका लागि यति टाढा आउने सपना सजाउनुभएको छ, उनको मनमा तपाईंप्रति घृणा पलायो भने ?

बिट्रिस साम्राज्यबाट विकसित हङकङ चीनको स्वाशासित क्षेत्रका रूपमा मुस्कुराउने क्रममा अनेकन परिवर्तन आए, सँगै नेपाली सपना र आईडीको मोह पनि ।

लाहुरेको सहर भनेर चिनिने हङकङको आफ्नै गौरवमयय इतिहास छ । वीर गोर्खालीको साखलाई अझै पनि मर्न दिएका छैनन् हङकङका केही नेपालीहरूले । सुरक्षाका रूपमा बलिष्ठ र कर्मनिष्ठ मात्र नभएर व्यापार, व्यवसाय र शिक्षाको क्षेत्रमा समेत अब्बल रूपमा आफुलाई अग्रसर बनाइरहेका छन् नेपालीहरूले यहाँ । यहीं जन्मिई-हुर्किएका नेपाली युवाहरूको सफलताबाट सिंगो देशले नै गौरव गर्न सक्ने स्थिति विकसित हुँदैछ ।




# क्रिकेट छोडेर विदेश....

पृष्ठ ५ बाट

**थाइल्यान्डसँग खेल्नुभन्दा अघिको योजना कस्तो थियो ?**

हामीले सुरुमा ब्याटिङ गर्ने सोचेका थियौं, तर टस हारेपछि बाध्य भएर बलिङ गर्नुपर्‍यो । बलिङ गर्दा पनि हामीले विपक्षी टिमलाई १ सय रनभित्रै अल आउट गर्ने लक्ष्य बनाएका थियौं । ब्याटिङमा हामी बलियो नै थियौं । हाम्रो मुख्य योजना सजिलैसँग रन बनाउन नदिने तथा विपक्षी टिमलाई मानसिक दबाबमा राख्ने थियो । हामीले खेल्नु अघि यस्तै स-साना कुराको योजना बनाएका थियौं ।

**खेल सुरु हुनुअघि चेन्जिङ रुमको वातावरण कस्तो थियो ?**

केटीहरू पूरै जोसमा थिए, किनभने त्यसभन्दा पहिलेको म्याचमा हामीले हार बेहोरेका थियौं । त्यसैले यो पटकचाहिँ थाइल्यान्डलाई हराउँछौं भन्ने संकल्प गरेका थियौं । मैदानमा पनि त्यो जोस देखिन्थ्यो । अर्को कुरा, उनीहरू मात्र कति च्याम्पियन हुन्छन्, यसपटक त हामी नै च्याम्पियन हुनुपर्छ भन्ने थियो । तैपनि उनीहरू हामीभन्दा १० प्रतिशतले अब्बल देखिए । त्यसैले हामीले यस्ता खालको प्रतियोगिता जित्न अझै पनि शारीरिक एवं मानसिक रूपमा थप मेहनत गर्नैपर्छ ।

**जित र हारलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

अहिले हामीले जुन नतिजा हात पारेका छौं, त्यो एक किसिमले भन्ने हो भने जित नै हो । किनभने हामीले २ वर्षको अन्तरालपछि खेल्दा पनि प्रतियोगिताको उपविजेता हुनु भनेको जित मात्र होइन, गर्वकै कुरा हो । यो प्रतियोगितामा मैले ह्याट्रिक पनि गरें । नेरी थापाले एउटै खेलमा ६ विकेट लिने कीर्तिमान बनाइन् । सीता रानामगरलाई प्लेयर अफ द टुर्नामेन्ट घोषणा गरियो । हामीले अर्को चरणका लागि योग्यता हासिल गर्न नसके पनि अहिलेका लागि हामीले प्राप्त गरेको नतिजालाई सन्तोषजनक नै मान्नुपर्छ ।

**व्यक्तिगत रूपमा तपाईंको प्रदर्शन कस्तो रह्यो ?**

पूरा प्रतियोगितामा मैले आफूले सोचेजस्तो राम्रो खेल्न सकिनँ । बाहिरबाट हेर्दा रन बन्यो, विकेट लियो भन्ने होला, तर व्यक्तिगत रूपमा चाहिँ मैले त्योभन्दा राम्रो गर्न सक्थें । दुईवटा खेलमा मैले आफ्नो विकेट लापरबाहीकै कारणले गुमाएकी थिएँ । केही खेलमा बलिङ पनि राम्रो गर्न सकिनँ । जे होस्, पूरा प्रतियोगितामा मैले जति गर्न सकें त्योभन्दा अझ राम्रो गर्न सक्थें भन्ने कुरा अहिले पनि मेरो मनमा खेलिरहन्छ ।

**प्रतियोगितामा सबैभन्दा सहज अनि सबैभन्दा गाह्रो टिम कुन थियो ?**

हामीले युनाइटेड अरब इमिरेट्स, मलेसिया र कुवेतसँग सहजै खेल्यौं । चीनसँग खेल्दा ब्याटिङमा ठूलो कमजोरी देखिएपछि हामी ७७ रनमै खुम्चियौं । चीनजस्तो टिमसँग त्यति कम स्कोरमा हाम्रो इनिङ सकियो भन्ने कुरा अहिले पनि पत्याउन गाह्रो हुन्छ । पूरा प्रतियोगितामा हामीलाई गाह्रो भएको भनेको थाइल्यान्डसँग नै हो । अरू टिमसँग त खासै गाह्रो भएन ।

**छनोट खेलमा प्रत्येक टिमसँग प्रतिस्पर्धा गर्दा अलग-अलग रणनीति बनाइएको थियो ?**

हामीले एकैपटक जित्ने योजना बनाएका थिएनौं । प्रत्येक टिमसँग छुट्टाछुट्टै रणनीति बनाएर खेलेका थियौं । मुख्य कुरा, हामीले राम्रो रन रेटसहित खेल्ने रणनीति बनाएका थियौं । हामीले कमजोर टिमविरुद्ध धेरै रन बनाउने तथा विपक्षी टिमलाई थोरै रनमा समेट्ने योजना बनाएका थियौं । हार-जित जे भए पनि रनरेट आफ्नो पक्षमा राखेर खेलेका थियौं । प्रतियोगितामा पनि मुख्य प्रतिस्पर्धी नेपाल, युनाइटेड अरब इमिरेट्स र थाइल्यान्डलाई नै मानिएको थियो । अन्तिम नतिजा पनि त्यसै अनुरूप आयो ।

**नेपालका लागि निर्णायक मानिएको थाइल्यान्ड र युनाइटेड अरब इमिरेट्सबीच खेल भैरहँदा तपाईंहरू के सोचिरहनुभएको थियो ?**

थाइल्यान्ड बलियो छ भन्ने हामीलाई थाहा थियो । थाइल्यान्डले युनाइटेड अरब इमिरेट्सलाई हराउँछ भन्ने कुरामा म ढुक्क थिएँ । किनभने प्रतियोगितामा सहभागी टिममध्ये थाइल्यान्डलाई हराउन सक्ने क्षमता नेपालसँग मात्र थियो । त्यसैले युनाइटेड अरब इमिरेट्सले थाइल्यान्डलाई हराउला र हामी माथि पुगौंला भन्ने कुरा हामीले सोचेका पनि थिएनौं ।

**नेपाली महिला क्रिकेटका लागि क्यान अथवा राज्यले के-कस्तो सेवा सुविधा प्रदान गरिरहेको छ ?**

केही पनि छैन । हामीलाई मासिक तलबसमेत उपलब्ध गराइँदैन । क्यानसँग हाम्रो सम्बन्ध पानी बाराबार जस्तै छ । उता राष्ट्रिय खेलकुद परिषदले महिला क्रिकेटका लागि भनेर कम्तीमा प्रधानमन्त्री कप सञ्चालन गर्दै आएको छ । भलै त्यसको व्यवस्थापकिय त्रुटि गनिसाध्य छैन । राष्ट्रिय खेलकुद परिषद्ले नेपाली महिला क्रिकेट टिमका सदस्यहरूका लागि मासिक तलब तोक्ने कुरा उठाएको छ, त्यसले हामीलाई केही खुसी बनाएको छ । त्यसबाहेक राज्य वा क्यानका तर्फबाट हाम्रा लागि खासै कुनै काम भएको छैन ।

**नेपालमा महिला क्रिकेटको विकासका लागि राज्यले के गरिदियोस् भन्ने लाग्छ ?**

हामी निर्धक्कसँग क्रिकेटमा लाग्न सरकारले हाम्रो जीविकोपार्जन हुने तलबको व्यवस्था गर्नुपर्छ । व्यवसायिक क्षेत्रले पनि पुरुष खेलाडीहरूमा मात्र लगानी गरेको देखिन्छ । हामीलाई चाहिँ किन नहेरेको होला भन्ने लाग्छ । हामीले पनि केही कीर्तिमान राखेका छौं, आफ्नो स्तरअनुसार प्रदर्शन गरेका छौं । महिला क्रिकेटमा देखिएका उपलब्धिको सबैले सम्मान गर्न सक्नुपर्छ ।

**तपाईंको दैनिकी कसरी चलिरहेको छ ?**

यो सन्दर्भमा म आफूलाई भाग्यमानी मान्छु, किनभने मलाई परिवारबाट ठूलो आडभरोसा प्राप्त छ । मेरो घरमा मैले खासै केही गर्नु पर्दैन । मैले जे भन्यो त्यो मलाई प्राप्त हुन्छ । मैले क्रिकेटमै जीवन बिताउँछु भने पनि मलाई थुनछेक हुनेछैन, तर मैले कहिलेसम्म परिवारको आड-भरोसा लिने ?

**क्रिकेटका अतिरिक्त के गर्नुहुन्छ ?**

केही पनि गर्दिनँ । म कुनै काम भएन भने घरमै बस्छु । अभ्यास गर्न जान्छु । अर्को कुरा, मलाई घरबाट कुनै काम गर्न कर छैन । ममा क्रिकेटबाहेक अरू कुनै क्षेत्रको ज्ञान पनि छैन । मेरो पढाइ पनि त्यति राम्रो छैन ।

**पढाइ अघि बढ्न नसक्नुको कारण ?**

क्रिकेट भनेर हिँडेकै कारणले मेरो पढाइ बिग्रियो । म कक्षा १२ बल्ल-बल्ल उत्तीर्ण गरेर स्नातक तहमा भर्ना भएँ । स्नातकको दोस्रो वर्षमा थिएँ, त्यही बेला क्रिकेट खेल्न जानुपर्ने भयो । परीक्षा दिन पाइनँ । म क्रिकेट छाडेर परीक्षा दिन चाहन्नथें । मलाई परीक्षाभन्दा क्रिकेट प्यारो लाग्यो । यसरी क्रिकेटमै लाग्दा चार वर्षजति पढाइ छाडें, त्यसपछि पढ्ने मन लागेन ।

**अन्तर्राष्ट्रिय खेलको नेतृत्व गर्दा तपाईंले देशको नेतृत्व गर्नुहुन्छ । हरेक खेलमा टिमको जित-हारभन्दा पनि देशको जित-हारले ठूलो अर्थ राख्छ । यस्तो मानसिक दबाबलाई कसरी ऊर्जामा बदल्नुहुन्छ ?**

दबाब त भैहाल्छ । देशलाई प्रतिनिधित्व गरेर हिँड्दा आफैंमा दबाब सिर्जना भैरहेको हुन्छ । हामीले अलिकति पनि लापरबाही गर्नु भनेको देशलाई नै हानि पुर्‍याउनु हो । एउटा नेतृत्वकर्ता भएपछि आफैंले दबाब महसुस गर्नुपर्‍यो भने बाँकी टिमले त केही पनि गर्न सक्दैन । त्यसैले म हरेक खेलमा देशलाई काँधमा बोकेर हिँडेको छु भन्ने संकल्प गरेर मैदानमा प्रवेश गर्छु । म कुनै दबाबमा खेल्दिनँ । कुनै पनि खेलाडीले बिना दबाब आफ्नो खेल प्रदर्शन गर्नुपर्छ । त्यसैले म जुनसुकै प्रतियोगितामा पनि ऊर्जाशील रूपमा प्रस्तुत हुन्छु ।

**कुनै बेला क्रिकेट छाड्ने सोचमा हुनुहुन्थ्यो होइन ?**

हामीले पनि एउटा स्तर कायम गर्नुपर्छ । त्यसका लागि पैसाकै कुरा आउँछ । क्रिकेट खेलेर सम्मानजनक जीवनयापन हुन नसक्ने देखेपछि कुनै बेला मैले अष्ट्रेलिया वा युनाइटेड अरब इमिरेट्स जाने तयारी गरेकी थिएँ । अहिले हामीले जुन सफलता हासिल गरेका छौं, त्यसले अहिले मेरो मनबाट विदेश पलायन हुने कुरा हटेको छ । यति सफलता हासिल गर्दा पनि सम्बन्धित निकायले महिला क्रिकेटमा ध्यान दिन सकेन भने हाम्रा लागि बिदेसिनुको विकल्प हुने छैन ।

**थाइल्यान्डमा दोस्रो स्थान हासिल गरेर फर्कंदा स्वागतका लागि विमानस्थलमा खेलकुदका कुनै पनि अधिकारी नपुगेको देख्दा कस्तो लाग्यो ?**

एकदमै निराश भएँ । मलाई त एयरपोर्टमै रुन मन लागेको थियो । हामीलाई रेड कार्पेट, खादा, फूलमाला केही पनि चाहिएको थिएन । हामीलाई खेलकुदका एक-दुई जना पदाधिकारी आएर राम्रो खेल्नुभयो भनेर स्याबासी दिएको भए पनि त्यही कुरा ठूलो हुन्थ्यो, तर एयरपोर्टमा कसैलाई पनि नदेख्दा अलिकति पलाएको आशा पनि निराशामा परिणत भयो ।

**फुर्सदको समय कसरी बिताउनुहुन्छ ?**

फुर्सदको समय पनि खेलेरै बिताउँछु । म क्रिकेटका अतिरिक्त भलिबल तथा टेबलटेनिस पनि खेल्छु । गीत सुन्छु, घरमै बस्छु ।

**क्रिकेटमा तपाईंको आइडल ?**

पारस खड्का ।

**आफ्नो सुन्दरता कायम राख्न के गर्नुहुन्छ ?**

म फिट रहन रुचाउँछु । अनुहार राम्रो देखाउन खासै केही गर्दिनँ । ब्युटिपार्लर जान मन लाग्दैन । शरीरलाई फिट राख्न व्यायाम भने गर्छु । नियमित जिम जान्छु, सन्तुलित आहारामा ध्यान दिन्छु ।

**कस्तो फेसन रुचाउनुहुन्छ ?**

साधारण ।

**चलचित्र कतिको हेर्नुहुन्छ ?**

ठीक-ठीकै हेर्छु । पछिल्लो समय प्रदर्शनमा आएका चलचित्र नबिराई हेरिरहेकी छु ।

**पहिलो पटक हेरेको चलचित्र ?**

दर्पण छायाँ ।

**कस्ता चलचित्र मन पर्छन् ?**

मलाई लभ स्टोरी र कमेडी चलचित्र मन पर्छन् । अनमोल केसीको चलचित्र नबिराई हेर्छु । केही समयअघि कृ हेरेको थिएँ, अहिले क्याप्टेन हेर्ने सोचमा छु । त्यसबाहेक छक्कापञ्जा, जय भोले, लिलिबिली आदि चलचित्र पनि हेरेकी थिएँ ।

**तपाईं अनमोल केसीको फ्यान हो ?**

हो, म अनमोल केसीकी फ्यान हुँ ।

**पुस्तक पढ्ने बानी छ ?**

छैन ।

**प्रेमप्रस्ताव कतिको आउँछन् ?**

प्रेम प्रस्तावको त ताँती नै लागेको छ, तर मलाई अफेयरमा रहन मन छैन । अर्को कुरा म अहिले करियर बनाउन लागेकीले पनि त्यततार्फ ध्यान दिएकी छैन, म त एकैपटक मागी विवाह गर्छु ।

**कहिले गर्ने त ?**

अबको दुई वर्षमा विवाह गर्ने सोच छ । ज्वाइँ खोज्ने जिम्मा आमालाई लगाएकी छु ।




तस्विर : महेश प्रधान

सन्दर्भ : अन्तर्राष्ट्रिय नारी दिवस

# के नेपालमा नारीको सम्मान भएको छ ?



नेपालमा मात्र होइन, अहिले संसारभर नै नारीको सम्मान बढ्दै गएजस्तो लाग्छ, किनभने प्राय:जसो ठाउँमा उनीहरूकै हुकुम चलिरहेको छ ।

**दिलीप रायामाझी, अभिनेता**

नेपालमा नारीको सम्मान भएकै छ । नेपाल आमा नाम नै काफी छ । नारीले आफूलाई सम्मान गर भन्ने होइन । पहिले आफू सम्मान योग्य हुने हो । म पुरुष जस्तो हो, पुरुषले जे गर्छ म पनि त्यही गर्छु भन्ने होइन । आफ्नो क्षमता एवं आफ्नो प्रतिभाका बलमा अलग पहिचान स्थापित गर्नु जरुरी छ ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

अरूले कति सम्मान दिए भन्दा पनि महिला आफैं सक्षम र सबल भएपछि सम्मान र माया पाइन्छ ।

**दीपाश्री निरौला, अभिनेत्री तथा निर्देशक**

अत्यन्तै सम्मान छ, धेरै सम्मान पाउनेले अधिकार गुमाउँछ भन्छन् । सायद त्यसैले होला नारीको सम्मान छ, तर बराबर अधिकार पाएजस्तो लाग्दैन । मेरो विचारमा समान अधिकार प्रदान गर्ने हो भने सम्मान आफैं जोडिएर आउँछ ।

**राधिका हमाल, गायिका**

नारी-पुरुष एउटै रथका दुई पाङ्ग्रा हुन् भनिन्छ । हाम्रा बुबा-आमाको पालामा महिलाको तुलनामा पुरुषलाई नै अलि बढी जान्ने-बुझ्ने मानिन्थ्यो, तर अहिले महिलाहरू पनि सक्षम भैसकेका छन् । धेरै ठाउँमा त महिला नै अगाडि छन् । सरकारले पनि महिलाहरूलाई प्राथमिकतामा राखेको छ । यिनै विविध कारणले महिलाको सम्मान राम्रै भएजस्तो लाग्छ ।

**याम क्षेत्री, गायक**

नेपालमा नारीको सम्मान फिटिक्कै छैन, किनभने यहाँ बोली एउटा व्यवहार अर्कै छ ।

**सुशीला गौतम, गायिका**

नेपालमा अहिलेसम्म नारीको सम्मान भएजस्तो लाग्दैन । अबचाहिँ सम्मानको सुरुवात हुँदैछ ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

मानिसहरू बिस्तारै चेतनशील हुँदैछन् । नेपालमा नारीलाई सीमित रूपमा सम्मान गरिएको पाइन्छ ।

**कल्पना कुसुम, गायिका**

नेपालमा मात्र होइन, सारा संसारमा महिलाले आफ्नो अलग्गै स्थान र पहिचान बनाउने क्रम जारी छ । हाम्रो देशमा नारीलाई सम्मान गर्ने मात्र होइन, पुजिन्छ पनि । यद्यपि अझै कतिपय ठाउँमा भने परिवर्तन आउन बाँकी छ ।

**ऋचा शर्मा, अभिनेत्री**

जुन दिनदेखि यो प्रश्नको ठाउँ नारी सशक्तीकरण र विकाससम्बन्धी कुराहरूले लिन थाल्छन् र नारीलाई अरूको दृष्टिकोणबाट भन्दा पनि स्वयं नारीकै दृष्टिकोणबाट हेरिन्छ, त्यही दिनदेखि नारीको सम्मान हुन थाल्नेछ ।

**सुरक्षा पन्त, अभिनेत्री**

महसुस गर्नेहरूका लागि अलि-अलि सम्मान भएझैं लाग्छ ।

**इष्टु कार्की, रंगकर्मी**

अनेकौं देवीको उपमा दिएर दसैंमा नौ दिन सम्मान गरिन्छ । यद्यपि पोस्टरका देवीलाई पुज्ने, तर सच्चा देवीहरूलाई आर्थिक, सामाजिक एवं राजनीतिक रूपमा बलात्कार गर्ने प्रचलन छ ।

**हरिमाया भेटवाल, साहित्यकार**

समयसँगै नारीलाई हेर्ने, बुझ्ने, सोच्ने अनि व्यवहार गर्ने कुरामा परिवर्तन आएको छ, तैपनि जबसम्म स्वयं नारीले नारीलाई हेर्ने, बुझ्ने कुराका साथै सोच एवं व्यवहारमा परिवर्तन ल्याउँदैनन् तबसम्म नारीले उचित सम्मान पाउँदैनन् ।

**मिथिला शर्मा, अभिनेत्री**

समुदाय तथा क्षेत्रअनुसार फरक पर्छ । पहिलेको तुलनामा चाहिँ लैङ्गिक विभेद कम भएको छ ।

**प्रकाश सपूत, गायक**

सम्मान भएकै छ जस्तो लागेको छ, किनभने महिलाहरू हरेक क्षेत्रमा अगाडि छन् साथै सम्मानित पनि भैरहेका छन् ।

**देविका बन्दना, गायिका**

नेपालमा नारीको सम्मान कति पनि छैन । म महिलालाई विशेष सम्मान गर्नुपर्छ भन्ने धारणा पनि राख्दिनँ । महिलाहरू पनि पुरुषसरह सक्षम छन् । हरेक कार्यालयमा महिला-पुरुषको सहभागिता लगभग बराबर नै देखिन्छ, तर अझै पनि नेपाली पुरुषको मानसिकतामा महिलालाई कमजोर नै मानिने हुँदा उनीहरू पुरुष सरहको अधिकारबाट वञ्चित छन् । ग्रामीण भेगमा त अझै पनि महिला हिंसाका घटना बढ्दो क्रममा छन् । बलात्कारका घटना पनि उत्तिकै घटिरहेका छन् । सहरमा हाई क्लासका केही महिला भने सम्मानित छन्, तर समग्रमा नेपाली नारी भने अपमानित नै छन् । अरूको त कुरै छाडौं राष्ट्रपति जस्तो गरिमामय पदमा आसिन व्यक्तिलाई त विभिन्न लान्छना लगाएर अपमान गरिरहेका छन् । जबसम्म पुरुषहरूले महिलालाई आफ्नो प्रतिस्पर्धीका रूपमा लिन हिचकिचाउँछन् र महिलालाई विलासिताको साधनका रूपमा लिन्छन्, तबसम्म नारीहरू सम्मानित हुन सक्दैनन् ।

यस क्रममा महिलाले पनि म आफैं सक्षम छु भन्ने कुराका साथैसम्मान पाउन आफू कसरी प्रस्तुत हुनुपर्छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

**सुप्रिया कटुवाल, मोडल**

अरू देशको तुलनामा नेपालका नारीको कमै सम्मान भए जस्तो लाग्छ, तर पछिल्लो समय महिला अधिकारको नारा बुलन्द हुँदैछ । महिलाहरू उच्च निकायमा पुगिसकेका छन्, जसले गर्दा अबचाहिँ नारीको सम्मान होला कि भन्ने आशा जागेको छ ।

**सुमन कार्की, हास्यकलाकार**

पहिलेको तुलनामा केही हदसम्म सम्मान भएकै छ जस्तो लाग्छ ।

**अशिष्मा नकर्मी, अभिनेत्री**

प्रस्तुति : महेश तिमल्सिना



# साथीहरूका हौसलाले संगीतमा आएँ



● महेश काफ्ले, गायक

महेश तिमल्सिना

पछिल्लो समयको निकै चर्चित गीत नाच फिरिरि...का गायक हुन्- महेश काफ्ले । उनको यो गीतले अनपेक्षित सफलता हासिल गर्‍यो । उक्त गीतले युट्युबमा हालसम्म ४ करोडभन्दा बढी भ्युज पाइसकेको छ । नेपाली गीत-संगीतको इतिहासमा छोटो समयमै सबैभन्दा बढी भ्युज पाउने गीत सम्भवतः यही हो । यो गीतले यति धेरै सफलता पाउला भन्ने स्वयम् गायक काफ्लेले पनि सोंचेका थिएनन् । उनी भन्छन्, 'सफलता सपना जस्तै भएको छ ।' यद्यपि, काफ्लेका लागि भने यो सफलता पहिलो होइन । ११ वर्षको उमेरदेखि नै गीत-संगीतमा सक्रिय काफ्लेले बाल्यावस्थामै हिट गीत गाएर चर्चा कमाएका थिए । काफ्लेले पहिलो पटक 'सानीमा मार्देऊ बरु बगाइदेऊ पानीमा' गाएका थिए । त्यो गीतले निकै चर्चा कमायो । साथै, पिण्ड दिने छोरो त मै हो नि, सम्पत्ति सक्यो बाउले जुवा तासैमा, नाङ्गै छु भोकै छु लाउन खान पाऊँ आदि गीत उनले १३ वर्षको उमेरसम्म गाइसकेका थिए । यिनै गीतका कारण उनी बालगायकका रूपमा स्थापित भैसकेका थिए ।

काफ्ले गायक भोजराज काफ्लेका छोरा हुन्, उनी सानै उमेरदेखि घरको सांगीतिक वातावरणमा हुर्किए । आफूलाई त्यही माहोलले यो क्षेत्रमा तानेको काफ्ले बताउँछन् । काफ्ले भन्छन्- मेरो घरमा बुबा पनि गायक हुनुहुन्छ अनि दाइ दिनेश काफ्लेले पनि 'आमा रातो सारी चुरा पोते किन नलाको' गीत गाउनुभयो जुन निकै हिट भयो, त्यसपछि ममा पनि गीत गाउने हुटहुटी जाग्यो ।

काफ्लेका दाई दिनेश काफ्लेको स्वरको आमा रातो सारी चुरा पोते किन नलाको गीतले अपार सफलता पाए पनि दिनेश अहिले सांगीतिक क्षेत्रमा छैनन् । दाजुले गाएको गीत हिट भएपछि महेशले गीत गाउने आफ्नो इच्छा बुबा भोजराजलाई सुनाए । बाबु भोजराजले भने उनले गीत गाउन सक्छन् भन्ने कुरा पत्याएनन् । त्यसपछि महेशले आफ्नी आमालाई गुहारे । काफ्ले भन्छन्- त्यसपछि आमाले बुबालाई सम्झाइदिएपछि उहाँले गीत गाउन लगाउने भन्नुभयो ।

यही क्रममा उनको स्वरमा सानीमा मार्देउ बरु बगाइदेऊ पानीमा गीत रेकर्ड भयो, जसको भिडियोमा महेश आफैले अभिनय गरे । उक्त गीतले अपार सफलता प्राप्त गर्‍यो । त्यति बेला महेश ११ वर्षका थिए । त्यसपछि उनले क्रमैसँग ७ वटाजति गीत गाए । यहिक्रममा उनको स्वरमा परिवर्तन आयो, साथै पढाइको चाप पनि बढ्न थाल्यो । उनको ध्यान गीत-संगीतभन्दा पनि अध्ययनतर्फ लाग्यो । कक्षा १२ उत्तीर्ण गरेपछि उनले आफ्नो भविष्यको रेखा कोर्ने बाटो पहिल्याउन थाले । त्यतिबेला उनका केही साथी अस्ट्रेलिया जाने तयारी गर्दै थिए त केही सरकारी जागिरको । महेशको ध्यान पनि केही समय त्यतै तिर लाग्यो । उनले सरकारी जागिर खान नासुको फारमसमेत भरे । केही समय लोकसेवाको तयारी पनि गरे तर आफूले परीक्षा नदिएको काफ्ले बताउँछन् । उनलाई खेलकुदमा एकदमै रुचि थियो । यही क्रममा इमेज टेलिभिजनमा खेलकुद पत्रकारका लागि आवेदन खुल्यो । त्यसपछि उनले इमेज टेलिभिजनमा खेलकुद पत्रकारका रूपमा करिब ३ वर्ष काम गरे । उनको संगीतप्रतिको मोह भने मरिसकेको थिएन । उनी अलिकति फुर्सद भयो कि गीत-संगीत सुनेर समय बिताउँथे । इमेज च्यानलमा खेलकुद पत्रकारका रूपमा काम गर्न थालेपछि उनको मानिसहरूसँगको चिनजानको दायरा फराकिलो हुन थाल्यो । उनले आफ्नो परिचय दिदा सानैमा गीत गाउने महेश काफ्ले हो कि क्या हो भनेर धेरैले सोधेको काफ्ले बताउँछन् । उनी भन्छन्- मैले कतै परिचय दिंदा मैले पहिले गाएका गीत सुनेका कतिपयले मलाई चिन्नुहुँदो रहेछ । उहाँहरूले मेरो विगत कोट्याइदिनुभयो । त्यसपछि मलाई आफ्नो बाटो त अर्कै रहेछ भन्ने लाग्यो ।

### यसरी जन्मियो नाच फिरिरी...

गायक काफ्लेले कहिल्यै पनि नाच फिरिरी...ले यति सफलता पाउला भन्ने कल्पना गरेका थिएनन् । काफ्ले भन्छन्,'यो सफलताले सप्राइज छ ।' असार-साउनको महिना थियो । एक दिन महेश घरको झ्यालमा बसेर बाहिरतिर हेरिरहेको थिएँ । बिहानको ८-९ बजेको समय थियो । बाहिर सिमसिम पानी परिरहेको थियो । यही क्रममा उनको दिमागमा नाच फिरिरी भन्ने शब्द फुर्‍यो । यो शब्दले उनको मनमा वास गरिरह्यो । उनले यो शब्दलाई धेरैपटक दोहोर्‍याइरहे । यही क्रममा हावा चल्यो सिरिरी शब्द जन्मियो । उनलाई राम्रो गीत बन्ला जस्तो लाग्न थाल्यो । उनले अरु शब्द पनि सोंच्दै जान थाले । विस्तारै एउटा पूर्ण गीत तयार भयो । काफ्ले शब्द कोर्दा संगीतको पाटोलाई पनि त्यत्तिकै ध्यान दिएर संगीत निर्माण गर्दै जान्छन् । जसले गर्दा शब्द र संगीत सँगसँगै उत्पन्न भएको काफ्ले बताउँछन् । काफ्ले भन्छन्- नाच फिरिरी गीतको शब्द यति सजिलो सँग फुर्‍यो कि म आफैं आश्चर्यचकित छु, म त भन्छु यो गीत मलाई सरस्वती माताले वरदान दिनुभएको हो ।

# सिजन्स ब्यान्डको कमब्याक



कुनै बेला सांगीतिक क्षेत्रमा राम्रो प्रभाव जमाउन सफल हेटौंडाका संगीतकर्मीहरूकोसमूह 'सिजन्स ब्यान्ड' लामो समयपछि दर्शक तथा श्रोतामाझ फर्किएको छ । २०६१ सालमा आफ्नो तेस्रो एल्बम 'सात तियाँ एक्काइस' मार्फत श्रोतामाझ आएको यो समूह १४ वर्षपछि चौथो एकल एल्बममार्फत पुनः सांगीतिक क्षेत्रमा सक्रिय हुने तयारी गर्दैछ । समूहले चौथो एकल एल्बम 'सिजन्स द न्यू बिगिनिङ' मार्फत श्रोतामाझ आउने तयारी गरेको हो ।

सिजन्स ब्यान्डमा ६ जना संगीतकर्मी सक्रिय छन् । चलचित्रको पार्श्व गायन तथा पृष्ठभूमि संगीत निर्माण व्यस्त संगीतकर्मी सुजिल कर्माचार्य सिजन्स ब्यान्डका लोकप्रिय अनुहार हुन् । सुजिल यो समूहमा गायन तथा लिड गिटारिस्टका रूपमा आवद्ध छन् । समूहका अर्को सदस्य हुन्– ज्ञानेन्द्र प्रधान । उनी पनि गायन र रिदममा आवद्ध छन् । अर्को सदस्य चन्द्र लामा समूहका गायक तथा ड्रमर हुन् । चलचित्रका गीतमा संगीत संयोजन तथा पृष्ठभूमि संगीत उत्पादनमा सक्रिय संगीतकर्मी शैलेन्द्र प्रधान सिजन्सका किबोर्डिष्ट हुन् । संगीतकर्मी सञ्जय श्रेष्ठले बास गिटारिष्टको जिम्मेवारी सम्हालेका छन् । उपेन्द्र श्रेष्ठ भने ब्यान्डका व्यवस्थापक हुन् । विगतमा सिजन्स ब्यान्डले सुनेको कुरा, असार-साउन, रातो माटो, असफल जिन्दगी, सपना मात्र आदि लोकप्रिय गीत दिइसकेको छ ।

समूहले २०५६ सालमा पहिलो एल्बम 'ख्यालख्यालैमा' तथा २०५८ सालमा दोस्रो एल्बम 'सिजन्स' सार्वजनिक गरेको थियो । सिजन अर्थात् ऋतु । समूहले आफ्ना सिर्जनालाई ऋतुझैं परिवर्तनशील बनाउने अवधारणा बनाएको छ । संगीत सिर्जनामा समेत परिवर्तनशील रहने योजना अनुरुप स्थापना भएको सिजन्स ब्यान्डले करिब डेढ दशकपछिको पुनरागमनका लागि आध्यात्मिकसँगै संगीतका विविध शैली अनुसरण गर्ने लक्ष्य लिएको छ ।

यसबीच, ब्यान्डले शिवरात्रिको पूर्वसन्ध्या पारेर गत शनिवार मात्र चौथो एल्बमको पहिलो गीत 'भन्छन् नारायण...' को म्युजिक भिडियो सार्वजनिक गरेको छ । स्टेरियो रेकर्ड्सका म्यानेजर नीरज श्रेष्ठका अनुसार सिजन्स ब्यान्ड निकट भविष्यमै लाइभ कन्सर्टमार्फत समेत दर्शकमाझ आउने तयारी गरिरहेको छ ।

# अब जिनियस म्युजिक एवार्ड




जिनियस म्युजिकले आफ्नो स्थापनाको दस वर्ष पूरा भएको अवसर पारेर पहिलो पटक जिनियस म्युजिक एवार्ड आयोजना गर्ने भएको छ । दसौं वार्षिकोत्सवका अवसरमा कम्पनीले नेपाली गीत-संगीतका लोकप्रिय स्रष्टाहरूलाई 'जिनियस म्युजिक एवार्ड-२०७५' द्वारा पुरस्कृत तथा सम्मान गर्न लागेको हो । कम्पनीले उक्त एवार्डका लागि आवेदन फारम खुला भएको जानकारी गराएको छ । कम्पनीका प्रबन्ध निर्देशक रमेश पाठकका अनुसार २०७५ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म सार्वजनिक भएका नेपाली गीत-संगीतले यो एवार्डमा आवदेन दिन सक्नेछन् । २०७६ साल जेठ ११ गते शनिवार जमलस्थित राष्ट्रिय नाचघरमा यो एवार्ड वितरण हुने कुरा बताइएको छ ।

पहिलो पटक आयोजना हुन लागेको यो एवार्डमा विभिन्न ४१ विधामा संगीतकर्मीहरूलाई पुरस्कृत गरिनेछ । एवार्डमा राष्ट्रिय भावनाको गीत (सर्वोत्कृष्ट गीतकार, संगीतकार, गायक तथा गायिका), चलचित्र गीत (सर्वोत्कृष्ट गीतकार, संगीतकार, संगीत संयोजक, गायक र गायिका), लोक तथा दोहोरी (सर्वोत्कृष्ट शब्द, लय, संगीत संयोजक, गायक, गायिका, भिडियो छायांकार, भिडियो सम्पादक, निर्देशक, मोडल, नव मोडल) तामाङ गीत (सर्वोत्कृष्ट गीतकार, संगीतकार, संगीत संयोजक, गायक र गायिका), पप तथा आधुनिक (सर्वोत्कृष्ट गीतकार, संगीतकार, संगीत संयोजक, गायक, गायिका, युगल तथा समुह गायन, रेकर्डिष्ट, ध्वनि मुद्रण, नवगायक, नव गायिका, भिडियो छायांकार, भिडियो सम्पादक, निर्देशक, मोडल, नव मोडल), चाडपर्व विशेष गीत (सर्वोत्कृष्ट तीज गीत गायिका, तीज गीत नवगायिका, सर्वोत्कृष्ट दसैं गीत, सर्वोत्कृष्ट देउसी-भैलो गीत), सर्वोत्कृष्ट बालगीत, सर्वोत्कृष्ट म्युजिक कम्पनि तथा सर्वोत्कृष्ट पब्लिक च्वाइस एवार्ड विधा छुट्याइएको छ ।

मेरो सेक्रेट

# 'ए होइ, ए होइ' भनेर बोलाउँदा दंग पर्छु



• कमलमणि नेपाल, अभिनेता

अघिल्लो साता प्रसारणको २ सय भाग पूरा गरेको हास्य श्रृंखला भद्रगोल टेलिभिजन तथा युट्युब दुवैमा निकै लोकप्रिय छ । यो श्रृंखलाका अधिकांश कलाकार दर्शकमाझ भिजेका छन् । तिनै पात्रमध्ये एक हुन्– खुपीका बा । श्रृंखलाको पहिलो भागदेखि नै उक्त चरित्र निर्वाह गर्दै आएका कमलमणि नेपाल रंगमञ्चमार्फत अभिनय क्षेत्रमा आएका हुन् । बाहुनी, मोरङका यी स्थायी बासिन्दाले केही दर्जन नाटकमा अभिनय गरेका छन् भने थुप्रै चलचित्रमा फरक-फरक भूमिका निर्वाह गरेका छन् । चलचित्र धन्दामार्फत रजतपटमा आएका नेपालले यो अवधिमा लोफर, अन्तराल, कबड्डी, कबड्डी-कबड्डी, जात्रा, मिस्टर झोले, लालपुर्जा, चंगा, बादशाह जुट, मेरो पैसा खै, मिस्टर भर्जिन, माछा माछा तथा हिन्दी चलचित्र इन्डियाज मोस्ट वान्टेडमा अभिनय गरिसकेका छन् । अभिनयका सबै विधामा काम गरिसकेका नेपालले साप्ताहिकमार्फत आफ्ना केही सेक्रेट कुरा यसरी व्यक्त गरे :

### दाऱ्ही

मेरो गालाको झ्पाप्प दाऱ्हीको आफ्नै विशेषता छ । मलाई अभिनयको प्रस्ताव राख्ने अधिकांश निर्देशकले सबैभन्दा पहिले मेरो दाऱ्हीको आकार नै वाच गर्छन् । कसैलाई अलि लामो दाऱ्ही चाहिन्छ, कसैलाई अलि छोटो । त्यही बाध्यताका कारण मैले आफ्नो गाला चिल्लो बनाउने मौका विरलै पाउँछु । अर्को शब्दमा भन्नुपर्दा दाऱ्ही मेरो पहिचान जस्तै भैसकेको छ ।

### विपिन कार्की

अभिनेता विपिन कार्की मेरा छिमेकी हुन् । उनका दाइ अर्जुन कार्की र म अभिनय गर्ने हिसाबले गाउँ (बाहुनी) बाट सँगै काठमाडौं छिरेका थियौं । काठमाडौं आएर म रंगमञ्चतर्फ आकर्षित भएँ भने अर्जुनचाहिं चलचित्रतर्फ गए । म गुरुकुलमा आबद्ध भएपछि बिपिन पनि काठमाडौं आए । मेरै संगतमा उनी गुरुकुल आउन-जान थालेपछि उनको अभिनय यात्राले गति लिन थालेको हो ।

### बजार व्यवस्थापक

२०५६-५७ सालताका काठमाडौं आएपछि खान-बस्नकै समस्या थियो । त्यसका लागि जागिर खानै पर्ने बाध्यता भयो । मैले जीवनमा पहिलो पटक खाएको जागिर नै बजार व्यवस्थापकको थियो । त्यति बेला झन्डै दुई वर्ष म कान्तिपुर फाइनान्सको बजार व्यवस्थापकका रूपमा काम गर्दै काठमाडौंका कुना-काप्चा चहारेको थिएँ ।

### खुपीका बा

भद्रगोल श्रृंखलामा मेरो चरित्रको नाम पहिले ए होइ, ए होइ थियो । पूर्वतिर बोलीचालीको भाषामा ए होइ, ए होइ के त भन्दा आखिरमा त्यही...भन्ने चलन छ । मैले निर्वाह गर्ने चरित्रले ए होइ ए होइ भन्ने थेगो बोल्नुपर्ने थियो । पात्रको नामचाहिं खुपीका बा थियो । रमाइलो कुरा के रह्यो भने झापाको गौरादहमा वास्तविक जीवनमै खुप्पी र खुपीका बा भन्ने व्यक्ति रहेछन् । केही साताअघि मात्र मैले उहाँहरूसँग भेट्ने मौका पाएँ ।

### ढकनी

मानिसहरू प्रायः कुनै न कुनै परिकारका पारखी हुन्छन् । मेरा लागि भने दूधबाट तयार पारिने परिकार ढकनी असाध्यै प्रिय छ । तीजको दरमा यो परिकार छुट्दैन । म ढकनी भनेपछि हुरुक्क हुन्छु र पेटले मागुन्जेल यो परिकार खाइरहन सक्छु ।

### साँच्चिकै बुवा

मलाई अधिकांश दर्शकले अविवाहित मान्नुहुन्छ । वास्तवमा मेरो विवाह भएको १२ वर्ष भैसकेको छ । मेरा ११ वर्षका छोरा र ६ वर्षकी छोरी छिन् । अहिले मेरी छोरीलाई छरछिमेकमा खुपी भनेर जिस्क्याउँदा रहेछन् । मलाई त खुपीका बुवा भनेर बोलाएको सुन्ने बानी नै परिसकेको छ ।

### शिक्षक

म अभिनयसँगै अध्यापनमा पनि सक्रिय छु । बुद्धनगरस्थित ओलम्पिया वर्ल्ड स्कुलमा म विगत ६ वर्षदेखि नाटक नै अध्यापन गराउँछु । हप्तामा ६ वटा कक्षा लिइरहेको छु । विद्यार्थीहरूलाई नाटक पढाउन पाउँदा आत्मसन्तुष्टि मिल्छ ।

प्रस्तुति : कृष्ण भट्टराई

सुटिङ

# गिलुङमा खोजिँदै 'मि न्होंर्बे ट'

घुमाउने घरको आँगन । एक हूल मानिस जम्मा भएका छन् जो पुरानो भकारीले छाएको छाप्रोमुनी घाटु गुरु गीत गाउँदैछन् । गीति लय र मादलको तालमा ६ जना घाटुसरी कम्मर मर्काएर घाटु नाचिरहेका छन् । गुरुसंग भेडीगोठाले घाटु गीत गाउँदै र सिक्दैछन् । सानैदेखिका साथी तर, विवाह भएर गएपनि सम्बन्ध-विच्छेद भैसकेकी घाटुसरी उनको नजिकै आएर नाच्दा गोठालेलाई केही असहज लाग्छ । गुरुङ संस्कृतिमा आधारित मौखिक गीतिकाव्य घाटु गीतमा घाटुसरी 'यम्फावती' हुन् । घाटुको अध्ययनका लागि गाउँ आएर मञ्चमा बसेका पूर्वप्राज्ञ इन्द्रबहादुर गुरुङ, उनकी पत्नी काशीपिरी गुरुङका साथै राजकुमार गुरुङ, गल गुरुङ (दीपु), उर्च्यो गुरुङ आदिले घाटुसरी ज्योतिमायालाई रानी यम्फावतीका रूपमा सम्मान गर्छन् । उनले लगाएको लावा (धान भुटेर सिन्कामा उनेर बनाइएको मुकुट) टाउकोबाट झिक्दै मौलिक 'क्राउन' लगाइदिएर उनलाई रानी बनाइन्छ ।

घाटु सिकाउँदै आएका गुरु जुठेबा (चन्द्रप्रसाद गुरुङ) ले घाटु गीतमा 'परशुराम' राजा भएअनुरुप आफ्ना शिष्य गोठालेलाई परशुराम राजा बनाउनुपर्ने बताउँछन् । उनलाई रानीको छेउ लगिन्छ । घुमाउने घरभित्रबाट कपडाद्वारा निर्मित मुकुट ल्याएर गोठालेलाई लगाइन्छ । आँगनबाट ताली गडगडाहट आउँछ । एकनासले उक्त दृश्य हेरिरहेका स्थानीय बासिन्दाहरू दंग पर्छन् । 'घाटु गीतलाई आधार मानेर नयाँ प्रयोग गर्न खोजिएको हो,' उक्त दृश्य निर्देशन गरिरहेका माओत्सेतुङ गुरुङले भने, 'अब गीतमा होइन, घाटुमै राजा परशुराम र रानी यम्फावती देखिनुपर्छ ।'



दृश्यमा वैशाख पूर्णिमामा घाटु नाचेको दृश्य देखाइए पनि यो गुरुङ चलचित्र 'मि न्होंर्बे ट' अर्थात 'आँखाभित्रको फूल' को एउटा प्रमुख दृश्य हो । उक्त दृश्य सकिएपछि दृश्यलाई निरन्तरता दिँदै गल्बन्दीई चैंस्यो ङोल्स्यो (गल्बन्दीले तनौला सोल्टिनी) गीत सुरु हुन्छ । 'संस्कृतिलाई आँखाभित्रको फूलसंग जोडेका छौं । गोठालेको दुःख, पीडा अनि मायाप्रेम त छँदैछ' यसअघि ३ वटा चलचित्र लेखन एवं निर्देशन गरिसकेका निर्देशक माओत्सेतुङले बताए ।

चलचित्रकी घाटुसरि यम्फावती मिस चितवन-२०१७ की विजेता सुमन गुरुङ हुन् । यो उनको पहिलो चलचित्र हो । यसअघि ३ वटा म्युजिक भिडियोमा अभिनय गरिसकेकी सुमनले चलचित्रबाट नयाँ अनुभव सँगालेको बताइन् । चलचित्रमा बिर्खबहादुर अर्थात् बिरे भेडीगोठालाको चरित्र निर्वाह गर्ने युवा लमजुङका खेमराज घले हुन् । बेसीसहरको एउटा सहकारीमा कार्यरत घलेले यसअघि ३ वटा गुरुङ चलचित्रमा अभिनय गरिसकेका छन् । चलचित्रमा सुमित गुरुङ, एलिजा गुरुङ, पवित्र गुरुङ, विवेक गुरुङ, अमीर गुरुङ (बन्दीपुरे ठागु), धर्मदेव घले, आशिष गुरुङ, दुर्गा गुरुङ आदिले समेत अभिनय गरेका छन् । माघ १९ देखि क्व्होलासोंथर गाउँपालिका-९ को गिलुङ, टक्सार तथा भेडीगोठमा छायांकन गरिएको यो चलचित्र ३५ लाख रुपैयाँमा निर्माण हुन लागेको हो ।

खिमबहादुर गुरुङले खिचेको यो चलचित्रको पोस्ट प्रोडक्सन म्याक्स फोर डी पोखरामा हुनेछ । नयाँ वर्षको अवसरमा चलचित्र प्रदर्शन गरिने निर्माण पक्षले बताएको छ । बुद्धकुमार गुरुङ, राजकुमार गुरुङ तथा अमीर गुरुङको लगानीमा निर्मित यो चलचित्रका गीत पत्रकार आश गुरुङका साथै रोशन गुरुङ र अमीर गुरुङले लेखेका छन् भने त्यसमा तेजेन्द्र गुरुङ, धनबहादुर गुरुङ र अमीर गुरुङ (बन्दीपुरे ठागु) को संगीत छ । चलचित्रमा गुरुङ भाषाको कौडा गीतमा नयाँ प्रयोग गरिएको छ ।

आश गुरुङ



बलिउड

## अर्की स्टार किड

भोजपुरी चलचित्रका मेगास्टार रवि किसनकी छोरी रीवा किसन पनि चलचित्रमा पदार्पण गर्दैछिन् । रीवा किसनको पहिलो चलचित्र सब कुसल मंगल है को शुभमुहूर्त गत शनिबार झारखण्डको राजधानी राँचीमा गरिएको छ । आफ्नी छोरीको पहिलो चलचित्रको शुभमुहुर्तका अवसरमा रवि किसन आफ्नी श्रीमती प्रीति शुक्लाका साथ उपस्थित थिए । उक्त अवसरमा पद्मिनी कोल्हापुरी, निर्देशक करण कश्यप तथा चलचित्रका अभिनेता प्रियांक शर्मासमेत देखिन्थे । रीवासँग जोडी बनाउन लागेका प्रियांक शर्मा पद्मिनी कोल्हापुरीका छोरा हुन् ।



## करिना फेरि गर्भवती

बलिउड अभिनेतृहरू रोमान्स, विवाह तथा सन्तानका कारण सदैव चर्चामा रहन्छन् । यसबीच सैफअलि खानसँग विवाहित करिना कपुरले दोस्रो पटक सन्तान जन्माउने भएकी छिन् । तीन वर्षअघि एउटा छोरा जन्माइसकेकी करिनाले अर्को सन्तान जन्माउने घोषणा गर्दै आफ्नो बेबी बम्पसमेत देखाएकी छिन् । करिना गर्भवती भएको संकेत गर्ने तस्विर यतिबेला सोसल मिडिया तथा इन्टरनेटमा भाइरल भएका छन् ।



## अनुष्काको नयाँ काम

बलिउडका मूल धारका चलचित्रमा अभिनय गर्दै आएकी अनुष्का शर्मा जनावरहरूका लागि अस्पताल खोल्ने घोषणा गरेर चर्चामा आएकी छिन् । समाचारअनुसार अनुष्काले उत्तर प्रदेशको साहपुर जिल्लाको दह गाउँमा उक्त अस्पताल निर्माण गर्न लागेकी हुन् । यसको घोषणा उनले गत वर्षको आफ्नो जन्मदिन नै गरेकी थिइन् । साहपुरको दह गाउँ अनुष्काको पैतृक गाउँ हो । उक्त गाउँमा अनुष्काले आफ्ना आमाबुबाका लागि एउटा घरसँगै अनाथ बालबालिकाहरूका लागि आश्रय गृहसमेत बनाउने घोषणा गरेकी छिन् । उक्त बालआश्रय गृह तथा जनावरहरूको अस्पतालको सञ्चालन अनुष्काका आमाबुबाले गर्ने बताइएको छ ।

## बलिउडमा फेब्रुअरीको व्यवसाय

● वर्ष २०१९ को पहिलो महिना बलिउडका चलचित्रले बक्स अफिसमा जुन प्रकारको तहल्का मच्चाएका थिए, त्यो क्रम अहिले पनि कम भएको छैन । दोस्रो महिना पनि बलिउडका चलचित्रले उत्कृष्ट नजिता देखाउने क्रम जारी नै रह्यो । पछिल्ला पाँच वर्षमा फेब्रुअरी महिना सबैभन्दा बढी आम्दानी गर्ने प्रसंगमा यो वर्ष दोस्रो स्थानमा छ ।

● यो वर्षको जनवरी महिनामा बलिउडमा २१ वटा चलचित्र प्रदर्शन भएका थिए । ती चलचित्रले ४ सय ३० करोड रुपैयाँ आम्दानी गरे । ती चलचित्रमध्ये विक्की कौशलको चलचित्र 'उरी सर्जिकल स्ट्राइक' ले कीर्तिमान बनायो, जसले पूरै फेब्रुअरी महिनाभरि पनि राम्रो व्यवसाय गर्‍यो ।

● यो वर्ष फेब्रुअरी महिना २८ दिनको थियो, जसमध्ये २२ फेब्रुअरीसम्म १८ वटा चलचित्र प्रदर्शन भए । ती सबै चलचित्रले कुल मिलाएर ३ सय ५० करोडको



व्यवसाय गरे जसको औसत निकाल्ने हो भने प्रतिचलचित्र २० करोड रुपैयाँ हुन आउँछ । वर्षको पहिलो महिना पनि औसत कमाइ यति नै थियो । फेब्रुअरी महिनामा सबैभन्दा ठूलो चलचित्र बनेर आयो रणवीर सिंह र आलिया भट्टको 'गली ब्वाइ', जसले अहिलेसम्म २ सय करोड कलेक्सन गरिसकेको छ । चलचित्र टोटल धमालले १ सय २५ करोड रुपैयाँ आम्दानी गरिसकेको छ ।

● यति हुँदा पनि २०१९ को फेब्रुअरी महिनाले अघिल्लो वर्षको यही महिनाको कीर्तिमान भंग गर्न सकेन । अघिल्लो वर्ष फेब्रुअरी महिनामा १२ वटा चलचित्र प्रदर्शन भएका थिए, जसको कुल आम्दानी ४ सय करोडभन्दा बढी थियो । त्यो महिना प्रत्येक चलचित्रले ३५ करोड रुपैयाँ कमाएका थिए । त्यसमा सबैभन्दा ठूलो योगदान कार्तिक आर्यन, नुसरत भरुचा तथा सनी सिंहको चलचित्र 'सोनू के टीटू की स्वीटी' को थियो, जसले १ सय ८० करोड आम्दानी गरेको थियो । अक्षय कुमारको प्याड म्यानले १ सय करोड बराबरको व्यवसाय गरेको थियो ।

● वर्ष २०१७ को फेब्रुअरी महिनामा १५ वटा चलचित्र प्रदर्शन भएका थिए, जसको कुल आम्दानी २ सय २५ करोड थियो । त्यो वर्ष प्रतिचलचित्र १८ करोड बराबरको औसत व्यवसाय भएको थियो । अक्षय कुमारको जोली एलएलबी- २ ले १ सय ८५ करोड बराबरको व्यवसाय गरेको थियो भने बाँकी चलचित्रलाई ३२ करोड बराबरको व्यवसाय गर्न समेत गाह्रो भएको थियो ।

● वर्ष २०१६ को फेब्रुअरी महिनामा १९ वटा चलचित्र प्रदर्शनमा आएका थिए, जसको कुल व्यवसाय २ सय ७५ करोड थियो । सोनम कपूरको नीरजाले सबैभन्दा बढी १ सय २५ करोड आम्दानी गरेको थियो । सनी देओलको घायल वन्स अगेनले ५० करोड रुपैयाँको व्यवसाय गरेको थियो ।

● वर्ष २०१५ को फेब्रुअरी महिनामा ११ वटा चलचित्र प्रदर्शन भएका थिए, जसको कुल व्यवसाय सवा २ सय करोड थियो । उक्त महिना प्रति चलचित्र २५ करोडको व्यवसाय भएको थियो । वरुण धवनको बदलापुरले आकर्षक व्यवसाय गर्दै बक्स अफिसमा ८० करोडभन्दा बढी आम्दानी गरेको थियो । रणबीर कपुर, ज्याक्लिन फर्नान्डिज तथा अर्जुन रामपालको चलचित्र 'रोय' फ्लप हुँदासमेत ७५ करोडभन्दा बढी आम्दानी गर्न सफल भएको थियो ।

# चैतमा मात्र २० करोडभन्दा बढी दाउमा

कृष्ण भट्टराई








दसैंको पूर्वसन्ध्यामा प्रदर्शनमा आएको चलचित्र 'छक्कापञ्जा-३' पछि उत्कृष्ट व्यवसाय गर्ने दोस्रो चलचित्र कुन हो ? भन्ने जिज्ञासाको जवाफ दिनुअघि धेरै बेर सोच्नुपर्ने हुन्छ । अघिल्लो साता प्रदर्शित चलचित्र 'क्याप्टेन' को वास्तविक व्यवसायको तथ्यांक सार्वजनिक भैसकेको छैन । यद्यपि यो चलचित्रले गरेको पहिलो तीन दिनको व्यवसाय २ करोड रुपैयाँभन्दा बढी रहेको निर्माताको भनाइलाई विश्वास गर्ने हो भने यो वर्ष छक्कापञ्जा-३ पछि सबैभन्दा बढी व्यवसाय गर्ने चलचित्रको दोस्रो स्थानमा यही चलचित्रलाई लिन सकिन्छ । यी दुई चलचित्रबाहेक गत वैशाखदेखि अहिलेसम्म प्रदर्शन भएका कुनै पनि चलचित्रलाई सुपरहिट भन्न सकिने अवस्था छैन ।

अर्को शुक्रबारदेखि वर्षको अन्तिम महिना अर्थात् चैत प्रारम्भ हुँदैछ । यसपटक चैतमा पाँचवटा शुक्रबार परेका छन् । रमाइलो कुरा के छ भने चैतका यी पाँचवटै शुक्रबार दुई-दुईवटा चलचित्र प्रदर्शन हुँदैछन् । पहिलो शुक्रबार त एकसाथ तीनवटा चलचित्र प्रदर्शनमा आउँदैछन् । अझ रोचक कुरा के छ भने, नयाँ वर्ष २०७६ को स्वागतका लागि भन्दै वर्ष अन्तिम शुक्रबार ठूलो लगानी गरिएका दुई चलचित्र आपसमा जुध्दैछन् । बाँकी चारवटा शुक्रबार प्रदर्शन हुने चलचित्रको औसत बजेट प्रतिचलचित्र १ करोडभन्दा कम छैन । एक तथ्यांक अनुसार चैत १ गतेदेखि २९ गतेसम्म प्रदर्शन हुने कुल ११ वटा चलचित्रमा करिब २० करोड रुपैयाँभन्दा बढी लगानी गरिएको छ । यी सबै चलचित्रले लगानी सुरक्षित गर्न मात्र करिब ६० करोड रुपैयाँ बराबरको व्यवसाय गर्नुपर्नेछ । 'एक महिनामा यति ठूलो रकमको व्यवसाय कसरी सम्भव होला ? एक पुराना निर्माताले नाम उल्लेख नगर्ने शर्तमा भने– 'बजारले धान्नै नसक्ने गरी चलचित्र निर्माण भैरहेका छन् । राम्रा भनिएका चलचित्र एकै दिन अनि एउटै महिना प्रदर्शन भएपछि यसले कसैलाई पनि राम्रो गर्दैन, सबैलाई घाटा मात्र हुन्छ ।' ती निर्माताले नेपाली चलचित्रको सबैभन्दा ठूलो समस्या नै ठूला ब्यानरका चलचित्र जुध्नु रहेको समेत दाबी गरे ।

### चैत १ गते

चैत १ गते शुक्रबार तीनवटा चलचित्र द म्यान फ्रम काठमाडौं, जानी नजानी तथा पुरानो बुलेट एकसाथ प्रदर्शनमा आउँदैछन् । पहिलो पटक नेपाली तथा अंग्रेजी भाषामा निर्माण गरिएको चलचित्र द म्यान फ्रम काठमाडौंमा नेपाली मात्र होइन बलिउड, पाकिस्तानी तथा हलिउडका कलाकारहरूले समेत अभिनय गरेका छन् । चलचित्र प्रदर्शन गर्ने क्यूएफएक्सले निर्माण गरेको यो चलचित्र नेपाल तथा अमेरिकामा छायांकन गरिएकाले यसको बजेट औसत नेपाली चलचित्रको तुलनामा तीन गुणा बढी भएको सहजै अनुमान लगाउन सकिन्छ । उक्त चलचित्रमा ४ करोड रुपैयाँभन्दा बढी लगानी गरिएको निर्माता नकिम उद्दिनले बताइसकेका छन् । यो चलचित्रमा जोसे मानुइल, गुल्सन ग्रोवर, हमिद शेखसँगै आना शर्मा, नीर शाह, कर्मा शाक्य, मिथिला शर्मा, शिशिर वाइदेल, सुनिता ठाकुर, परमिता आरएल राना आदि कलाकारले अभिनय गरेका छन् । पेमा धोन्डुप चलचित्र द म्यान फ्रम काठमाडौंका निर्देशक हुन् । रोमान्टिक कमेडी शैलीको 'जानी नजानी' पनि चैत १ गते नै प्रदर्शनमा आउने चलचित्र हो । वसन्त अधिकारीद्वारा निर्देशित यो चलचित्रका अधिकांश कलाकार नयाँ छन् । चलचित्रकी प्रस्तुतकर्ता रोशनी केसीका अनुसार चलचित्र जानी नजानीमा करिब २ करोड रुपैयाँ लगानी गरिएको छ भने त्यसमा मनिष श्रेष्ठ, निरिशा बस्नेत, रोशनी, सन्नी सिंह, नम्रता श्रेष्ठ, प्रकाश अधिकारी आदि कलाकारले अभिनय गरेका हुन् । सागरकाजी माली तथा मोदनाथ खनालको समेत लगानी रहेको यो चलचित्रलाई सञ्चारकर्मी सामीप्यराज तिमिल्सिनाले लेखेका हुन् । चैत १ गतेदेखि नै प्रदर्शनमा आउने चलचित्र 'पुरानो बुलेट' लाई सञ्चारकर्मी भीषण राईले निर्देशन गरेका छन् । पूर्वी नेपालमा छायांकन गरिएको यो चलचित्रमा अनुप विक्रम शाही, वर्षा शिवाकोटी, माला लिम्बू, कविता आले, कृष्णभक्त महर्जन, शिरोमणि दवाडी आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रको हालै हडकडमा प्रिमियर शो गरिएको थियो, जहाँ चलचित्र हेर्नेहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । पुरानो बुलेटका प्रस्तुतकर्ता सन्तोष राईले चलचित्रमा करिब एक करोड रुपैयाँ लगानी गरिएको बताएका छन् ।

### चैत ८ गते

चैतको दोस्रो शुक्रबार दुईवटा चलचित्र कागजपत्र तथा प्रेमलिला प्रदर्शनमा आउँदैछन् । अपिल विष्टद्वारा निर्देशित चलचित्र कागज पत्रमा नाजिर हुसेन, शिल्पा मास्के, भोलाराज सापकोटा तथा सरिता गिरी मुख्य भूमिकामा छन् । हास्य प्रधान यो चलचित्रमा अस्ट्रेलिया जान मरिहत्ते गर्ने नेपालीहरूको मनोवृत्ति चित्रण गरिएको छ । डिपेन्डेन्ट भिसामा अस्ट्रेलिया जाने नेपालीहरूले गर्ने कागजी विवाह नै यसको मुख्य कथा हो । इपी एजुकेसन, अस्ट्रेलिया प्रस्तुतकर्ता रहेको यो चलचित्रको निर्माण खिलेन्द्र तिम्सिना, मुकेश रेग्मी तथा प्रजापति शिवाकोटीले गरेका हुन् । चैत ८ गतेदेखि नै प्रदर्शनमा आउने चलचित्र 'प्रेमलिला' रोमान्टिक चलचित्र हो । प्रेमकथामा आधारित यो चलचित्रमा प्रेमभित्रका अनेकौं लीला चित्रण गरिएको निर्माण पक्षले जनाएको छ । अन्तरदेशीय प्रेमकथामा आधारित यो चलचित्रमा दिपशिखा खड्का, मौसम खड्का तथा अली खान मुख्य भूमिकामा छन् । प्रेमलीलामा सुरज तमु, रेखा शाह, शर्मिला शर्मा, प्रभाकर शर्मा तथा भारतीय कलाकार अर्चना शुक्ला तथा ट्वींकल श्रीवास्तवले समेत अभिनय गरेका छन् । यो चलचित्रमा अभिनेत्री तथा निर्मात्री खड्काकै कथा, पटकथा तथा संवाद छ ।

### चैत १५ गते

चैत १५ गते शुक्रबार साइँली तथा शुभ लभ गरी दुई चलचित्र प्रदर्शनमा आउनेछन् । जिएच इन्टरटेन्मेन्टले करिब २ करोड रुपैयाँको लागतमा निर्माण गरेको चलचित्र 'साइँली' बहुप्रतीक्षित चलचित्र हो । सुन साइँली...गीतको सफलतापछि सोही गीत तयार पार्ने समूहले निर्माण गरेको यो चलचित्रलाई रामबाबु गुरुङले निर्देशन गरेका छन्, जसमा दयाहाङ राई, गौरव पहाडी, मेनुका प्रधान, माओत्से गुरुङ, प्रकाश घिमिरे, केनिपा सिंह आदि कलाकारले अभिनय गरेका छन् । ग्रामीण जनजीवन झल्कने यो चलचित्रमा बेरोजगारीदेखि गरिबीसम्मका समस्यालाई आकर्षक शैलीमा चित्रण गरिएको छ । चैत १५ गते नै प्रदर्शित हुने युवा ज्योतिष हरिहर अधिकारीको चलचित्र हो– शुभ लभ, जसमा हरिहर पहिलो पटक अभिनेताका रूपमा प्रस्तुत हुँदैछन् । उनलाई कृष्टिन पौडेल तथा सूर्या थापालेसाथ दिएका छन् । प्रदीपकुमार उदयद्वारा निर्मित यो चलचित्रमा हरिहरले ज्योतिषीकै भूमिका निर्वाह गरेका छन् । चलचित्र शुभ लभमा राजाराम पौडेल, सरोज खनाल, राजा राजेन्द्र पोखरेल आदि कलाकारले समेत अभिनय गरेका छन् । यो चलचित्रलाई सन्तोषबाबु लोहनीले निर्देशन गरेका हुन् ।

### चैत २२ गते

चैत २२ गते चलचित्र लभ स्टेशन तथा प्रेमनाथ प्रदर्शन हुँदैछन् । प्रदीप खड्का तथा जसीता गुरुङको रोमान्टिक जोडी बाँधिएको चलचित्र लभ स्टेशनलाई पनि दर्शकहरूले प्रतीक्षा गरिरहेका छन् । यसअघि उनीहरूले अभिनय गरेको चलचित्र 'लिलिबिली' दर्शकहरूले मन पराएका थिए । उज्ज्वल घिमिरेद्वारा निर्देशित यो चलचित्रलाई गोविन्द शाहीले निर्माण गरेका हुन् । चलचित्रको गीत, पोस्टर, टिजर तथा ट्रेलरलाई धेरैले मन पराएका छन् । चैत २२ गते नै प्रदर्शनमा आउने चलचित्र प्रेमनाथ गणेश बेल्बासेद्वारा निर्देशित चलचित्र हो । यो चलचित्रका निर्माता पनि बेल्बासे नै हुन्, जसमा अधिकांश कलाकार नयाँ छन् । प्रेमनाथमा राज थापा, कृति गौतम, मोनालिसा विष्ट जस्ता नयाँ कलाकारका साथमा सुरवीर पण्डित, गजित विष्ट, नविन श्रेष्ठ, कमल गाउँले, गणेश बेल्बासे, मियुम जिरेल, शेखरजंग मल्ल आदि कलाकारले अभिनय गरेका छन् ।

### चैत २९ गते

न्यू इयर इभ अर्थात् वर्ष २०७५ को अन्तिम दिन सार्वजनिक हुने दुई चलचित्र हुन् यात्रा : अ म्युजिकल ब्लग तथा ए मेरो हजुर-३ । यी दुवै हाई बजेटका चलचित्र हुन् । चलचित्र यात्रामा करिब ३ करोड रुपैयाँ लगानी भैसकेको प्रस्तुतकर्ता केशव भट्टराईले बताएका छन् । सम्राट शाक्यद्वारा निर्देशित यात्रामा सलिनमान बनियाँ, मलिका महत, सलोन बस्नेत आदि कलाकारले अभिनय गरेका छन् । झरना थापाद्वारा निर्देशित चलचित्र ए मेरो हजुर-३ अभिनेता अनमोल केसीका कारण चर्चामा छ । यही चलचित्रमार्फत निर्देशक थापाकी छोरी सुहाना थापा रजतपटमा पदार्पण गर्दैछिन् । ए मेरो हजुर-३ मा पनि करिब २ करोड रुपैयाँ लगानी भएको बताइन्छ ।

विकेन्ड ब्यान्ड




# देशैभर कन्दरा

लामो समयपछि कन्दरा ब्यान्डले बुटवलमा आफ्नो प्रस्तुति दिने भएको छ । कन्दरा करिब १२ वर्षपछि बुटवलमा खुला कार्यक्रममा प्रस्तुत हुन लागेको हो । तामरिङ म्युजिक सेन्टर तथा शिवनगर युवा परिवारले आयोजना गर्ने उक्त कार्यक्रम बुटवल मण्डपमा सञ्चालन हुनेछ । सांगीतिक कार्यक्रममा कन्दरासँगै नेपाल आइडल सिजन–२ का टप फाइभ अमित बरालसहित स्थानीय अमेध्यं ब्यान्डले समेत दर्शक–श्रोतालाई नचाउनेछन् । कन्सर्ट आयोजनाबाट जोगिएको रकम बुटवलको राजमार्ग चौराहाबाट ट्राफिक चोकसम्म हरियालीको काममा खर्च गरिने बताइएको छ । कन्दराले अहिलेसम्म करिब ९ वटा एल्बम सार्वजनिक गरिसकेको छ । विवेक श्रेष्ठ मेन भोकलिस्ट रहेको कन्दराका अनेकौं गीत लोकप्रिय छन् । कन्दरा दमक, धरान, चितवन, उर्लाबारी, बिर्तामोड, दमौली हुँदै बुटवलमा आउन लागेको हो । कन्दरा ब्याड पछिल्लो समय अमेरीका, लन्डन, कोरिया, जापान टोकियो, यूएई, हङकङमा व्यस्त रहँदै आएको छ ।

विकेन्ड रेस्टुराँ

# कफी पसल, जावलाखेल



नाम कफी पसल राखिए पनि जावलाखेलस्थित कफी पसल इटालियन तथा अस्ट्रेलियन परिकारका लागी बढी चर्चित छ । साढे ९ वर्ष अस्ट्रेलिया बसेका रमेश श्रेष्ठले त्यहाँ रहँदा ३५ वटा क्याफे तथा रेस्टुराँमा काम गरे । कुनै पनि काम सानो ठूलो हुँदैन भन्ने कुरा उनले त्यहीं सिके । त्यस क्रममा उनले कफीका साथै विभिन्न परिकार बनाउने विधि, खानाका किसिम, सर्भिस गर्ने शैली आदिका सम्बन्धमा पर्याप्त ज्ञान बटुले । अस्ट्रेलियाको बसाइ सदाका लागि त्यागेर नेपालमै केही गर्छु भनेर उनी स्वदेश फर्किए । नेपालमै सम्भावना देखेका रमेशले सुरुवात गरेको कफी पसलले छोटो अवधिमै आफ्नो अलग पहिचान बनाईसकेको छ । साढे दुई महिनाअघि सुरु गरेको कफी पसलमा भुइँ पुछ्ने, टेबल सफा गर्ने, कफी बनाउने, भाँडा माझ्ने आदि सबै काम रमेश आफैं गर्छन् । 'अस्ट्रेलियामा जस्तो कमाइ नेपालमा हुँदैन, तर सन्तुष्टि भने बढी मिलिरहेको छ ।' रमेश भन्छन् । बिहान ८ बजेदेखि रातको १० बजेसम्म खुला रहने कफी पसलमा झन्डै २० प्रकारका कफी उपलब्ध छन् । यहाँ कन्टिनेन्टल ब्रेकफास्ट, लन्च र डिनर पनि अर्डर गर्न सकिन्छ । चिकेन स्टेक, फिस साल्टिमबोका, फ्याङ्गो बर्गर तथा मसरुम रिजटो कफी पसलमा सबैभन्दा बढी अर्डर हुने परिकार हुन् । यहाँको मेनु पनि खासै महँगो छैन अर्थात् मध्यम बर्गले धान्न सक्ने खालको छ ।

विकेन्ड कमेडी

# द ग्र्यान्ड स्ट्यान्ड अप कमेडी शो

भोलि शनिबार कमेडी सर्कलले स्ट्यान्ड अप कमेडी शो प्रस्तुत गर्दैछ । युवा पुस्ताका ६ चर्चित कलाकार तथा एक भारतीय कलाकारले उक्त कमेडी शोमा प्रस्तुति दिनेछन् ।

**समय** : ४ बजेदेखि ६ बजेसम्म

**स्थान** : आउटडोर एड्भेन्चर सेन्टर नेपाल, ठमेल

**प्रवेश शुल्क** : २ सय रुपैयाँ (अग्रिम बुकिङ), २ सय ५० रुपैयाँ (कार्यक्रम स्थलमा)

**कलाकारहरू** : सुदन जिम्बा, धिमन्त अधिकारी, क्षितिज केसी, अपूर्व क्षितिज सिंह, हिमेश पन्त, सन्दिप पाण्डे तथा कुशालसिंह राठौर ।

**आयोजक** : कमेडी सर्कल




विकेन्ड नाइट



# साल्सा नाइट

साल्सा डान्समा रुचि राख्नुहुन्छ ? साल्सा नाच्न वा हेर्न चाहनुहुन्छ भने भोलि शनिबार त्रिपुरेश्वरस्थित कर्मा बार एन्ड लाउन्जमा पुग्न सक्नुहुन्छ । मध्यरातसम्म चल्ने साल्सा नाइटमा डिजे अनिस तथा डिजे रोहितले दर्शकहरूलाई झुमाउने जिम्मा लिएका छन् ।

विकेन्ड कन्सर्ट



# वुमन इन कन्सर्ट

महिला दिवसको अवसर पारेर आज शुक्रबार विशेष कार्यक्रम प्रस्तुत हुँदैछन् । त्यस क्रममा वुमन इन कन्सर्टले काठमाडौं, ललितपुर तथा बेसीसहरमा विशेष कार्यक्रमको आयोजना गर्दैछ । कन्सर्टमा अभया सुब्बालगायत नयाँ तथा पुराना कलाकारहरूले विविध प्रस्तुतिमार्फत दर्शक झुमाउनेछन् ।

विकेन्ड ड्रामा





# गर्भ छिटा

अनामनगरस्थित मण्डला नाटक घरमा आज फागुन २४ देखि ३० गतेसम्म गर्भ छिटा नाटक प्रदर्शन हुँदैछ । यो नाटक कर्णालीमा गर्भमै हुँदा छोराछोरीको विवाह पक्का गर्ने प्रचलनले समाजमा निम्त्याएको विकृति र विशेष गरी महिलाको पीडामा केन्द्रित छ । नाटकमा कर्णालीको मौलिक कला, संस्कृति, संगीत, वेशभूषा तथा रहनसहनसमेत हेर्न पाइनेछ । यो नाटक काठमाडौंका दर्शकका लागि दुर्गम हिमाली जिल्लाको रहनसहनसमेत बुझ्ने दुर्लभ अवसरसमेत हुनेछ । यो नाटकमा हिरा बिजुली नेपालीको लेखन तथा निर्देशन छ । साँझ ५ बजे सुरु हुने यो नाटक कर्णाली आर्ट्स सेन्टरले मञ्चन गर्न लागेको हो ।

विकेन्ड मुभी

# सुनकली



पत्रकार भोजराज भाटले तयार पारेको चर्चित डकुमेन्ट्री हो– सुनकली । थुप्रै पुरस्कार हात पारेको अनि थुप्रै देशमा प्रदर्शन भैसकेको सुनाकली आज शुक्रबार प्रदर्शनमा आउँदैछ । कर्मा कफी नेपाल, हब, सोसलटुर्स तथा द वी युनाइटेड प्रोजेक्टको आयोजनामा यो कार्यक्रम हुन लागेको हो । डकुमेन्ट्री प्रदर्शन साँझ ६ बजे सुरु हुने बताइएको छ ।

संयोजक : नरेन्द्र रौले

चलचित्र

# क्याप्टेनको रवाफ




'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला किन र केका लागि ? यो प्रश्नको सबै जवाफ नेपाली चलचित्र क्याप्टेनले दिन्छ ।' मंगलबार साँझ 'क्याप्टेन' को विशेष प्रदर्शनीपछि अभिनेत्री तथा सामाजिक अभियन्ता कुन्जना घिमिरेले सामाजिक सञ्जालमा व्यक्त गरेको प्रतिक्रिया हो यो ।

बुधबार दिउँसो साप्ताहिकले चलचित्रका निर्माता भुवन केसीसँग मंगलबारसम्मको चलचित्रको व्यवसायका सम्बन्धमा जिज्ञासा राखेको थियो । 'नेपाल जस्तो चलचित्रको सानो बजार भएको देशमा सीमित बजेटमा निर्माण गरिएको चलचित्रले आजका मितिसम्म उत्कृष्ट व्यवसाय गरिरहेको छ, केसीको भनाइ छ- 'बुधबार दिउँसोसम्म पनि काठमाडौंसहित देशैभरीका सिनेमा हलमा दर्शकको उल्लेख्य उपस्थिति छ भन्ने रिपोर्ट पाएको छु । हाम्रो चलचित्र दसैं-तिहार जस्ता ठूला चाडपर्वमा प्रदर्शन भएको होइन, आजसम्म जति दर्शकले हेर्नु भएको छ, सबैले मुक्तकण्ठले प्रशंसा गर्नु भएको छ । चलचित्रले ठ्याक्कै कति आम्दानी गर्न सकेको छ भन्ने रिपोर्ट चाहिं मैले पनि प्राप्त गर्न बाँकी छ । यद्यपि शुक्रबारदेखि आइतबारसम्म चलचित्रले साढे दुई करोड रुपैयाँको व्यवसाय गरेको वितरक मनोज राठीबाट जानकारी पाएको छु ।'

भुवन केसीले भने जस्तै यो साता सिनेमा हलहरूमा चलचित्र क्याप्टेन र अनमोल केसीको क्रेज लोभलाग्दो देखियो । फुटबल खेलका बारेमा हालसम्म एउटा पनि नेपाली चलचित्र निर्माण नभएको अवस्थामा क्याप्टेनले अनमोलका प्रशंसकहरूलाई मात्र होइन फुटबलका प्रशंसकहरूलाई समेत सिनेमा हलतर्फ आकर्षित गरिरहेको छ ।

अघिल्लो बुधबार पर्यटनमन्त्री रवीन्द्र अधिकारीको असामयिक निधनपछि बिहीबार गर्ने भनिएको चलचित्रको विशेष प्रदर्शन मंगलबारलाई सारिएको थियो । अधिकारीको निधनले बिहीबार तथा शुक्रबार देश नै शोकमग्न भएको प्रभाव शुक्रबार प्रदर्शनमा आएको यो चलचित्रमा पनि पर्‍यो । शुक्रबार बिहानीको शोमा दर्शकको संख्या कम देखियो । यद्यपि, शुक्रबार दिउँसो २ बजेदेखि चलचित्रको व्यवसायले गति लियो । शनिवार काठमाडौंसहित देशभरीका सिनेमा हल करिब-करिब हाउसफूल नै रहे । आइतबार औसतभन्दा राम्रो रहेको व्यवसायले सोमबार शिवरात्रीको दिन शनिवारको जस्तै राम्रो व्यवसाय गर्‍यो ।

क्याप्टेनका वितरक मनोज राठीले यो चलचित्रको अघिल्ला तीन दिनको व्यवसायिक रिपोर्ट सार्वजनिक गरेका छन् । राठीका अनुसार चलचित्रले शुक्रबार, शनिबार तथा आइतबार देशभरीबाट २ करोड ४० लाख रुपैयाँको व्यवसाय गरेको छ । राठीले छक्का पञ्जा-३ पछि क्याप्टेनको आम्दानी सर्वाधिक रहेको दाबी समेत गरे । वितरक राठीका अनुसार क्याप्टेनले पहिलो दिन ६५ लाख रुपैयाँ कमाएको थियो भने दोस्रो दिन १ करोड २५ लाख रुपैयाँ आम्दानी गरेको थियो । तेस्रो दिन भने यसले ५० लाख रुपैयाँ बराबरको व्यवसाय गरेको छ । वितरक राठीले शिवरात्रीको दिन पनि चलचित्रले एक करोड रुपैयाँ बराबरकै व्यवसाय गरेको दाबी गरेका छन् । उनका अनुसार यो चलचित्रलाई काठमाडौंमा मात्र होइन, मोफसलमा पनि उत्तिकै मन पराइएको छ ।

## कस्तो छ चलचित्र ?

यसअघि चलचित्र ऐश्वर्यबाट आफूलाई प्रमाणित गरिसकेका निर्देशक दीवाकर भट्टराईले क्याप्टेन मार्फत आफ्नो साख जोगाउने हिसाबको काम गरेका छन् । चलचित्रको कथा सामान्य छ । बुवा (सरोज खनाल) को राष्ट्रिय फुटबल खेलाडी बन्ने सपना पुरा हुन नसकेपछि उनले छोरा इशान खड्का (अनमोल केसी) लाई त्यो स्तरको खेलाडी बनाउने सपना देख्छन् । त्यही सपना पूरा गर्न छोरा इशान खड्काले गरेको संघर्षको कथा हो- क्याप्टेन । प्यारालाइसिसले थलिएका बुवाको उपचार गर्न धनको अभाव भएपछि काठमाडौंका घरका भित्ता रंगाउने क्रममा इशानमाथि एउटा फुटबल क्लबका कोच (प्रशान्त ताम्राकार) को नजर पर्छ । उक्त क्लबमा आवद्ध हुँदै इशानले आफ्नो क्लबलाई 'ए' डिभिजन लिगको उपाधि जिताउन महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । आफ्नो कडा मेहनतले ईशान नेपालको राष्ट्रिय फुटबल टिमको सदस्यमात्र बन्दैनन्, परिस्थितिबस क्याप्टेनको भूमिकामा प्रस्तुत भएर साफ फुटबलमा नेपाली टिमकै नेतृत्व समेत सम्हाल्छन् । चलचित्रको क्लाइमेक्समा ईशान र ईशानका बुवाले देखेको सपना कसरी पूरा हुन्छ भन्ने कुरालाई रोचक शैलीमा चित्रण गरिएको छ ।

यो चलचित्रको सांगीतिक पक्ष सबल भए पनि प्राविधिक पक्षमा निर्देशक भट्टराई चुकेका छन् । कतिपय दृश्यको स्वरांकन फितलो छ । नेपाल र भारतको फाइनल खेलको दृश्यमा गरिएको भिएफएक्सका दृश्य त्यति प्रभावकारी लाग्दैनन् ।

अभिनयका दृष्टिकोणले अनमोल केसी र सरोज खनालले उत्कृष्ट काम गरेका छन् । दुई नयाँ अभिनेत्री उपासना सिंह ठकुरी तथा प्रियंका एमभीले पनि आफ्नो भूमिकाप्रति न्याय गरेका छन् । शहरीया युवतीको भूमिकामा प्रियंका औषत देखिए पनि गाउँकी उपासना दर्शकको मनमा बस्न सफल छिन् ।

१ करोड ८० लाखको लागतमा निर्माण गरिएको यो चलचित्रले लगानी सुरक्षित गर्न मात्रै झण्डै छ करोड रुपैयाँको व्यवसाय गर्नुपर्छ । चलचित्र हेर्नेहरूले सकारात्मक प्रतिक्रिया दिएका कारण सिनेमा हलमा दर्शकको फ्लो बढेको देखिन्छ । आज शुक्रबार ठूलो बजेटको कुनै पनि चलचित्र प्रदर्शनमा नआउनुको फाइदा क्याप्टेनले उठाउने कुरामा निर्माता भुवन केसी ढुक्क देखिन्छन् ।

### खाग

चलचित्र खागको प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । कमलजंग कुँवरद्वारा लिखित 'गैडालाई चार वर्ष' पुस्तकमा आधारित यो चलचित्रमा प्रवीण खतिवडा मुख्य भूमिकामा छन् । चलचित्रमा खतिवडा लेखक कुँवरको भूमिकामा देखापर्छन् । मनोज पण्डितकले निर्देशन गरेको चलचित्र खागकी निमात्रीमा प्रमिला कुँवर हुन् । खाग एउटा इमान्दार एवं संघर्षशील व्यक्तिमा आधारित चलचित्र भएको निर्देशक पण्डित बताउँछन् । पण्डितका अनुसार खाग एउटा प्रतीक हो, जसले हाम्रो समाजमा भ्रष्टाचार र तस्करी व्याप्त छ र त्यसबाट मुक्त हुन विरोध गर्ने मानिसहरू पनि छन् भन्ने कुरा प्रस्तुत गर्नेछ । चलचित्रमा निर्देशक पण्डित, दीपा पन्त, पुष्कर गुरुङ, अशान्त शर्मा आदि कलाकारले अभिनय गरेका छन् । हेटौंडा, चितवन तथा नवलपरासीका विभिन्न स्थानमा छायांकन गरिएको यो चलचित्रमा दीपक बज्राचार्यको छायांकन तथा पदम तिमल्सिनाको सम्पादन हेर्न पाइन्छ । चलचित्र खागको निर्माणमा ४५ लाख खर्च भएको पण्डितले जानकारी दिए ।

# प्रेम र बिछोडमै अल्झियो ब्रेकअप



चलचित्र 'द ब्रेकअप' आखिर के मा रुमलियो ? सरसर्ती चलचित्रलाई नियाल्ने हो भने मुख्य भूमिकामा रहेका अभिनेता आशिरमान देशराज जोशी तथा अभिनेत्री शिल्पा मास्केको प्रेम र ब्रेकअपमै चलचित्र अलमलिएको देखिन्छ । ब्रेकअपको उठान नै कमजोर पाइन्छ । जुन कमजोरीलाई निर्देशक हेमराज बिसीले समेत स्विकार गरिसकेका छन् । प्रेम कथामा आधारित यो चलचित्रलाई अन्य प्रेमकथात्मक चलचित्रको तुलनामा भिन्न पाउन मुस्किल पर्छ । 'द ब्रेकअप' हेरिसकेपछि चलचित्रकर्मीहरूको पनि मिश्रित प्रतिक्रिया छ । जसमा कतिपयले चलचित्र उत्कृष्ट भएको बताएका छन् भने कतिपयले आशा गरेअनुरूप नभएको बताएका छन् । धेरैजसो चलचित्रकर्मी द ब्रेकअपको कमजोर पक्ष भनेको यसको स्क्रिन प्लेमै देख्छन् । यसमा जति मेहनत गर्न सकिन्थ्यो त्यो नपुगेको उनीहरूको भनाइ छ । चलचित्रको सिनेम्याटोग्राफी सबल देखिन्छ भने चलचित्रको सम्पादन पनि उत्कृष्ट छ ।

अभिनेता-अभिनेत्रीको हकमा कुरा गर्ने हो भने उनीहरूको अभिनय औसत पाइन्छ । आशिरमानका लागि द ब्रेकअप दोस्रो चलचित्र हो । यसभन्दा अघि उनले ग्याङस्टर ब्लुजमा अभिनय गरेका थिए । ग्याङस्टर ब्लुजको तुलनामा आशिरमानले आफ्नो अभिनय कलामा केही सुधार भने पक्कै ल्याएका छन् । अभिनेत्री शिल्पा मास्केका लागि यो डेब्यु फिल्म हो । पहिलो चलचित्रमै उनले गरेको अभिनय प्रशंसनीय छ । निर्देशक बिसी पनि चलचित्रको सबल पक्ष भनेको कलाकारहरूको प्रस्तुति रहेको बताउँछन् । बिसी भन्छन्, 'कुनै पनि काम गर्दा केही कमीकमजोरी हुनु सामान्य हो, यो चलचित्रमा पनि केही कमजोरी छन्, तर चलचित्रमा कलाकारहरूको अभिनयकलामा भने दाग लाउने ठाउँ छैन ।' बिसीको भनाइ नै ठीक माने पनि उनले चलचित्रमा जति मेहनत गर्न सक्थे त्यो भने गर्न नसकेको चलचित्रमा प्रष्ट देखिन्छ । यस्तै कलाकारका सम्बन्धमा भन्ने हो भने सहायक भूमिकामा रहेका रेमनदास श्रेष्ठ र इच्छा कार्कीको अभिनय उत्कृष्ट छ । उनीहरूको अभिनयले केही हदसम्म दर्शकलाई टिकाउन सक्छ ।

द ब्रेकअपको कथा सहरमुखी छ । यसले सहरी परिवेशलाई नै उजागर गर्न खोजेको छ । सहरी परिवेशबाट दिक्क भएका दर्शकका लागि भने यो चलचित्र अनुकूल नहुन सक्छ । चलचित्रमा २० प्रतिशतभन्दा बढी अंग्रेजी शब्द प्रयोग भएको छ, जसले गर्दा सामान्य दर्शकलाई चलचित्रको कथा बुझ्न अलि गाह्रो पर्छ । वास्तवमा भन्ने हो भने कतिपय अवस्थामा त अंग्रेजी नबुझ्ने दर्शकका लागि कथाबीचमै टुंगिन सक्छ । चलचित्रमा केही अष्ट्रेलियाको पनि कथा भएकाले अंग्रेजी संवाद राख्न बाध्य भएको निर्देशक बिसीको भनाइ छ । यद्यपि निर्देशक बिसीले पनि कतिपय अंग्रेजी संवादमा कैंची चलाउन सक्थे, तर त्यसमा उनले ध्यान नपुऱ्याएको प्रष्ट देखिन्छ । यस्तै, चलचित्रमा अभिनेता सलोन बस्नेतको अनुहार पनि देखिन्छ, तर उनको कुनै संवाद वा भूमिका भने छैन । टेक्निकल समस्याले गर्दा यस्तो भएको निर्देशक बिसीको भनाइ छ । यो चलचित्रमा अभिनेता बस्नेत छैनन् । उनलाई सुरुमा अनुबन्धित गराएर पोखरामा केही सिन पनि लिइएको थियो । त्यसपछि द ब्रेकअपको टिम सुटिङका लागि अष्ट्रेलिया गयो, तर त्यहीबेला सलोन यात्रा चलचित्रमा व्यस्त भएकाले उनी द ब्रेकअपबाट बाहिरिएका थिए । पोखरामा लिइएको उनको त्यो सिनलाई भीएफएक्सबाट हटाउन नमिल्ने भएपछि सलोनसँग कुरा गरेर त्यसलाई राख्न बाध्य भएको निर्देशक बिसी बताउँछन् ।

यतिबेला नेपाली चलचित्रको व्यापार चौपट रहेको चलचित्रकर्मीहरू बताउँछन्, जसको मार आशा गरिएका दुई चलचित्र क्याप्टेन र द ब्रेकअपमा पनि पर्‍यो । द ब्रेकअपको तुलनामा क्याप्टेनले बढी व्यापार गरेको पक्कै हो । यद्यपि क्याप्टेनलाई पनि लगानी उठाउन धौ-धौ नै छ । अब द ब्रेकअपको कुरा गर्ने हो भने यो चलचित्र घाटामै छ । बुधबारसम्मको कलेक्सनलाई हेर्ने हो भने चलचित्रले करिब ६० लाखको हाराहारीमा कलेक्सन गरेको निर्मातासमेत रहेका बिसी बताउँछन् ।

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक



तस्बिर : महेश प्रधान
लोकेसन : लस इस्कोबार्स, गैरीधारा, काठमाडौं
मेकअप : शारदा मोती
पहिरन : उमन्स प्लानेट, दरबारमार्ग

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# निरिषा बस्नेत





**बलिउडबाट नेपाली** चलचित्रमा आएका कारण आफूबाट दर्शकको अपेक्षा बढी भएकाले प्रशस्तै दबाब महसुस गरिरहेको अभिनेत्री निरिषा बस्नेत बताउँछिन् । नेपाली चलचित्रबाट पहिल्यैदेखि अफर आए पनि विषयवस्तु मन परेर 'जानी नजानी'बाट डेब्यु गरेको निरिषाले बताइन् । 'चलचित्रको 'कन्टेन्ट' मन परेरै नेपाली चलचित्रमा डेब्यू गरेको हुँ' उनले भनिन् । बस्नेतले स्टार प्लस च्यानलबाट प्रसारण हुने टेलिसिरियल 'चन्द्रनन्दिनी' मा मुख्य अभिनेत्रीका रूपमा काम गरेकी थिइन् । बलिउड र कलिउड चलचित्रमा धेरै भिन्नता रहेको निरिषा बताउँछिन् । बलिउडमा प्रविधि र लगानी धेरै भए पनि नेपाली चलचित्रमा सीमितता हुने उनको अनुभव छ । निरिषासँग यसअघि नेपालमा भिजे तथा मोडलका रूपमा काम गरेको अनुभव पनि छ । भविष्यमा उत्कृष्ट नायिका बन्ने लक्ष्य छ उनको । निरिषा निरन्तर ग्ल्यामर्स इन्डस्ट्रिजमै रहने लक्ष्य लिएर अघि बढिरहेकी छिन् । 'अभिनय मेरो सौख पनि हो, उनले भनिन् । निरिषा मिस टुरिज्म क्विन-२०१५ समेत हुन् । काठमाडौंमा जन्मिएकी निरिषा पुराना नायक विश्व बस्नेतकी छोरी हुन् ।



# जात्रै जात्राकी अतिथि करिश्मा

चलचित्र जात्रै जात्रामा सदावहार अभिनेत्री करिश्मा मानन्धर, निर्देशक निश्चल बस्नेत तथा अभिनेत्री सारा शिर्पाइली केमियो भूमिकामा देखिने भएका छन् । उक्त चलचित्रको गीतमा चलचित्रका मुख्य पात्र बिपिन कार्की र वर्षा राउतसँगै उनीहरूको पनि नृत्य छ । यो चलचित्रमा दयाहाङ राई, रवीन्द्र झा तथा रवीन्द्र सिंह बाँनिया आदिलाई समेत देख्न सकिनेछ । प्रदीप भट्टराईले निर्देशन गरिरहेको यो चलचित्र 'जात्रा'को सिक्वेल हो । चलचित्र 'जात्रै जात्रा'सँग जोडिन पाएकोमा खुसी व्यक्त गर्दै करिश्मा मानन्धर भन्छिन्, 'यो चलचित्र कहिले प्रर्दशन हुन्छ भन्ने पर्खाइमा छु । चलचित्रको गीतमा आफूलाई पनि देख्न पाइने भएकाले उत्साहित छु ।'



# विश्रामपछि श्वेता

करिब ६ महिना लामो विश्रामपछि अभिनेत्री श्वेता खड्काले अभिनयमा पुनरागमन गर्ने निर्णय गरेकी छिन् । करिब चार वर्ष चलचित्रबाट टाढा रहेकी श्वेताले आफ्नै लगानीको चलचित्र कान्छीमार्फत पुनरागमन गरेकी थिइन् । उक्त चलचित्र प्रदर्शन भएको झण्डै छ महिनापछि श्वेताले होम प्रोडक्सनभन्दा बाहिरको एउटा चलचित्रमा अभिनय गर्ने सम्झौता गरेकी हुन् । चलचित्र भैरेका निर्देशक एभरेस्ट सूर्य बोहोराको चलचित्र 'हेल्लो जिन्दगी' मार्फत श्वेताले अभिनयलाई निरन्तरता दिने निर्णय गरेकी हुन् । सिर्जना जोशीले निर्माण गर्ने उक्त चलचित्रमा यसअघि अदिती बुढाथोकीले अभिनय गर्ने चर्चा थियो । चलचित्र हेल्लो जिन्दगीमा अनुबन्धित भएपछि श्वेताले फेसबुकमा एउटा स्टाटस लेख्दै सम्झौता पत्रमा हस्ताक्षर गरेको दिनलाई खुसीको पल र एकदमै स्पेशल दिन भनेकी छिन् ।



# मिलनको स्टाटस

निर्देशक मिलन चाम्सलाई अचेल मेसिन भन्न थालिएको छ । लगातार एकपछि अर्को चलचित्र निर्माण तथा निर्देशन गरिरहेकाले उनलाई यो उपनाम दिइएको हो । काम गर्ने क्रममा उनले थुप्रै आलोचकसमेत कमाएका छन् । सार्वजनिक समारोहहरूमा चाम्स कहिलेकाहीं ती आलोचकमाथि तीतोसमेत पोख्छन् भने कहिलेकाहीं त्यसका लागि सामाजिक सञ्जाले प्रयोग गर्छन् । यतिबेला चाम्सको एउटा स्टाटसले धेरैको ध्यान तानेको छ । 'यो जोसँग सम्बिन्धित छ' शीर्षकको उक्त स्टाटसमा चाम्सले लेखेका छन्– 'तरबारभन्दा कमल खतरनाक, अझ त्यो भन्दा खतरनाक के हो थाहा छ...होस्, पछि भन्छु किस्ताबन्दीमा । मलाई बर्बाद हुनु छैन । हामी कुरा गर्छौं आग्राको, हजुरहरू कुरा गर्नु हुन्छ गाग्राको । यो देशमा न निर्माताको महत्व छ, न कलाकारकै, विचरा हामी...।' चाम्स यत्तिमै रोकिएका छैनन् । उनी लेख्छन्– 'जय युट्युब च्यानल, जय गुटबन्दी, जय टिकटक, जय चलचित्र राजनीति । अब मलाई फोन आउनेछ । हैट, किन यस्तो बोलेको चलचित्र रिलिज हुने बेलामा, चुप लागेर बस, त्यत्तिकै पनि तिम्रा दुश्मन धेरै बढेका छन् आजकल ।' चाम्सले कोष्ट भित्र लेखेका छन्– 'अब म डराउनेछु, सम्भवतः डिप्रेसनको शिकार हुनेछु, ओ माइ गड...पैसा, मेहनत, माइनस ९ डिग्रीमा काम गरेका विचरा कलाकार जाडोमा मुडा लडे जस्तै ड्याङ ड्याङ ढलेको, त्यत्रो टिमले दुःख गरेको...ला, अब के गर्ने होला, उफ अब के हुन्छ होला) भित्री तर यथार्थ कुरा, सरी ल...।



## पोजेटिभ भाइब्स

- सधैं सकारात्मक सोच्ने
- कडा मेहनत गर्ने
- परिवारलाई प्राथमिकता दिने
- कुनै पनि काम गर्दा गहिराइसम्म बुझेर गर्ने
- कठिन परिस्थितिलाई सहज रूपमा लिने ।

सारा सिर्पाइली, अभिनेत्री



# सुहानाको प्रशंसामा अनमोल

'क्याप्टेन' प्रदर्शन भएको ४२ दिनपछि अनमोल केसीको नयाँ चलचित्र 'ए मेरो हजुर-३' दर्शकमाझ आउनेछ। उक्त चलचित्रमा अनमोलका साथमा नयाँ अनुहार सुहाना थापाले चलचित्रमा पदार्पण गर्दैछिन्। सुहाना निर्माता सुनिल कुमार थापा तथा अभिनेत्री/निर्देशक झरना थापाकी छोरी हुन्। यसबीच क्याप्टेनको प्रचार-प्रसारमा केन्द्रित अनमोलले सुहानाको खुलेर प्रसंसा गरेका छन्। अनमोलको दाबी छ- सुहानाले चलचित्र क्षेत्र हल्लाउने छिन्। अनमोलका अनुसार अभिनय क्षेत्रमा सुहानाको भविष्य सुन्दर छ। 'झरना दिदीले सुहानालाई त्यत्तिकै मैदानमा ओराल्नु भएको होइन, अनमोलको भनाइ छ– 'सुहा( नालाई एकदमै ट्रेन्ड गराएर ल्याउनुभएको छ। सुहानालाई पनि यही क्षेत्रमा केही गरौं भन्ने लागेको छ।' अनमोलका अनुसार सुहाना मेहनती पनि छिन्। प्रदर्शन मिति नजिकिँदै जाँदा ए मेरो हजुर-३ को यूनिट भने त्यसको प्रचार-प्रसारमा जुट्ने तयारी गर्दैछ।





# एवार्डैं एवार्ड

अभिनेता श्रीदेव भट्टराईका लागि वर्ष २०७५ भाग्यशाली सावित हुँदै गएको छ। दर्जनौं म्युजिक भिडियोमा अभिनय गरेका यी अभिनेता चलचित्रमा समेत उत्तिकै सक्रिय छन्। न्यू जेनेरेसन, ढुंगे युग-२, छल, चाल, बिरानो माया, कुइँनेटो, सुकुलगुन्डाजस्ता चलचित्रमा अभिनय गरिसकेका यी अभिनेतालाई हालै एउटा संस्थाले वार्षिक ५ लाख रुपैयाँ पारिश्रमिक दिँदै ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ। अधिकांश गायक-गायिकाका गीतका म्युजिक भिडियोमा अभिनय गरिसकेका यी अभिनेताले यो वर्ष वितरण गरिएका प्रायः सबै म्युजिक एवार्डमा सर्वोत्कृष्ट पुरुष मोडलको एवार्ड जितेका छन्। यसक्रममा उनले चलचित्र विरानो मायाको उत्कृष्ट भूमिकाका लागि मोडल सङ्स नेपाल, पेजेन्ट नेपाल तथा इनास दुबईबाट उत्कृष्ट अभिनेताको एवार्ड हात पारे भने क्यापिटल म्युजिक एवार्ड, सगरमाथा म्युजिक एवार्ड, म्युजिक खबर म्युजिक एवार्ड, छायाँछवि इन्टरनेशनल एवार्डमा सर्वोत्कृष्ट भिडियो मोडलको एवार्ड जिते। 'यी सबै एवार्डलाई मैले आफ्नो कामको मूल्यांकनका रूपमा लिएको छ, श्रीदेव भन्छन्– अहिले म म्युजिक भिडियो र चलचित्रमा तालमेल मिलाएर काम गरिरहेको छु।

# चम्कियो भाग्य

अभिनेता अनमोल केसीसँग अभिनय गर्दैमा भाग्य चम्किँदैन भन्ने अभिव्यक्ति दिएको केही दिनमै अभिनेत्री उपासना सिंह ठकुरीको करियरमा नयाँ मोड आएको छ। क्याप्टेनको व्यवसायिक सफलतासँगै आफ्नो प्रभावशाली अभिनयले दर्शक तथा समीक्षकको मन जित्न सफल उपासनाले 'कबड्डी' श्रृंखलाको तेस्रो भागबाट अभिनयका लागि प्रस्ताव पाएकी छिन्। निर्देशक रामबाबु गुरुङले उपासनालाई चलचित्रको मुख्य भूमिकाका लागि प्रस्ताव गरेपछि अहिले निर्देशक गुरुङ तथा अभिनेत्री सिंहको भेटघाट बाक्लिएको छ। भन्नेहरू रामबाबुले उपासनालाई कबड्डी-३ का लागि अनुबन्ध गरिसके ... को बताइरहेका छन्। यद्यपि, यसको आधिकारिक पुष्टि हुन भने बाँकी नै छ। किनभने, स्वयं उपासना ... यो विषयमा मौन छिन्। उपासनाले प्रस्ताव आएको कुरा स्वीकार गर्दै अभिनय गर्ने कि ... नगर्ने विषयमा केही दिनभित्रै निर्णयमा पुग्ने बताएकी छिन्।

छोटो-मीठो



● सलिनमान बनियाँ, अभिनेता

# म रिलेसनसिपमा छु

चलचित्र 'ए मेरो हजुर-२' मार्फत रजतपटमा उदाएका अभिनेता सलिनमान बनियाँ युवापुस्तामाझ लोकप्रिय अनुहार हुन्। पहिलो चलचित्रबाटै युथ आइकनको छवि बनाएका सलिनमानका महिला प्रशंसकको संख्या प्रशस्तै छ। ५ फिट ९ इन्च अग्ला सलिनमानले स्नातक तहको अध्ययन पूरा गरेका छन्। २५ वर्षीय सलिनमान चलचित्र 'यात्रा : अ म्युजिकल भ्लग' मार्फत पुनः एकपटक दर्शकमाझ आउने तयारी गरिरहेका छन्। मानिसहरु तपाईंको थरसँग झुक्किएको पाइन्छ, तपाई बानियाँ कि बनियाँ ? म नेवार समुदायमा जन्मिएकाले मेरो थर बनियाँ। बानियाँचाहिं क्षेत्रीहरूले लेख्नुहुन्छ।

**दोस्रो चलचित्र यात्राबाट कत्तिको उत्साहित हुनुहुन्छ ?**

उत्साहित छु। एउटा राम्रो चलचित्र बनेको छ। मैले भ्लगरको भूमिका निर्वाह गरेको छु। रोमान्टिक चलचित्र भए पनि यसपटक एक्सनमा पनि राम्रै मेहनत गरेको छु।

**यात्रा किन हेर्ने ?**

यात्रा एउटा बिल्कुलै फरक जनराको मनोरञ्जक चलचित्र हो। ब्लगिङ, भ्लगिङ गर्ने एउटा पुस्तालाई यो चलचित्रले प्रतिनिधित्व गरेको छ। चलचित्रमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने प्रयास समेत गरिएको छ। एक वाक्यमा भन्नुपर्दा यो चलचित्र विशुद्ध मनोरञ्जनका लागि हेर्ने हो।

**तपाई कहिलेदेखि फेसनेवल हुन थाल्नुभएको हो ?**

करिब चार वर्ष भयो मैले आफ्नो फेसन र स्टाइललाई ध्यान दिन थालेको।

**तपाईंका स्टाइल गुरु पनि छन् कि ?**

त्यस्तो त कोही छैन। यद्यपि मेरो भिनाजु सविनमान ताम्राकारले मलाई स्टाइलिस्ट बन्ने टिप्स दिनुभएको थियो। त्यसबाहेक म गायक जस्टिन बिबरलाई लामो समयदेखि फलो गरिरहेको छु। बिबरकै कारण ममा फेसन र स्टाइलिङको सेन्स विकासित भएको हो।

**प्रायः लङ वेयरलाई प्राथमिकता दिनुहुन्छ नि ?**

मेरो शारीरिक बनावटअनुसार लामो पहिरन सुहाउँछ भन्ने लागेपछि प्रायः लामै पहिरन लगाउँछु। जाडोमा ओभरकोट छुटाउँदिनँ, गर्मीमा लगाउने टिसर्ट पनि लङ नै छन्।

**ओभरकोटको त कलेक्सन नै होला हैन ?**

त्यस्तै १९-२० वटा जति छन्।

**पहिरनको सपिङ कहाँ गर्नुहुन्छ ?**

प्रायः विदेशबाट मगाउँछु। काठमाडौंमै लिनुपर्‍यो भने डिजाइनर वेयरलाई प्राथमिकता दिन्छु। त्यसबाहेक नयाँ-नयाँ स्टाइलका पहिरनका लागि सिभिल मल तथा कोरियन सप गैरहन्छु।

**हेयर स्टाइल चाहिं कोबाट प्रभावित हो ?**

यो मेरो आफ्नै स्टाइल हो। म प्रायः लक्ष्मी हेयर सैलुनमा आफ्नो हेयर स्टाइल बनाउँछु।

**ब्रेकअप भएको छ कि छैन ?**

त्यो त अभियस्ली भैहाल्छ नि। धेरै पटक भएको छ।

प्रस्तुति : कृष्ण भट्टराई

# आइक्लबमा फेसन मेनियाँ



दरबारमार्गस्थित आईक्लबमा अघिल्लो बुधवारको वातावरण केही फरक थियो । मोडलहरू लामो समयदेखि आयोजना हुँदै आएको फेसन मेनिया शीर्षकको फेसन शोको १९ औं श्रृंखलामा क्याटवाक गर्न तयार देखिन्थे । राति दस बजेपछि त्याम्पमा चम्किलो प्रकाशसँगै मोडलहरूको क्याटवाक प्रारम्भ भयो । कोरियोग्राफर विनोद सिंह मोडलहरूले करिब दुई साताको प्रशिक्षण लिएको बताइरहेका थिए । अभिनेत्री कविता श्रेष्ठ शो-स्टपर रहेको उक्त फेसन शोका क्रममा गायक सुमन श्रेष्ठले सांगीतिक प्रस्तुति दिएका थिए भने जादुगर तथा अभिनेता महादेव त्रिपाठीको हास्य प्रस्तुतिबाट दर्शकले प्रशस्त मनोरञ्जन प्राप्त गरे । उक्त फेसन शोमा डिजाइनर्स हाउस तथा एसएनएस ट्रेड कन्सर्नका पहिरनहरू प्रदर्शन गरिएको थियो ।



# बेहुली श्रृंगार प्रतियोगिता

पोखरामा सञ्चालित बेहुली श्रृंगार प्रतियोगिताको उपाधि नवलपुरकी नवीना श्रेष्ठ लामाले जितेकी छिन् । सौन्दर्य कला व्यवसायी संघ, कास्कीद्वारा आयोजित उक्त प्रतियोगिता लेकसाइडको ओजन रेस्टुरेन्ट एन्ड लाउन्ज बारमा सञ्चालन गरिएको थियो, जसमा पोखराकी आकृति गुरुङ फस्ट रनर्सअप तथा मनीषा कोजू सेकेन्ड रनर्सअप घोषित भए ।

भ्युअर च्वाइसको पुरस्कार सुप्रिया भुजेलले हात पारिन् भने मोडल अफ द इयर भावना लम्साल भइन् । गण्डकी प्रदेशस्तरीय यो प्रतियोगिताको अडिसनमा सहभागी ४० जनाबाट उत्कृष्ट १८ चयन गरी फाइनलमा उतारिएको थियो ।




# सरितालाई मिस तामाङको उपाधि

काठमाण्डौंमा सम्पन्न मिस तामाङ-२०१९ को फाइनलमा सरिता तामाङ विजेता घोषित भएकी छिन् । कमलादीस्थित प्रज्ञा भवनमा सञ्चालित प्रतियोगितामा २३ जना तामाङ युवती उपाधि दौडमा सहभागि थिए । प्रतियोगितामा सविना दोङ फस्ट रनर्सअप तथा अप्सरा स्याङतान सेकेन्ड रनर्सअप भए । यो प्रतियोगिता एभरेष्ट फेसन होम तथा नेपाल तामाङ कला संस्कृति केन्द्रले संयुक्त रूपमा आयोजना गरेका हुन् ।

# किड्स एन्ड टिन फेसन मोडल

ड्रिम सर्च एजेन्सीद्वारा आयोजित किड्स एन्ड टिन मोडल फेसन मोडल प्रतिस्पर्धामा प्रि-किड्स फेसन मोडल-२०१९ यशाश्री महर्जन भएका छन् भने किड्स मेल फेसन मोडल-२०१९ सहस्र प्रधान । त्यस्तै किड्स फिमेल मोडल-२०१९ श्लेषा विष्ट घोषित भएकी छिन् भने प्रि-टिन मेल फेसन मोडल स्वागत मल्ल भएका छन् । त्यस क्रममा बेविशा भण्डारी प्रि-टिन फिमेल फेसन मोडल-२०१९घोषित भइन् । यी पाँच जना विजेताले अब थाइल्यान्डमा हुने इन्टरनेसनल फेसन फेस्टिबल-२०१९ मा सहभागी हुने अवसर प्राप्त गर्ने बताइएको छ ।






# मिनाक्षीलाई उपाधि

दोस्रो सिजनको वार अफ डान्सको उपाधि होटल म्यानेजमेन्ट अध्ययनरत म्याग्दीकी मिनाक्षी तिलिजाले जितेकी छिन् । माछापुच्छ्रे नृत्य प्रशिक्षण केन्द्रले आयोजना गरेको नृत्य विधाको यो प्रतियोगीतामा पर्वतकी आरती पुन फस्ट रनर्सअप तथा कास्कीकी सुस्मिता सुनार सेकेन्ड रर्नसअप घोषित भए । नेपालका विभिन्न ठाउँमा भएको अडिसनमा सहभागी ३ सय ७३ जनामध्येबाट छानिएका १५ जनालाई पोखरा उद्योग वाणिज्य संघको हल गैरापाटनमा सोमबार आयोजित अन्तिम प्रतिस्पर्धामा उतारिएको थियो ।

# निमा मिस धिमाल




मिस धिमाल-२०१९ को उपाधि मोरङ, उर्लाबारी नगरपालिका-९ की निमा धिमालले जितेकी छिन् । उर्लाबारीमा भएको ग्रान्ड फिनालेमा निमाले आफ्ना १९ जना प्रतिस्पर्धीलाई पछि पारेकी थिइन् । प्रतियोगितामा झापा, बिर्तामोडकी प्रतिमा धिमाल फस्ट रनरअप भइन् भने मोरङ, बेलबारीकी रबिना धिमाल सेकेन्ड रनर्सअपमै रोकिइन् ।

धिमाल जाति विकास केन्द्रको भ्रातृ संगठन धिमाल विद्यार्थी मञ्चले आयोजना गरेको यो प्रतिस्पर्धा अल्पसंख्यक धिमाल जातिका युवतीहरूको क्षमता अभिवृद्धि तथा प्रतिभा प्रस्फुटनका लागि उपलब्धिमूलक रहेको बताइएको छ । प्रतियोगितामा मिस ट्यालेन्ट, मिस क्याटवाक, मिस फोटो जेनिकलगायत आठवटा सब-टाइटलमा विभिन्न प्रतिस्पर्धी पुरस्कृत भएका थिए । यो प्रतियोगिताको कोरियोग्राफी प्रमिशा बज्राचार्यले गरेकी थिइन् ।

# देउखुरीमा महोत्सवको रौनक

भालुबाङ महोत्सवले देउखुरी उपत्यकालाई तताएको छ । दिनहुँ नयाँ-नयाँ कलाकारको सांगीतिक प्रस्तुतिले दर्शकहरूलाई निकै लोभ्याइरहेको छ । स्थानीय बासिन्दाहरू बेला-बेला बिग्रने मौसमको पर्वाह नगरी कलाकारहरूको गीत-संगीतमा झुमिरहेका छन् ।

यस क्रममा गायक प्रमोद खरेलले आफ्ना गीतबाट भालुबाङ तताए भने लोकगायक बद्री पंगेनीले दर्शकलाई हँसाउने र रुवाउने काम एकसाथ गरे । उनले आर्थिक अभावले बिदेसिन बाध्य नेपाली युवाहरूको कथा गीतमार्फत प्रस्तुत गर्दा दर्शकहरू भावुक भएका थिए । उता गायिका ज्योति मगरको प्रस्तुतिमा युवाहरू मञ्चसम्मै पुगेर उफ्री-उफ्री नाचेका थिए । यसैगरी कार्यक्रममा गायक कृष्ण रेउले, गंगा पुन, प्रेम शर्मा आदिको प्रस्तुतिसमेत समेटिएको थियो । १२ दिन चलेको राप्ती कृषि, पर्यटन, औद्योगिक तथा व्यापारिक महोत्सव १ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको आयोजक राप्ति उद्योग वाणिज्य संघ भालुवाङका अध्यक्ष जगतप्रसाद पोखरेलले बताए ।

दुर्गालाल केसी




पहिलो विश्व




# तान्यो रियो कार्निभलले

ब्राजिलको साओ पाउलो तथा रियो दि जेनेरियोमा वार्षिक रूपमा आयोजना हुने कार्निभलले विश्वभरका मानिसलाई आकर्षित गर्दै आएको छ । यो कार्निभलको लोकप्रियता र त्यहाँ प्रस्तुत गरिने झाँकीले विश्वका लाखौं पर्यटकलाई आकर्षित गरिरहेको हुन्छ । पोसाकको रंगमा देखिने विविधता, अर्धनग्न महिलाहरूको नृत्य, झाँकी, विशाल आकृति तथा परेड नै यो कार्निभलको मुख्य आकर्षण हो । यो वर्ष पाँच दिनसम्म चलेको कार्निभलका केही तस्बिर :

**तस्बिर : एपी/एएफपी**




# काँच होइन रहेछ





बेलायतको लण्डनमा बसोबास गर्ने डेब्रा गोडार्ड अस्वाभाविक रुपमा करोडपति भएकी छिन् । घटनाअनुसार गोडार्डसँग विगत ३० वर्षदेखि एउटा सुनको औंठी थियो । जसमा एउटा चम्किलो पत्थर जडान गरिएको थियो । उक्त औंठी गोडार्डकी आमाले सेलमा १० पाउन्डमा किनेकी थिइन् । अहिले तिनै आमा बिरामी भएपछि गोडार्ड उक्त औंठी बेच्ने मनसायले गहना पसल पुगिन् । गहना पसलेले उक्त औंठीमा भएको पत्थर सामान्य काँच नभएर बहुमूल्य हीरा भएको बताउँदै त्यसलाई लिलामीमार्फत बिक्री गर्न सुझाव दिए । गहना पसलेको सुझावअनुसार गोडार्ड सामान लिलाम गर्ने केन्द्रमा पुगिन्, जहाँ उनको औंठीमा जडान गरिएको हीराले ७ लाख ४० हजार पाउन्ड प्राप्त गर्‍यो । यति धेरै पैसा आएपछि अहिले यी आमा-छोरी अभावग्रस्त जीवनबाट मुक्त भएका छन् ।

# सेलिब्रेटीको नक्कल गर्दा





फेसन ब्लगर लाउरा कुनै पनि सेलिब्रेटीले लगाएको पहिरनलाई आफ्नै ढंगले नक्कल गर्न माहिर छिन् । आफूले गरेको नक्कललाई उनी आफ्नो ब्लगमा अपलोड गर्छिन् । उनको काम प्रशंसनीयभन्दा पनि हास्यास्पद हुने गरेको छ । लाउराले डिजाइनर थिएरी मुग्लरले किम कादर्सिनका लागि डिजाइन गरेको पहिरनलाई आफ्नै ढंगले परिमार्जन गरेकी थिइन् । कालो पहिरनलाई आफैंले कैंचीले काटेर कादर्सिनले लगाएजस्तो बनाउँदा उनको हालत यस्तो भएको थियो ।

सन्दर्भ : अन्तर्राष्ट्रिय नारी दिवस

# सी डिसाइड्स-सी क्यान




तस्बिरहरू : हेमन्त श्रेष्ठ

लक्ष्मी भण्डारी

भर्खरै सी डिसाइड्स डे मनाइएको छ । मार्च २ मा संसारभरका विभिन्न स्थानलगायत नेपालमा समेत मनाइएको सी डिसाइड्स डेले महिला अधिकार एवं हकहितका क्षेत्रमा नयाँ तरंग ल्याएको छ । सी डिसाइड्स डे मनाउने क्रममा कतै-कतै १ लाख २० हजारभन्दा बढी महिला-पुरुष तथा युवाहरूको सहभागितासमेत देखियो । नेपालमा भने संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए) को सहयोग एवं अधिकारकर्मी तथा अभियन्ता शान्तालक्ष्मी श्रेष्ठको अगुवाइमा यो सम्मेलन सम्पन्न भएको हो । ह्यासट्याग मी टुको चर्चा नसेलाउँदै नयाँ आवरणमा झुल्किएको सी डिसाइड्स अभियान अहिले संसारभर विस्तारित हुँदै गएको छ ।

‘हामी देखिरहेका छौं, संसारमा हरेक महिला तथा युवती गोपनियता, लैंगिक पहिचान, जीवनसाथी छनौट, यौनसुख, विवाह, बालबच्चा, अस्थायी साधनको प्रयोग, बाँझोपन, गर्भावस्था, गर्भपतन, क्यान्सर, एचआइभी-एसटिडी तथा एड्स अनि विविध खालका हिंसाका सम्बन्धमा आवाज उठाउन प्रयासरत छन् । यही समाजमा दबाबमा विवाह, बालविवाह, गर्भवती, गर्भपतन अनि लिङ्गका आधारमा हिंसा र भेदभाव पनि उत्तिकै छ । यो अभियानको मुख्य उद्देश्य जब एउटी महिला वा युवती सी डिसाइड्सका लागि तयार हुनेछिन् तब संसार मजबुत र सुरक्षित हुनेछ भन्ने हो । जब कुनै महिला आफूमा निहित अधिकारको प्रयोग एवं सम्मान गर्दै आफ्नो स्वास्थ्य, जीवन र भविष्य सुधारका लागि अघि बढ्नेछिन्, जसले एक व्यक्ति मात्र नभै समग्र परिवार, समाज र राष्ट्रको स्तरोन्नति हुनेछ भन्ने मूल मन्त्र बोकेको यो सन्धिमा हरेक व्यक्ति, संघ-संस्था र राष्ट्रसमेतले हस्ताक्षर गर्न सक्छन् ।




जब नारीका लागि अरूले निर्णय गर्छन् तब उनी हिंसा, मनोविषाद एवं अस्वस्थताको सिकार हुँदै उनको आत्मसम्मानमा ठेस लाग्नेदेखि लिएर उनका सपना मात्र होइन, जीवन नै समाप्त हुन्छ । त्यसैले यो अभियानले महिला आफूले निर्णय गर्न नपाउने बित्तिक्कै आफूलगायतको जीवन सिर्जनामा अवरोध आउने र चौतर्फी हिंसा बेहोर्नुपर्ने तथ्यलाई महत्व दिएको छ । नेपालमा भने यस्ता अभियानले सफलता प्राप्त गर्ने कुरा यहाँ सदियौंदेखि चलिआएका हाम्रा संस्कार, रीतिरिवाज, मूल्य-मान्यता, परम्परा एवं सामाजिक सोचको तहले निर्धारण गर्ने संविधानविद् पूर्णमान शाक्य बताउँछन् । ‘आर्थिक, सामाजिक, सांस्कृतिक एवं व्यवहारिक दृष्टिकोणबाट यसमा हामीले धेरै मेहनत गर्नुपर्छ ।’ शाक्य भन्छन्- ‘यद्यपि परिवर्तन असम्भव छैन ।’ उता अभियानको नेतृत्व गरिरहेकी बियोन्ड बेइजिङ कमिटीकी अध्यक्ष शान्ता लक्ष्मी श्रेष्ठ भने महिलाहरूलाई आफ्नो निर्णय आफैं गर्न सक्ने बनाउने कुरा सम्भव बनाएरै छाड्ने कुरामा दृढ देखिन्छिन् । श्रेष्ठ भन्छिन्– नयाँ कुराको सुरुवात हरेक व्यक्तिबाट हुनुपर्छ । जुनसुकै अभियान एक जना मानिसले नै चलाउने हो । हिजोका रीतिरिवाज पनि हामीजस्तै मानिसबाट सुरु भएका हुन् । परिवर्तन हामी आफैंले गर्नुपर्छ । जब महिला आफ्नो शरीर, जीवन र भविष्यका बारेमा निर्णय गर्न सक्ने हुन्छिन् तब नेपाली समाज र नेपाल मात्र होइन विश्व नै सुरक्षित हुनेछ अन्यथा हिंसाले प्रश्रय पाइरहनेछ ।’

पृष्ठ २३ मा



**शान्ता लक्ष्मी श्रेष्ठ**
**अध्यक्ष, बियोन्ड बेइजिङ कमिटी नेपाल**

### नेपालमा सी डिसाइड्स सम्मेलन कसले आयोजना गरेको हो ?

यसपटक नेपालमा सम्पन्न सी डिसाइड सम्मेलन सी डिसाइड्स मुभमेन्टको वेबसाइटमा रहेको ग्लोबल टिम, रिजनलमा एरो (मलेसियास्थित एसिया प्यासिफिक रिसर्च एन्ड रिसोर्स सेन्टर अन वुमन), दिल्लीस्थित आइपिपिएफ तथा नेपालमा स्थानिय आयोजक बियोन्ड बेइजिङ कमिटीले संयुक्त रूपमा आयोजना गरेका हुन् ।

### क-कसको सहभागिता थियो ?

२५ देशका २५ वर्ष उमेर समूहका २५ जना महिला-पुरुष ग्लोबल लिडर्स रहेको सम्मेलनमा बेलायत, अफगानिस्तान, फिलिपिन्स, भारत, पाकिस्तान, भुटान, बंगलादेश, श्रीलंका, बेल्जियम, केन्या, मलावीलगायत ४५ देशका अभियन्ताहरूको सहभागिता थियो । नेपालका तर्फबाट हरेक प्रदेशका एक-एक सांसद तथा युवा, संघीय संसद्का १८ कमिटीमध्येका ८ वटा कमिटीका महिला अध्यक्षलगायत ठूलो संख्यामा राजनीतिज्ञ, अधिकारकर्मी, कूटनीतिज्ञ, लेखक, पत्रकार आदि सम्मेलनमा सहभागी थिए ।

### नेपालजस्तो मुलुकमा यस्ता “मोर्डन मुभमेन्ट” कतिको टिकाउ ठहरिएला ?

कुनै पनि अभियान चलाए चल्छ, नचलाए चल्दैन । हाम्रो परिप्रेक्ष्यमा हामी महिला तथा युवतीले आफ्नो शरीर तथा प्रजनन स्वास्थ्यमा आफ्नो निर्णय हुनुपर्छ भन्ने हो । संविधानमा मौलिक अधिकारमै महिलाहरूलाई प्रजनन स्वास्थ्य अधिकार दिइएको छ । यो कुरालाई संविधान र ऐनले नै सुनिश्चित गरेको छ । खास गरेर महिलाको शरीर विवाहपछि श्रीमान्को भन्ने सोच अझै छ, तर पुरुषको शरिर पुरुषको र महिलाको शरीर महिलाकै हुनुपर्छ भन्ने यो अभियानको सार हो । यसले जुन बेला चाह्यो त्यही बेला शारीरिक सम्पर्कका लागि महिला तयार हुनुपर्ने र नचाहँदा-नचाहँदै पनि सन्तान जन्माइदिनुपर्ने कुराबाट महिलाहरूलाई मुक्त गर्छ । आठवटा छोरी पाइसक्दा पनि छोराका लागि पुनः गर्भवती हुनुपर्ने, शरीरिक स्वास्थ्यका कारण गर्भपतन गराउन खोज्दा आफ्नो शरीरमाथि अरुकै निर्णय हावी हुने जस्ता समस्यालाई यो अभियानले सुल्झाउँछ ।

### आगामी योजना के-के छन् ?

आईसीपिडी सम्मेलन (सन् १९९४ मा कायरोमा भएको) को पच्चीसौं वार्षिक उत्सवका अवसरमा २५ देशका २५ वर्षका २५ जनालाई ग्लोबल लिडरका रूपमा अगाडि ल्याइएको छ । यिनीहरू नै सन् २०१९ को नोभेम्बरमा केन्याको राजधानी नैरोबीमा हुने सम्मेलनमा सहभागी हुनेछन्, जसमा नेपालका तर्फबाट सविना पोखरेलले प्रतिनिधित्व गर्नेछिन् । त्यहाँ उनले हाम्रा नीति-कार्यक्रमका सम्बन्धमा अन्तर्राष्ट्रिय प्लेटफर्ममा जानकारी दिनेछिन्, जसले गर्दा एक्सनमा जान थप सहयोग मिल्नेछ ।



पृष्ठ २२ बाट

'जब उनी निर्णय गर्छिन्–संसार थप बलियो, सुरक्षित र सुन्दर बन्नेछ।' भन्ने नाराका साथ सुरु भएको सी डिसाइड्सको मुख्य धारणा के हो भने– उनी आफैंले निर्णय गर्न पाउनुपर्छ, कहाँ, कहिले र कोसँग शारीरिक सम्पर्क राख्ने, प्रेम गर्ने, विवाह गर्ने, बच्चा जन्माउने, स्वस्थ शरिरको छनौट, गर्भनिरोधको साधन प्रयोग गर्ने वा नगर्ने, गर्भपतन गराउने-नगराउने, तनाव मुक्त रहने, क्षतिबाट जोगिने, न्याय-अन्याय छुट्याउने आदि विषयमा नारीको पहिलो अधिकार स्थापित हुनुपर्छ।

पूर्वमिस नेपाल तथा सञ्चारकर्मी माल्भिका सुब्बाका अनुसार उनको पुस्ताका धेरै युवतीले यस्तो स्वतन्त्रता अनुभव गर्न पाएका छन् भन्ने अनुमान छ, जस्तो कि उनी आफ्ना बारेमा अरूको निर्णय कदापी हाबी हुन दिन्नन्। 'तैपनि नेपालमा सबै नारी यही तहका छैनन्,' सुब्बा भन्छिन्- हामीकहाँ धेरैजसो महिला तथा युवती स्वनिर्णयबाट वञ्चित भएकै कारण विविध खालका हिंसामा परेका छन्। तिनका लागि अब हामी उठ्नैपर्छ, बोल्नैपर्छ जसमा यस्ता अभियानले संयन्त्र बनेर वकालत र नेतृत्व गर्छन।' लामो समयदेखि महिला अधिकारका क्षेत्रमा कार्यरत लिली थापाका अनुसार समृद्ध नेपालको नारा साकार बनाउन यहाँका ५२ प्रतिशत महिला समृद्ध हुनैपर्छ। 'त्यसका लागि पनि अब यस्ता अभियान चल्नैपर्छ, चलेर मात्र हुँदैन, कार्यान्वयन हुनैपर्छ।' थापा भन्छिन्- 'त्यसका लागि नारी स्वयंले निर्णय गर्न सक्ने अवस्था र अनुकूल वातावरण सिर्जना गरिनुपर्छ।'

## के हो सी डिसाइड्स ?

महिलाका हक-अधिकार, स्वतन्त्रता, सशक्तिकरण, प्रजनन स्वास्थ्य अधिकार, आर्थिक-सामाजिक एवं मानसिक सबलताका मुद्दा अब नौला रहेनन्। सयौं वर्षदेखिका यी महिला मुद्दा चरम विकसित र पश्चिमा मुलुकमा त स्थापित भै नै सके, तर हामीकहाँ अझै प्रारम्भिक चरणमै छन्। केही वर्ष अघि एमनेस्टी इन्टरनेसनलगायत मानवअधिकार संघ-संगठनहरूले उठाएको 'माई बडी माई राइट्स' को झझल्को दिने तर त्यो भन्दा भिन्न सी डिसाइड्स अभियानले हरेक महिला तथा युवतीका लागि आफ्नो शरिर, जीवन र भविष्यका बारेमा बिना कुनै प्रश्न निर्णय लिन सक्ने अधिकारको पक्षमा बोल्छ। यसले यस्तो आवाज बुलन्द पारेको छ- बिनाकुनै प्रश्न कुनै पनि महिला वा युवतीले आफ्नो शरिर, आफ्नो जीवन र आफ्नो भविष्यका सम्बन्धमा निर्धक्क निर्णय लिन सक्ने अधिकार आफूमा निहित राख्नेछिन्। त्यसमा कसैले कुनै प्रश्न उठाउन वा रोकतोक गर्न पाउनेछैन। यो एक विश्वव्यापी अभियान हो, जसले विश्व राजनीति, समाज र समुदायमा मात्र होइन हरेक महिला तथा युवतीको हृदयमा परिवर्तनको झंकार उत्पन्न गर्दै अघि बढ्न उत्प्रेरित गर्छ। हालसालै शुरु भएको सी डिसाइड्सको आधिकारिक पेजमा लेखिएको छ- हामी संसारका हरेक महिला तथा युवतीका मौलिक अधिकारभित्र उनको शरीरमाथिको अधिकार उनी आफैंमा निहित होस् भन्ने चाहन्छौं। समावेशी यौनिक शिक्षा, प्रजनन सम्बन्धी समग्र निर्णयको अधिकार लगायत आफ्नो जीवन र भविष्यको निर्णायक अधिकार सम्बन्धित व्यक्ति स्वयंको अधीनमा रहनुपर्छ।

यो अभियानले विश्वभरका राजनीतिज्ञ, फरक पेसा व्यवसायका विशेषज्ञ, मुख्यतः युवा जमातलाई ऐक्यबद्ध भएर नारी हितमा एउटा नयाँ बाटो पहिल्याउनका लागि अघि बढ्न आग्रह गरेको छ। यसमा लामो समयदेखिका अभियन्ता हुन् वा भर्खरै अभियान थालेका टिनएजर्स सबैलाई एकत्रित हुन र एकढिक्का भएर यो अभियानमा लाग्न आह्वान गरिएको छ।

## को को जोडिएका छन् अभियानमा ?

आरोन मोटसोयल्डी **(स्वास्थ्यमन्त्री, दक्षिण अफ्रिका)**

एलेक्जेन्डर डि क्रु **(उप-प्रधानमन्त्री तथा विकास सहकार्य मन्त्री, बेल्जियम)**

अल्भारो बर्मेजो **(डाइरेक्टर-जनरल, इन्टरनेसनल प्लान्ड पार्टनरहुड फेडरेसन)**

एमिनातु सर **(कन्ट्री डाइरेक्टर, पाथ, सेनेगल)**

एन्ने मारी भिरोलाइनेन **(मन्त्री, व्यापार तथा अन्तर्राष्ट्रिय विकास, फिनल्यान्ड)**

बिन्से ज्वावानास **(अन्डर सेक्रेटरी जनरल, अफ्रिका, संयुक्त राष्ट्रसंघ)**

क्रिस्टिन स्टेगलिन **(एक्ज्युकेटिभ डाइरेक्टर, फ्रन्टलाइन एड्स)**

देलबर नजारी **(मन्त्री, महिला तथा बालबालिका, अफगानिस्तान)**

जर्जिया अर्नोल्ड **(एक्ज्युकेटिभ डाइरेक्टर, एमटिभी)**

इन्दिरा जयसिंह **(मानवअधिकार अधिवक्ता, भारत)**

लिना अबिराफेह **(निर्देशक, इन्स्टिच्युट अफ वुमन स्टडी, साउदी अरेबिया)**

सिमोन कुक **(सिइओ, मेरी स्टोप्स इन्टरनेसनल)**

## कहाँबाट कसरी सुरु भयो ?

लिलियन प्लोमेन, नेदरल्यान्डकी पूर्व फरेन ट्रेड एन्ड डेभलपमेन्ट मिनिस्टर तथा हाल लेबर पार्टीका तर्फबाट संसद सदस्य हुन्। सन् २०१७ मा जब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्लोबल ग्याग रुलमा हस्ताक्षर गरे, उनले एउटा बोल्ड डिसिजन लिंदै महिलाको शरिरमाथिको अधिकारमा ट्रम्पको एक्लो निर्णय चल्दैन भन्ने अभिव्यक्ति दिइन्। उनको यो अभिव्यक्ति सामाजिक सञ्जाल, सञ्चार-माध्यम आदिमा भाइरल भयो। ह्यासट्याग चुलिंदै जान थाल्यो। त्यसको ठ्याक्कै ६ सातापछिको सम्मेलनमा २ करोड महिलाको प्रतिज्ञा आयो जुन ग्लोबल ग्याग रुलको गहिरो असर थियो। यसैबाट हौसिएर लिलियन प्लोमेनले शुरु गरेको यो अभियानमा हालसम्म विभिन्न राष्ट्रप्रमुख, नेता-अभिनेता, संयुक्त राष्ट्रसंघका प्रतिनिधिलगायत कूटनैतिक नियोगका नेतृत्व तहमा वर्चस्व जमाएका व्यक्तिहरूले साथ दिइरहेका छन्।

---

**पूर्णमान शाक्य,** संविधानविद् तथा वरिष्ठ अधिवक्ता



नेपालको संविधानमा हरेक नागरिकलाई आत्मसम्मानका साथ बाँच्न पाउने र वैयक्तिक स्वतन्त्रता, मौलिक हकका रूपमा प्रदान गरिएको छ। कुनै पनि नेपाली नारीले आफ्नो जीउ, जीवन र भविष्यका सम्बन्धमा जबसम्म आफैंले निर्णय गर्न पाउँदैनन् तबसम्म उनीहरूको यो मौलिक हक कागजी खोस्टाका रूपमा रहनेछ। वैवाहिक बलात्कारलाई मुलुकी अपराधसंहिताले अपराधका रूपमा परिभाषित गरिसकेको, कानुनले महिलालाई गर्भपतन गराउने-नगराउने सम्बन्धमा पनि आफ्नो जीउ ज्यानको सुरक्षा र इच्छालाई प्राथमिकता दिइसकेको तथा यस सम्बन्धमा परिवार तथा श्रीमान्ले करबल गर्न नपाउने अवस्था भएकाले पनि नेपालको कानुन महिलाका पक्षमा छ। यति हुँदाहुँदै पनि आर्थिक, सामाजिक, सांस्कृतिक एवं व्यवहारिक दृष्टिकोणबाट हामीले अझ धेरै मेहनत गर्नुपर्ने देखिन्छ। वास्तवमा यसको उपलब्धि अपेक्षाअनुसार हुन सकेको छैन। यसलाई हामीले चाहेजस्तो बनाउन बनाउन सामाजिक जनजागरणका कार्यक्रम, कानुनी साक्षरता र महिलाका पक्षमा कानुनको कार्यान्वय हुनुपर्छ यसका लागि प्रहरी-प्रशासन आदिमाझ सचेतनामूलक कार्यक्रमहरू चलाइनुपर्छ।

---



**लिली थापा,** अध्यक्ष, संकल्प

यो अभियानले युवाहरूलाई अलि बढी फोकस गरेको छ। महिला हितका विषयमा बिना प्रश्न निर्णय गर्न पाउने अधिकार नै सी डिसाइड हो। महिलाले आफ्ना लागि प्राथमिकता दिइरहेका हुँदैनन्। आफ्नो व्यक्तित्व बनाउने, ज्ञान हासिल गर्ने, करियर छनौट गर्ने, शरीरमाथिको निर्णय गर्ने अवधिभर महिला स्वयंले पाउनुपर्छ भन्ने यसको मूल उदेश्य हो। घरभित्रको निर्णय मात्र नभएर राष्ट्रनिर्माणमै अर्थपूर्ण सहभागिता र निर्णयमा उनीहरूको क्षमता अभिवृद्धि गर्न महिलाहरू आफैं अघि सर्नुपर्छ। देशका ५२ प्रतिशत महिला समृद्ध भए भने मात्र नेपाल समृद्ध हुन्छ त्यसका लागि महिला तथा युवा स्वयंले निर्णय लिन सक्ने वातावरण हुनुपर्छ। हामीकहाँ अझै पनि विवाह गर्ने, बच्चा जन्माउने, कतिवटा जन्माउने, छोरा हुनैपर्ने, २५ वर्ष नाघ्यो भने विवाह हुँदैन भन्दिने जस्ता कुरा समाज र परिवारले निर्धारण गर्छ। ति समग्र कुरामा महिला स्वयंको निर्णय हुनुपर्छ भन्ने नै यो अभियानको मूल मर्म हो।

---

**माल्भिका सुब्बा,** सञ्चारकर्मी



यी सबै म आफैंले उपभोग गरिरहेका कुरा हुन्। मैले आफ्नो जीवनमा जति पनि निर्णय लिएँ र लिइरहेकी छु स्वतन्त्र रूपमा आफैं लिइरहेकी छु। त्यसैले मेरा लागि यो नौलो कुरा हुँदै होइन। हाम्रो समाजमा महिलाले आफ्नो हकमा निर्णय लिन नसक्ने वातावरण बनाइदिने प्रचलन छ। लिन खोज्दा पनि नराम्रो हो भनिन्छ, जसले महिलाको आत्मविश्वास कम हुने, महिलामा म गलत हुँ कि भन्ने मानसिकता विकसित हुँदै जान्छ। जहाँसम्म शारीरिक सम्बन्धको कुरा छ यो दुई जनाबीचको सहमतिमा हुनुपर्छ, न कि पुरुष वा महिलाको एकल निर्णयमा। सी डिसाइड अभियानले माई बडी माई राइट्स अर्थात् मेरो शरीर मेरो अधिकारको वकालत गर्छ जस्तो लाग्छ। यो हाम्रो जस्तो समाजमा आवश्यक पनि छ जहाँ धेरै महिला तथा युवती स्वनिर्णयबाट वञ्चित भएकै कारण हिंसामा परेका छन्।

---



**फाइजा परविन,** संस्थापक निर्देशक, ओपन स्पेस नेटवर्क

अहिलेका युवाहरूमा जागरण आइसकेको छ। जस्तो कि पढ्ने विषयमा, करियर वा विवाहका सम्बन्धमा, आफूलाई मन पर्ने-नपर्ने कुरामा छनौट गर्ने अधिकार पाउने क्रममा छन्। मेरै परिवारमा दिदीले पढाइ सकेर करियर स्थापित गरी विवाह गर्नुभयो। मलाई परिवारले मेरो छनौटमा स्वतन्त्रता दिएको छ। २४ वर्ष पुगेकी म २ वर्षदेखि आफ्नै कम्पनी चलाइरहेकी छु जुन मेरो आफ्नै निर्णय थियो यसमा कसैको हस्तक्षेप थिएन। मेरो एक जना साथी छ जसको घरमा परिवारका हरेक सदस्य मांसहारी छन् तर उनी शाकाहारी हुन् र उनी महिनावारी पनि बार्दिन। सी डिसाइड नेपाली समाज परिवर्तनका लागि बलियो अस्त्र हो। यो ह्यासट्याग अभियानमा मात्र सीमित नरही कार्यान्वयनमा समेत गयो भने परिवर्तन सम्भव छ।

---

**मोहिनी प्रधान,** ब्राञ्च म्यानेजर, माछापुच्छ्रे बैंक, बालुवाटार



नेपालमा यो अभियान जटिल छ, किनभने यहाँ महिलालाई कुनै किसिमको स्वतन्त्रता छैन। परिवार तथा समाजमा महिलाको आवाज कमै सुनिन्छ। महिलाका विषयमा समाज खुलेर सहयोगी नभएका कारण यो विषय कठिन नै भए पनि असम्भव भने छैन। यो महिलाका लागि हुनैपर्ने कुरा हो। दर्जनौं महिला दिवस मनाए पनि अहिलेसम्म हाम्रो समाज महिलाका मुद्दामा पूर्ण सजग र सचेत हुन सकेको छैन। यो विषयमा महिलालाई सहयोग गर्नैपर्छ। महिला पहिलो शिक्षिका हो, यो तथ्य हामी सबैले बुझ्नैपर्छ। ब्रह्माण्ड सृष्टि गर्ने नै महिला हुन्, त्यसैले उनको मुल्य नबुझी सुखै छैन। यस्ता अभियान चल्नु जायज हो, अझ विशेष गरी हाम्रो जस्तो समाजको ग्रामीण क्षेत्रबाट यसको शुरुवात हुनुपर्छ। यसमा सञ्चारमाध्यम तथा निर्णायक तहको चासो र सहयोग रहनुपर्छ।

---



**सबिना पोखरेल,** सी डिसाइड्स ग्लोबल लिडर नेपाल, कार्यक्रम अधिकृत-भिजिबल इम्प्याक्ट्स

सहभागीहरू २५ वर्षका भन्ने थियो। सुचना प्रवाह भैरहेको थियो। यौन तथा प्रजननमा काम गरिरहेकी हुनाले म आफैं पनि यसमा सहभागी हुन पुगें र नेपालबाट २५ जनामा परें। अब मैले आफ्नो देशका टार्गेटेड समुदायमा पुगेर परिवर्तन ल्याउनुपर्नेछ। हामीले वकालत र काउन्सिलिङसँगै युथ नेटवर्कसँग कनेक्ट गरेर यो प्लेटफर्म प्रयोग गर्नेछौं। यथास्थितिमा परिवर्तन नै हाम्रो उपस्थिति हो। म सन् २०१९ को नोभेम्बरमा नैरोबीमा हुने सी डिसाइड्स सम्मेलनमा २५ वर्षमा नेपालले प्राप्त गरेका सफलता र अबको बाटो कसरी तय गर्ने भन्ने विषयमा प्रस्तुतीकरण दिने तयारी पनि गर्दैछु।

# साहित्यमय सीमान्त सहर

पर्वत पोर्तेल




कला-साहित्य उत्सवमार्फत मुलुकको सीमान्त सहर काँकरभित्ता तीन दिन (१८, १९ र २०) कला साहित्यमय भयो । २०६९ मा प्रारम्भ भएको साहित्य मेलाको यो चौथो संस्करण थियो ।

मेलामा नेपाल तथा भारतका 'हेभीवेट' लेखक एवं साहित्यकारहरूको जमघट थियो । समाजवादी चिन्तक प्रदीप गिरीदेखि वामपन्थी लेखक खगेन्द्र संग्रौलासम्मले उत्सवमा भाग लिए जहाँ समाचारका कुरादेखि पर्यावरणसम्मको चिन्ता गरियो । महोत्सवका तीन दिनमा करिब डेढ दर्जन विषयमा गम्भीर वहस भए भने नाटक, चित्रकला, तस्विर प्रदर्शनी एवं कविता वाचन पनि गरियो ।

उत्सवको पारम्परिक ढंग हुँदैन । कहिले क्यानभासमा रंग कोरिन्छ, कहिले अरू नै सिर्जनात्मक काम । यसपालि गीतवाट उत्सवको घुम्टो उघ्रियो । संगीत स्रोताले लेखेको 'तिमी चिन्दैनौ कोही जो किताबमा छैन..... ' गीत अंजनबाबु, सौरभ मैनालीको समूहले गाएपछि उत्सव सुरु भयो । उत्सवको मैझारो समाजवादी चिन्तक प्रदीप गिरीको सम्भाषणवाट भएको थियो ।

विश्लेषक हरि शर्माले 'लोकतन्त्र र आलोचनात्मक चेत' विषयमा विद्वत् प्रवचन दिँदै लोकतन्त्रमा आमनागरिकलाई प्रश्न गर्ने छुट हुनुपर्ने बताए । 'साहित्यको दलन' विषयमा युग पाठक, जेवी विश्वकर्मा, सुधिर क्षेत्री तथा दामोदर ढुंगेलले बहस गरेका थिए । 'आख्यानमा वर्गचेत' शीर्षकको छलफलमा सरस्वती प्रतीक्षा, पुण्यप्रसाद खरेल तथा रेमिका थापासँग पत्रकार दीपक सापकोटाले बहस चलाए । 'अभिव्यक्ति र वहिष्करण' शीर्षकको छलफलमा नयनराज पाण्डे, अनुभव अजित तथा सुप्रिया मानन्धरवीच वन्दना ढकालले छलफल चलाइन् । 'भू-राजनीतिक चिन्तन' मा भारतका प्राध्यापक महेन्द्र पी लामा तथा पत्रकार सुधीर शर्मावीच वसन्त बस्नेतले छलफल चलाए । छलफलमा बदलिदो परिस्थितिमा नेपालको परराष्ट्र सम्बन्ध कसिलो बनाउने कडीहरूको खोजी गरिएको थियो ।

दलालीको दलदलमा सांसद राम कार्की, लेखक विष्णु सापकोटा तथा पत्रकार अखिलेश उपाध्यायले छलफल गरे । निरोज कट्टेलले संचालन गरेको बहसमा पुँजीवादले पैदा गरेका तमाम समस्या केलाइएको थियो । पर्यावरणको खबरमा पत्रकारहरू नारायण वाग्ले र रमेश भुषाल सागर शिवाकोटीसँग गफिए । कविहरू विनोदविक्रम केसी, अभय श्रेष्ठ, गुरुङ सुशान्त तथा प्रणिका कोयुले काव्यमाथि विद्रोह गरे । चित्रकारहरू एससी सुमन, सरोजा खड्गी एवं पवन राजवंशीले लोक चित्रकलाका सम्बन्धमा विमर्श गरे । सांस्कृतिक राष्ट्रवादका सम्बन्धमा लेखक राजेन्द्र महर्जन, मानवशास्त्री डम्बर चेम्जोङ एवं लेखक अर्चना थापाले छलफल गरेका थिए । लेखक तथा चिन्तक आहुतिले 'दक्षिणपन्थको सांस्कृतिक जग' मा सम्भाषण दिए । अन्तिम दिन पाका समाजवादी चिन्तक प्रदीप गिरी मञ्चमा उक्लिए । गिरिले 'प्रेम र यौन: पहेली अनेक' शीर्षकमा करिव डेढ घण्टा अनुभव साटे । खासगरी महात्मा गान्धी र रजनिशको यौन जीवन जोड्दै उनले यौन र प्रेमका अनेकौ आयाममाथि चर्चा गरे । 'समृद्धि यात्राको संकट' मा अर्थशास्त्री खगेन्द्र प्रसाई र विश्व पौडेलसँग विनोद तिम्सिनाले बहस गरेका थिए ।

पत्रकारहरू शिव गाउँले, सुविना श्रेष्ठ र संगीत स्रोतासंग नारायण कडरियाले 'समाचार, झुटा समाचार र खरिद समाचार' विषयमाथि गम्भीर छलफल चलाए । समाज विज्ञान र मानवीय संकटका वारेमा संजीव उप्रेती, भाष्कर गौतम, अमिना सिंह र सुप्रिया मानन्धर बीच छलफल चलेको थियो । 'सत्ता र अभिव्यक्ति स्वतन्त्रता' शीर्षकमा सीके लाल र खगेन्द्र संग्रौलाले पालेपालो आफ्नो धारणा व्यक्त गरे । संग्रौलाले इतिहासमा आफूले झेलेका अभिव्यक्ति स्वतन्त्रताका अनुभूतिहरू सुनाए । 'पुरुषको मुक्ति कसरी ?' शीर्षकमा आहुति, सीमा आभाष र प्रणिका कोयू वीच भावना ओलीले रोचक वहस चलाइन् ।

रिडर्स झापाका अध्यक्ष उज्जवल प्रसाईलाई लाग्छ, 'मोफसलमा अध्ययन गर्ने संस्कार विकास गर्न स्थानीय स्तरबाटै प्रयास हुनुपर्छ ।' काठमाडौंको 'प्रभुत्व' लाई निस्तेज पार्ने एउटा अवसर 'कला साहित्य उत्सव' पनि हो । खासमा कला साहित्य उत्सव जयपुर लिट्रेचर फेष्टिवल, एनसेल लिट्रेचर फेस्टिबलहरूबाटै प्रेरित भएर आयोजना गरिएको हो । त्यस्ता महोत्सवहरूका बारेमा अखबारमा पढ्ने तर चाहेर पनि प्रत्यक्ष सहभागि बन्न नसक्ने साहित्यप्रेमीहरूको जमात ठूलो छ । काठमाडौंबाहिर पूर्वको त्यस्तो जमातलाई मोफसलमै यो अवसर प्राप्त भएको छ । काठमाडौंबाहिर यस्तो कार्यक्रम सञ्चालन गर्नु अत्यन्त चुनौतीपूर्ण हुन्छ । खर्च जुटाउन समस्या पर्छ, तर स्थानीय संघ संस्था एवं व्यक्तिहरूको सहयोगले उत्सव सफल हुँदै आएको उत्सव संयोजक हरि तिम्सिनाले बताए । स्रोत र सुविधा काठमाडौंमै सञ्चित भएकाले अध्ययन, अनुसन्धान, लेखन, बौद्धिक कर्म पनि काठमाडौं केन्द्रित हुन्छन् । त्यसैले मोफसलका पाठकहरूले यस्ता अन्तर्क्रियामा कमै सहभागी हुने मौका पाउँछन् । रिडर्सको यो उत्सवले काठमाडौं वा पोखराका कार्यक्रममा सहभागी बन्न नसक्ने पूर्वेली लेखक, पाठक एवं बौद्धिक समुदायवीच भेटघाटसँगै विचार विमर्शमा सघाउ पुऱ्याएको इलामका कवि प्रकाश थाम्सुहाङ बताउँछन् ।

# अन्तर्राष्ट्रिय नाट्य महोत्सव-२०७५

महेश तिमल्सिना

नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव-२०७५ सम्पन्न भएको छ । सातवटा नाट्य संस्थाले संयुक्त रूपमा आयोजना गरेको उक्त महोत्सवमा १० देशका ३० वटा नाटक मञ्चन भएका थिए । महोत्सवमा नेपालसहित भारत, अफगानिस्तान, डेनमार्क, बंगलादेश, नर्वे, इटली, मेसेडोनिया, डेनमार्क तथा अमेरिकाका नाटक सहभागी थिए । 'सामाजिक रूपान्तरणका लागि कलात्मक यात्रा' नाराका साथ सुरु भएको उक्त महोत्सव एक हप्तासम्म चलेको थियो । महोत्सवका अवसरमा काठमाडौं र काठमाडौंबाहिरका फरक-फरक थिएटरमा फरक-फरक समयमा एकै दिन चारवटा नाटक मञ्चन गरिए । महोत्सव अवधिभर नेपालका १३, भारतका १०, अफगानिस्तानका २ तथा अन्य देशका १-१ नाटक मञ्चन भएको बताइएको छ ।

महोत्सवमा मञ्चन भएका नाटकमध्ये भारतको 'एक मुलाकात मन्टो से' नाटकले धेरै दर्शकको साथ पाएको बताइन्छ । मण्डला थिएटरमा फागुन १९ गते मञ्चन भएको उक्त नाटक हेर्न दर्शकको ठूलो भीड लागेको महोत्सवका निर्देशक राजन खतिवडाले बताए । खतिवडा भन्छन्- यो नाटकमा दर्शक धेरै थिए, तर नाटकघर सानो भएका कारण कतिपय दर्शकलाई फर्काउनुपऱ्यो ।

यस्तै, महोत्सवमा मञ्चन भएका नाटकमध्ये जोखाना नाटकले पनि दर्शकको राम्रो साथ पाएको थियो । यो नाटकका लागि पनि दर्शक थाम्न मुस्किल पऱ्यो । निर्देशक खतिवडा भन्छन्, 'हाउसफुल भएपछि नाटक हेर्न नपाएका कतिपय दर्शक त झगडा नै गर्न आउनुभयो ।' किरण चाम्लिङ राईको निर्देशन तथा वियश राईको कथाको उक्त नाटकमा दसवर्षे द्वन्द्वकालमा आफ्नो श्रीमान् गाउँबाट हराएपछि एउटी महिलाले भोग्नुपरेको घटनाक्रम उतारिएको थियो ।

आयोजकहरूका अनुसार भारतीय नाटक आइ एम नट हियर पनि धेरैले हेर्न चाहेको नाटक थियो, तर नाटकघर सानो भएका कारण धेरै दर्शक फर्कनुपऱ्यो । उक्त नाटक फागुन १६ गते बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन भएको थियो । उक्त नाटकमा महिला लेखनको अवस्था एवं मौनतालाई चित्रण गरिएको थियो, जसमा महिलाका मुद्दा र दैनिक जीवनमा महिलाले गर्नुपरेको लडाइँजस्ता विषयवस्तुलाई दुई महिला कलाकारमार्फत प्रस्तुत गरिएको थियो ।

महोत्सवमा देखाइएका सबै नाटक छनौट प्रक्रियाबाट आएको हुनाले प्रत्येक नाटकले दर्शकको राम्रो प्रशंसा पाएको आयोजकहरूले बताएका छन् । महोत्सवका क्रममा काठमाडौंका ६ वटा तथा काठमाडौंबाहिर जनकपुर, पोखरा र विराटनगरका ३ वटा नाटकघरमा नाटक मञ्चन गरिएको थियो ।

काठमाडौंको मण्डला, शिल्पी, कौशी, थिएटर मल, मण्डला क्लासरुम र नागा थिएटरमा नाटक मञ्चन गरिएको थियो । ७ दिनसम्म चलेको महोत्सवमा यी नाटकघरबाट दैनिक करिब ६ सय ५० दर्शकले नाटक हेरेको महोत्सवका निर्देशक खतिवडाले जानकारी दिए । खतिवडा भन्छन्, 'महोत्सव अवधिभर नाटकका अतिरिक्त अन्य गतिविधि पनि सम्पन्न गरिए, जसमा थुप्रै दर्शकको साथ थियो ।' काठमाडौंबाहिर मञ्चन भएका नाटकलाई दैनिक करिब १ हजार ५ सय दर्शकले हेरेका थिए । आयोजकहरूका अनुसार करिब १० हजार दर्शकले महोत्सव अवलोकन गरेका छन् ।

नेपालमा पहिलो पटक सम्पन्न अन्तर्राष्ट्रिय नाट्य महोत्सवले नेपाली नाट्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको निर्देशक खतिवडा बताउँछन् । निर्देशकको सोच, कलाकारहरूको काम एवं नाटकभित्रको अनुशासन यो महोत्सवको सुन्दर पक्ष भएको उनले बताए । नाट्य महोत्सवमा हरेक दिन मञ्चन भएका नाटकका बारेमा प्यानल डिस्कसनसमेत गरिएको थियो ।



महोत्सवमा मञ्चन भएका प्रत्येक नाटकले बेग्लाबेग्लै सन्देश दिन्थे । त्यसमध्ये भारतीय नाटक हेड टु हेडले कलाकार कस्तो हुनुपर्छ भन्ने परम्परागत मान्यतालाई भत्काउन सफल भएको निर्देशक खतिवडाले बताए । खतिवडा भन्छन्, 'नेपाली कलाकारितामा अभिनेता/अभिनेत्री बन्न चिटिक्क, स्लिम र सेक्सी देखिनुपर्छ भन्ने मान्यता छ, यद्यपि उक्त नाटकले कलाकारका लागि अभिनय सबैभन्दा महत्वपूर्ण पाटो हो भन्ने कुरा दर्शाएको थियो ।'

यो महोत्सवले नेपाली नाट्यक्षेत्रमा ऊर्जा सञ्चार गर्नुका साथै अनुभव दिएको निर्देशक खतिवडा बताउँछन् ।

# रारा राष्ट्रिय नाट्य महोत्सव-२०७५

कर्णाली प्रदेशको सुर्खेतमा पहिलो पटक रारा राष्ट्रिय नाट्य महोत्सव-२०७५ प्रारम्भ भएको छ । सांस्कृतिक संस्थान तथा आरंग नेपालको संयुक्त आयोजनामा हिजो बिहीबार सुरु भएको उक्त महोत्सव एक हप्तासम्म चल्ने बताइएको छ । समृद्ध नेपाल, सुखी नेपाली भन्ने नारा बोकेको उक्त महोत्सवमा १३ वटा नाटक मञ्चन हुने सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले बताए । महाप्रबन्धक थापाका अनुसार महोत्सवमा सातवटै प्रदेशका २-२ वटा नाटक मञ्चन हुनेछन्, जसमा प्रदेश नम्बर २ बाट भने एउटामात्र नाटक आएकाले १३ वटामात्र नाटक भएको उनले बताए ।

नाट्य महोत्सवका क्रममा दैनिक अन्तर्क्रिया सञ्चालन गरिने महाप्रबन्धक थापाले जानकारी दिएका छन् जसअन्तर्गत हरेक दिन २ जना फरक व्यक्तिले फरक-फरक विषयमा अन्तर्क्रिया र कार्यपत्र प्रस्तुत गर्ने बताइएको छ ।

अपराध

# भाइले गरे दाजुको हत्या



उदयपुरको कटारी नगरपालिका-३, डाँडाटोलमा १५ फागुन राति झड्केलो भाइ २० वर्षीय बुद्धिराम मगर (भुजेल) ले ४२ वर्षीय दाजु प्रकाश भनिने रामबहादुर मगरको छुरा (कर्द) रोपेर हत्या गरेका छन्। बेलुका ९ बजे छुरा प्रहारपछि घाइते रामबहादुरको कटारी अस्पतालमा उपचारका क्रममा राति १२ बजे मृत्यु भएको थियो।

बुवा लीलबहादुर रानामगरको २ फागुनमा मृत्यु भएपछि किरियापुत्री बस्ने विषयमा दाजु- भाइबीच विवाद बढेको छिमेकीहरू बताउँछन्। अन्ततः किरियापुत्रीको तेह्रौं पुण्यतिथिकै दिन भाइ बुद्धिरामको छुरा प्रहारबाट रामबहादुरको ज्यान गयो। लीलबहादुर रानामगरले पहिलो श्रीमतीको निधनपछि तुलमाया भुजेलसँग दोस्रो विवाह गरेका थिए।

तुलमायालाई लिलबहादुरले मगर थरकै नागरिकता दिलाएका थिए। 'बुद्धिराम भुजेलपट्टिका छोरा भएकाले बुवाको किरियापुत्री नबस्दा हुने सुझाव बुढापाकाहरूले दिएका थिए।' छिमेकी केदार मगरले भने- 'सोहीअनुरूप रामबहादुर मात्र किरियापुत्री बस्ने भनेपछि बुद्धिराम र रामबहादुरबीच विवाद बढेको थियो।' बुद्धिरामले आमाको मात्र किरियापुत्री बस्दा हुने छिमेकीहरूको सल्लाह थियो।

सामान्य मजदुरी गरेर जीविकोपार्जन गर्दै आएको उक्त परिवारमा भएको घटनाको रात दुवैले सामान्य मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ। छिमेकीहरूले भाइ बुद्धिराम लागूऔषध तथा मद्यपान प्रयोगकर्ता भएकै कारण हत्याको घटना भएको बताएका छन्। घटना हुने राति पनि मादक पदार्थ सेवन गरेका भाइ बुद्धिराम घर पुग्नेबित्तिकै सामान्य विवादमै आमा तुलमायाको सिरानीमा रहेको छुरा निकालेर दाजुमाथि प्रहार गरेका थिए।

यद्यपि मृतककी श्रीमती विमला मगरले दिएको जाहेरीमा भने राति सिरकको निहुँमा भएको झगडापछि भाइले छुरा प्रहार गरेको उल्लेख भएको इलाका प्रहरी कार्यालय कटारीका प्रमुख डिएसपी ध्रुवकुमार श्रेष्ठले बताए। छुरा प्रहार गर्ने भाइ बुद्धिरामलाई प्रहरीले फागुन १६ गते कटारीबाटै नियन्त्रणमा लिएर म्याद थप गरी अनुसन्धान गरिरहेको छ। भाइले दाजुको हत्या गरेको स्वीकार गरिसके पनि घटनाको थप अनुसन्धान जारी रहेको बताइएको छ।

ऋषि राई

# रेस्टुराँको आवरणमा

विराटनगर महानगरपालिका क्षेत्रका केही रेस्टुराँमा डर, त्रास देखाएर किशोरीहरूलाई जबरजस्ती यौनधन्दामा लगाइएको आरोप लगाइएको छ। त्यस्ता रेस्टुराँ सञ्चालकहरूले नै जबरजस्ती डर- त्रास देखाएर काम गर्ने किशोरीहरूलाई यौनधन्दामा लगाउने बताइन्छ।

पहाडी जिल्लाहरूबाट रोजगारीका लागि आएका किशोरीहरूलाई रेस्टुराँमा काममा लगाउने बहानामा यौनधन्दामा धकेल्ने गरिएको पीडितहरूले बताएका छन्। विराटनगरको एक रेस्टुराँका सञ्चालिकाहरूलाई काम गर्ने किशोरीहरूलाई जबरजस्ती डर त्रास देखाएर अवैध यौनधन्दामा लगाएको अभियोगमा मोरङ प्रहरीले पक्राउ समेत गरेको छ।

विराटनगर- ९, रोडशेष चौकस्थित एक रेस्टुराँ सञ्चालिकालाई गत आइतबार प्रहरीले पक्राउ गरेको हो। पक्राउ परेकी एक सञ्चालिकाले किशोरी ल्याइदिने र अर्कीले यौनधन्दामा लगाउने गरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी कृष्ण खड्काका अनुसार विभिन्न जिल्लाबाट आएका युवतीहरूलाई रेस्टुराँका ग्राहकहरूसँग जबरजस्ती यौनसम्पर्क गर्न बाध्य तुल्याइएको पाइएको छ।

'पक्राउ परेकी सञ्चालिकाले आफ्नो रेस्टुराँमा काम गर्ने ३ जना किशोरीलाई लामो समयदेखि अवैध धन्दामा लगाउँदै आएको खुलेको छ,' डिएसपी खड्काले भने, 'किशोरीहरूको इच्छाविपरीत रेस्टुराँ सञ्चालिकाले विगत ४/५ महिनादेखि उनीहरूलाई उक्त काममा धकेलेको पाइएको छ।'

रेस्टुराँ सञ्चालिकाले एक जना ग्राहकसँग ४ हजार देखि १० हजार रुपैयाँसम्म लिने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। 'पक्राउ परेकी सञ्चालिकाले रेस्टुराँमा समेत अवैध यौनधन्दा चलाएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ,' डिएसपी खड्काले भने, 'रेस्टुराँमा काम गर्ने किशोरीहरूलाई ग्राहकसँग अन्यत्र पनि पठाइएको पाइएको छ।' इच्छाविपरीत अवैध यौनधन्दामा लगाएको भन्दै सोही रेस्टुराँमा काम गर्दै आएका तीन जना किशोरीले जिल्ला प्रहरी कार्यालय मोरङमा दिएको जाहेरीका आधारमा प्रहरीले होटल सञ्चालिकाहरूलाई पक्राउ गरेको हो।

रेस्टुराँमा अवैध यौनधन्दा भएको पाइएपछि अन्य होटल, रेस्टुराँहरूमा पनि प्रहरीले निगरानी बढाएको छ। प्रहरीले पक्राउ गरेका रेस्टुराँ सञ्चालिकाहरूलाई मानव बेचबिखन तथा ओसारपसार ऐन-२०६४ बमोजिम जिल्ला अदालत मोरङबाट आइतबार नै म्याद थप गरी थप अनुसन्धान गर्दै आएको मोरङ प्रहरीले जनाएको छ।

अनिल श्रेष्ठ

# अमेरिकामा नेपालीको आत्महत्या बढ्दो

शिव शर्मा



सुनौलो सपना बुन्दै अमेरिका आउने नेपालीहरूको संख्या बढ्दो छ। यसरी अमेरिका भित्रिनेहरू आफूले कल्पना गरेजस्तो जीवन नपाएपछि खुसी हुन सक्दैनन्। निराशा र एकाकीपनबीच चिन्ताले ग्रस्त बनाउँदै लान्छ र अन्त्यमा उनीहरू मानसिक रोगको सिकार हुन पुग्छन्। उनीहरू अरू केही सोच्न सक्दैनन् र जीवनबाट टाढिन आत्महत्या गर्ने निर्णय लिन्छन्। अहिले अमेरिकामा नेपालीहरूले आत्महत्या गर्ने क्रम बढ्दो छ भने आत्महत्याको मुख्य कारण 'डिप्रेसन' बनेको छ। गएको मंसिर १३ गते क्यालिफोर्नियामा साथीसँग फोन गर्दागर्दै २४ वर्षीय युवा गणेश तिवारीले झुन्डिएर आत्महत्या गरे। नवलपरासी स्थायी घर भएका तिवारीले आफ्नै कोठामा प्राण त्यागे। उनी अध्ययनका लागि अमेरिका आएका थिए।

विद्यार्थी भिसामै अमेरिका आएका सञ्जित भट्टले गएको भदौ २७ गते समुद्रमा हाम फालेर आत्महत्या गरे। घरबाट काममा जान भनेर हिँडेका भट्टले आफू जिन्दगीबाट विरक्तिएको सुसाइड नोटसमेत लेखेका थिए। यसरी आत्महत्या गर्नेहरू प्रायः कुनै न कुनै समस्याले जकडिएकाहरू नै छन्।

आत्महत्या गर्नेमा विद्यार्थीहरूको संख्या अत्यधिक छ। नेपालमा हुँदा बाबुआमाको लाडप्यारमा हुर्किएकाहरूले यता आएपछि ठूलै संघर्ष गर्नुपर्छ। विद्यार्थीलाई साताको २० घण्टा काम गर्ने छुट हुन्छ, तर उनीहरू पढाइ खर्च जुटाउन ५०- ६० घन्टासम्म काम गर्न विवश हुन्छन्। अध्ययनका क्रममा अनेकौं झमेलाको सामना गर्नुपर्ने हुन्छ। उनीहरू आफूले पाएको हन्डर र दुःख घरपरिवारसामु देखाउन चाहँदैनन्। त्यसै कारणले उनीहरू डिप्रेसनमा पर्छन् र आत्महत्याको बाटो रोज्छन्। यसरी आत्महत्या गर्नेमा विद्यार्थी भिसामा आउनेहरूबाहेक डिभी परेर तथा गैरकानुनी रूपमा आउनेहरूसमेत छन्। डिभी परेर आउनेहरू पनि यता आएपछि आफूले भने जस्तो केही नभएपछि मनमा पीडा बोकेर हिँड्छन्।

हलिउडमा देखिने दृश्य तथा यहाँको जीवनशैलीले धेरैलाई लोभ्याउँछ। त्यो लोभ्याइले अमेरिका भासिने नेपालीहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ। यता आइसकेपछि त्यो लोभलाग्दो जीवनशैलीमा आफूलाई समाहित गर्न सक्दैनन्। दुःखमा भिज्न नसक्दा धेरैलाई आफ्नै जिन्दगी देखेर दिक्दार लाग्छ। यसले धेरैलाई एक्लो बनाउँछ र आत्महत्या गर्न बाध्य तुल्याउँछ।

केही वर्षअघि आफ्नै स्टोरमा काम गर्ने क्रममा समिरा शिवकोटी लुटेराको निशानामा परेर मृत्युवरण गर्न पुगिन्। दुई साना छोरी र श्रीमान् नवराजलाई उनको अभाव महसुस भयो। श्रीमतीको मृत्युपछि एक्लोजस्तो भएका नवराजले पनि अन्ततः आत्महत्याकै बाटो रोजे।

झन्डै चार वर्षअघि डाडका मोहन ओलीले न्युयोर्कस्थित आफ्नो अपार्टमेन्टको तेस्रो तलाबाट हाम फालेर आत्महत्या गरेका थिए। दलाललाई लाखौं रकम बुझाएर मेक्सिको हुँदै अमेरिका आइपुगेका ओली अपेक्षा गरेजस्तो केही नभएपछि डिप्रेसनको सिकार भएका थिए। पारिवारिक तथा व्यक्तिगत कारणले अमेरिकामा नेपालीहरूको आत्महत्याको दर बढेको देखिन्छ,' एनआरएन अमेरिकाका वरिष्ठ उपाध्यक्ष सुनिल शाह भन्छन्- 'आफूमा परेको प्रेसर थेग्न नसक्दा यस्ता घटना बढ्नु दुःखद कुरा हो।' शाहका अनुसार अमेरिका आइसकेपछि धेरै काम गर्नुपर्ने लगायत आर्थिक बोझ थपिँदै जाँदा मानसिक दबाव बढेर पनि यस्तो समस्या देखिएको छ।

शाहले भनेझैं अमेरिका आइसकेपछि फेरि शून्यबाट जीवन सुरु गर्नुपर्दा कतिपय हतोत्साहित हुँदै जान्छन्। यहाँको सिस्टममा भिज्न नसक्दा र आर्थिक समस्या बढ्दै गएपछि केही वर्षअघि शिकागोमा गुडिरहेको कारबाट हाम फाल्ने दिनेश श्रेष्ठको ज्यान गएको थियो। गाडी हाँकिरहेकी श्रीमतिसँग सामान्य विवाद भएपछि उनले त्यसो गरेको समाचार एजेन्सीहरूले दिएका थिए। यसरी आत्महत्या गर्नुको पछाडि केही पारिवारिक कारणसमेत जोडिने गरेका छन्। श्रीमान्-श्रीमतिको बेमेल तथा अविश्वासले पनि आत्महत्या दर बढाएको जानकारहरू बताउँछन्। कतिपय नेपाली केही अपराधमा फसेपछि पनि आत्महत्या गर्छन्। सन् २००८ मा नेपाली चिकित्सक शिवलाल आचार्यले जेलमै आत्महत्या गरेका थिए। सामाचार स्रोतका अनुसार उनले हाँकेको गाडीले मोटरसाइकल चालकलाई ठक्कर दिएको थियो। ठक्करपछि मोटरसाइकल चालकको मृत्यु भयो। ठक्कर दिएर भागेपछि आचार्य हिट एन्ड रनको अपराधमा जेल पुगे। जेलमै उनी आत्महत्या गर्न विवश भएका थिए।

अमेरिकामा नेपालीहरूमा आत्महत्या बढ्दै गए पनि त्यसको यकिन तथ्याङ्क भने फेला पर्दैन। पछिल्ला केही वर्षका घटना नियाल्दा दर्जनभन्दा बढी नेपालीले आत्महत्या गरिसकेका छन्।

गन्तव्य

# नेपालका घुम्नै पर्ने स्थान



नरेन्द्र रौले

नेपालमा घुम्न लायक ठाउँ थुप्रै छन् । लामो बिदाको अबसर पारेर साथीभाइको समूहमा ती ठाउँ पुग्न सकिन्छ । विभिन्न ट्राभल एजेन्सीले पनि ती ठाउँ घुम्ने प्याकेज तयार पारेका छन् ।

## रारा ताल


रङ फेरिरहने तालका रूपमा प्रसिद्ध नेपालकै सबैभन्दा ठूलो ताल रारा मुगु जिल्लामा छ । यो ताल समुद्री सतहबाट २ हजार ९ सय ७२ मिटरको उचाइमा अवस्थित छ । त्यहाँ पुग्न मुगुको सदरमुकाम गमगढीबाट झन्डै ३ घण्टा पैदल यात्रा गर्नुपर्छ । ताल्चा विमानस्थलबाट तीन घण्टा हिंडेर पनि रारा पुग्न सकिन्छ । अहिले गमगढीबाट रारासम्म पुग्ने साइकल ट्र्याकसमेत निर्माण गरिएको छ । १० दशमलव ८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको राराको सुन्दरता शब्दमा वर्णन गर्न सकिँदैन । जेठदेखि असोजसम्म फुल्ने विभिन्न रंगीबिरंगी फूलले राराको सेरोफेरोलाई थप सुन्दर बनाउँछ । यहाँ पाइने असला माछा विश्वभर कतै पाइँदैन । यो तालमा देखिने सिस्ने र कान्जिरोवा हिमालको छायाँले जो-कोहीलाई मन्त्रमुग्ध बनाउँछ । रारा पुग्न नेपालगञ्ज, सुर्खेत र जुम्लाबाट गमगढीसम्म नियमित बस सेवा सञ्चालनमा छ भने नजिकैको ताल्चा विमानस्थलसम्म नेपालगन्ज तथा सुर्खेतबाट हवाई सेवा पनि उपलब्ध छ ।


## तिलिचो ताल

मनाङ जिल्लामा पर्ने तिलिचो ताल समुद्री सतहबाट ४ हजार ९ सय २० मिटरको उचाइमा अवस्थित छ । यो ताल संसारकै सबैभन्दा उच्च भूभागमा रहेको ताजा पानीको ताल हो । गण्डकीको मुख्य सहायक नदी मर्स्याङ्दीको स्रोत पनि यही ताल हो । मनाङको मुख्य पर्यटकीय गन्तव्य थोराङ-पासम्मको मार्गमा पर्ने भएकाले तिलिचो तालको आफ्नै महत्व छ । यो क्षेत्रलाई वर्षको सात महिना हिउँले ढाक्छ । वर्षाअघिको दुई महिना र जेठ-असारलाई तिलिचो ताल घुम्ने उपयुक्त समय मानिन्छ । तिलिचो तालको भ्रमणका लागि सबैभन्दा पहिले मनाङको सदरमुकाम चामे पुग्नुपर्छ । लमजुङको बेसीसहरबाट चामेसम्म नियमित बस सेवा सञ्चालनमा छ । त्यसबाहेक पोखराबाट हवाईजहाजमार्फत् पनि चामे पुग्न सकिन्छ ।

## फोक्सुन्डो ताल र माथिल्लो डोल्पा

विश्व प्रसिद्ध शे गुम्बा र फोक्सुन्डो ताललाई गन्तव्य बनाएर डोल्पा क्षेत्रको यात्रा गर्न सकिन्छ । डोल्पा कर्णाली क्षेत्रमध्ये सबैभन्दा बढी पर्यटक पुग्ने जिल्ला हो । फोक्सुन्डो तालसम्म पुग्ने क्रममा देखिने भौगोलिक तथा प्राकृतिक सुन्दरता बेजोड मानिन्छ । यही ताल र शे गुम्बाको संरक्षणका लागि शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो । यो राष्ट्रिय निकुञ्जमा ९६ प्रजातिका चरा, ३२ प्रजातिका जीवजन्तु तथा ४ सय ७ प्रजातिका जडीबुटी एवं औषधिजन्य बोटबिरुवा संरक्षित छन् । शे फोक्सुन्डोसम्म पुग्न सबैभन्दा पहिले सदरमुकाम दुनै पुग्नुपर्छ । दुनैका लागि नेपालगञ्ज र सुर्खेतबाट नियमित हवाईसेवा उपलब्ध छ । दुनैबाट शे-फोक्सुन्डो पुग्न ५ देखि ७ दिन पैदल यात्रा गर्नुको कुनै विकल्प छैन ।





## लोमान्थाङ र मुक्तिनाथ

निकै रोमाञ्चक र विकट गन्तव्यका रूपमा लिइन्छ, माथिल्लो मुस्ताङको लोमान्थाङलाई । यो क्षेत्रलाई हिमाली मरुभूमि नै भनिन्छ । लोमान्थाङ प्राचीन तिब्बती संस्कृतिको केन्द्रका रूपमा परिचित छ । यहाँ प्रवेश गर्न विदेशी पर्यटकले नेपाल सरकारबाट पूर्वअनुमति लिनुपर्छ । लोमान्थाङका प्रमुख आकर्षण माटोद्वारा निर्मित सात सय वर्ष पुरानो दरबार, पहाड खोपेर बनाइएका गुफा, गुफाभित्र रहेका गुफाचित्र तथा मानव विकासका अवशेषहरू हुन् । यो भ्रमणका लागि कम्तीमा १५ दिनको समय छुट्याउनुपर्छ । लोमान्थाङ यात्राकै क्रममा कालीगण्डकी नदीको किनारमा अवस्थित मुक्तिनाथ तथा कागबेनीको समेत यात्रा गर्न सकिन्छ ।

## पुनहिल र अन्नपूर्ण आधार शिविर

गण्डकी क्षेत्रको प्रमुख हिमश्रृंखला अन्नपूर्ण हिमालको आधार शिविरसम्म पुग्ने सपना धेरैको हुन्छ । त्यही अन्नपूर्ण आधारशिविरतर्फको यात्राको पहिलो गन्तव्य हो, पुनहिल । पुनहिल पोखराबाटै पदयात्रामार्फत पुग्न सकिन्छ । पोखराबाट पुनहिल पुग्न एक दिन मात्र लाग्छ । त्यहाँबाट माछापुच्छ्रे र नीलगिरिलगायत १५ वटा हिमाल नियाल्न सकिन्छ । पुनहिलबाट अन्नपूर्ण आधार शिविरतर्फ अघि बढ्न पर्याप्त समय नहुनेहरू पुनहिलबाटै फर्कन सक्छन् । पुनहिलबाट अन्नपूर्ण आधार शिविर पदयात्रामा जान चाहनेहरूका लागि पर्यटन व्यवसायीहरूले ७ देखि ११ दिनको विभिन्न किसिमका प्याकेज उपलब्ध गराउँछन् । ७ देखि ८ हजार मिटर उचाइका हिमालसँग नजिक ल्याउने यो पदयात्राले धेरैलाई आकर्षित गर्छ । तथ्यांकअनुसार अन्नपूर्ण पदयात्रा मार्ग नेपालको सबैभन्दा लोकप्रिय पदयात्रा मार्ग हो ।



## खप्तड राष्ट्रिय निकुञ्ज

प्रदेश नम्बर ७ को प्रमुख पर्यटकीय गन्तव्य खप्तड राष्ट्रिय निकुञ्ज बझाङ, बाजुरा, अछाम तथा डोटी जिल्लामा पर्छ । यातायातको जटिलताका कारण २ सय २५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो राष्ट्रिय निकुञ्जसम्म पुग्ने मानिस निकै कम छन् । खप्तड क्षेत्र पुग्न डोटीको सिलगढीबाट दुई दिन, अछाम को मंगलसेनबाट दुई दिन, बाजुराको मार्तडीबाट एक दिन तथा बझाङको चैनपुरबाट एक दिन लाग्छ । डोटी र अछामका लागि काठमाडौं, नेपालगञ्ज र धनगढीबाट नियमित बससेवा उपलब्ध छ । यो क्षेत्रले उत्तिकै धार्मिक महत्वसमेत बोकेको छ । खप्तड बाबाको आश्रम तथा महादेवको प्रसिद्ध मन्दिरका कारण पनि धार्मिक पर्यटकहरू खप्तड पुग्छन् । रंगीबिरंगी फूल, ठूला-ठूला पाटनहरूले खप्तडको सुन्दरता बढाएको छ । यहाँ बस्न होटलहरूको सुविधा नभएकाले टेन्ट तथा स्लिपिङ ब्याग आदि आफैंले बोक्नुपर्छ । यो क्षेत्रलाई नेपाली सेनाको सुरक्षा संयन्त्रभित्र राखिएकाले पहिले नै यात्रा अनुमति लिनुपर्छ । यस्तो यात्रा अनुमति काठमाडौं वा सिलगढीबाट लिन सकिन्छ ।

## सगरमाथा आधारशिविर

बेलायतको विश्व प्रसिद्ध अखबार डेली मेलले सगरमाथा आधारशिविरलाई संसारकै उत्कृष्ट पदयात्रा मार्गका रूपमा सूचीबद्ध गरेको छ । सोलुखुम्बुको लुक्लाबाट सुरु हुने सगरमाथा पदयात्रा मार्ग हुँदै सगरमाथा आधारशिविर र कालापत्थरसम्म पुग्न सकिन्छ । यो पदयात्राका लागि काठमाडौंबाट लुक्लासम्म हवाई मार्ग प्रयोग गर्न सकिन्छ । अलि धेरै पदयात्रा गर्न चाहनेहरूले काठमाडौंबाट दोलखाको जिरीसम्म बसयात्रा गरेर त्यहाँबाट पैदल यात्रा गर्न सक्छन् ।

## गोसाइँकुण्ड

रसुवामा १ सय ८ वटा कुण्ड छन् । तीमध्ये सबैभन्दा चर्चित छ– गोसाइँकुण्ड । काठमाडौंको रानीपौवा हुँदै १ सय १८ किलोमिटर लामो बसयात्रापछि रसुवाको धुन्चे पुगिन्छ । धुन्चेबाट पदयात्रामार्फत लौरीविनायक-तेरपैलो-चोलाङपाटी हुँदै दुई दिनमा गोसाइँकुण्ड पुग्न सकिन्छ । समुद्री सतहबाट १४ हजार फिटको उचाइमा रहेको गोसाइँकुण्डमा गंगा दशहरा तथा जनैपूर्णिमामा ठूलो मेला लाग्छ ।

## योग र जीवन



लोकनाथ खनाल

योग प्रशिक्षक,
पतञ्जली योग समिति

# धनुरासन

- पेटको बलमा सुत्ने ।
- दुवै हातले गोडाको नली हाड समाउने ।
- श्वास भर्दै गोडा र हात तन्काउने ।
- नाभीलाई जमिनमा टेकाउने ।
- शरीरलाई धनुष जस्तो बनाएर क्षमतानुसार १० देखि ३० सेकेन्डसम्म श्वास रोक्ने ।
- श्वास छाड्दै पूर्व स्थितिमा आउने ।

**फाइदा**

- मेरुदण्ड लचिलो, सबल एवं स्वस्थ रहन्छ ।
- गर्धन, ढाड एवं कम्मरको समस्यामा लाभ मिल्छ ।
- छाती पुष्ट एवं आकर्षक देखिन्छ ।
- अनुहारमा रक्त प्रवाह बढेर चमक आउँछ ।
- शारीरिक स्फूर्ति बढ्छ ।
- महिलाहरूको महिनावारीको समस्यामा लाभ हुन्छ ।
- आलस्यता एवं अल्छीपन हट्छ ।
- पिसाबसम्बन्धी समस्यामा लाभ मिल्छ ।
- बालबालिकाहरूले निदाएका बेला थाहै नपाई पिसाब फेर्ने समस्या समाधान हुन्छ ।

## ब्युटि



कल्पना शाक्य

सौन्दर्यविद

# तिलकोठी तथा चाँया हटाउने फेसप्याक

तिलकोठीका लागि फेसप्याक बनाउँदा

हरियो धनियाँको रसमा दुईदेखि चार थोपा कागतीको रस तथा तीनदेखि पाँच थोपा बियर मिसाएर अनुहारमा लगाउँदा तिलकोठी कम हुन्छ ।

बेसार एवं दही मिसाएर अनुहारमा लगाउने । लगाएको २० मिनेटपछि नुहाउँदा अनुहारको तीलकोठी सफा हुन्छ ।

एक कप दूधमा दुई चम्चा ह्विस्की मिसाएर आधा कप हुने गरी पकाउने अनि उक्त लेपलाई सुत्नुअघि अनुहारमा लगाई २० मिनेटपछि पखाल्ने । यसो गर्दा अनुहारको तीलकोठी हराउँछ ।

*नोट : यी विधिमध्ये जुन सजिलो लाग्छ, त्यही प्रयोग गर्न सकिन्छ ।*



## केशको हेरचाह





भावना राणा

ब्युटिसियन

# किन झर्छ केश ?

केश झर्ने तथा टुक्रने प्रमुख कारण केश सुख्खा हुनु हो । केशमा प्रयोग गरिएको कन्डिसनर घामले सुकेपछि पनि केश टुक्रन्छ ।

केश रंगाउन कमसल केमिकल प्रयोग गर्दा पनि केश टुक्रन्छ । त्यस्तो केमिकलले केशको प्राकृतिक चमकसमेत नष्ट गरिदिन्छ ।

कमसल, गुणस्तरहीन तथा प्रयोग मिति सकिएको स्याम्पु प्रयोग गर्दा पनि केश टुक्रने अथवा झर्ने समस्या सिर्जना हुन्छ ।

**केश झर्न र टुक्रन नदिन**

जहिले पनि कन्डिसनरयुक्त स्याम्पु प्रयोग गर्ने ।

केशमा गुणस्तरीय र केमिकल नमिसिएको रंग लगाउने ।

केश नुहाइसकेपछि तेलले मालिस गर्ने ।

## गार्डेनिङ

कौसीमा फुलबारी बनाउँदा स-साना बिरुवा रोप्नु राम्रो हुन्छ । त्यसका साथै फरक-फरक फूल लगाउँदा आकर्षक देखिन्छ । कौसीमा गमलामा फूल रोप्नु उपयुक्त हुन्छ ।

- कौसीको भित्ता वा पाइपका कारण नराम्रो देखिएको छ भने लहरा हुने फूल सबैभन्दा उपयुक्त हुन्छ ।
- कौसीको फूलबारीमा क्याक्टस रोप्न सकिन्छ । यसको गमलाले कौसीलाई अझ आकर्षक देखाउँछ ।
- कौसीमा फूल मात्र होइन, सामान्य किसिमका तरकारी पनि फलाउन सकिन्छ । कौसीको फूलबारीलाई अझ राम्रो बनाउन त्यहाँ वाटर फाउन्टेन निर्माण गर्न सकिन्छ ।



जनताको विचार

# तपाईंले कमाएको आम्दानी केमा सदुपयोग गरिरहनुभएको छ ?

सोझो नेपालीले नेपालमा कमाएको पैसा केमा खर्च गर्ला ? खान-लाउन नै नपुग्ने मजस्ता करोडौं मानिस छन् नेपालमा, उनीहरूको इमानको आम्दानी कति होला ?

**शुभ श्रेष्ठ**

पढाइको कुरा गर्दा स्नातक तर आम्दानी शून्य छ अनि आम्दानी कहाँ प्रयोग भैरहेको छ भन्नु ? बरु आम्दानीको स्रोतको खोजीमै घाटा बजेटमा जिन्दगी चलिरहेको छ ।

**रत्न**

चाहेर पनि सदुपयोग गर्न नसक्ने परिस्थितिमा छौं हामी ।

**सिमरन अधिकारी**

सदुपयोग भन्नु कि दुरुपयोग भन्नु, नेपालमा जागिर गरेर कमाएको पैसाले दुई छाक खान, भाडाको घरमा बस्न, हतार हुँदा माइक्रो चढ्न र चाडपर्वमा एकसरो लुगा फेर्न पुगिरा'छ ।

**सागर उदासी**

दाल-चामलमै सकिन्छ । साप्ताहिक किन्न पनि पुग्दैन ।

**हेमन्त**

पहिले जन्म दिने आमा-बुबाको इच्छामा, त्यसपछि जीवनसाथी र आफ्नो लक्ष्यलाई सार्थक र परिणाममुखी बनाउन सदुपयोग गर्दै आएको छु ।

**राज सुवेदी**

घर-व्यवहार, आफ्नो पढाइ र केही प्रतिशत सामाजिक काममा दिने गरेको छु ।

**महेश थापा**

पढाइको सदुपयोग नभएको अवस्थामा पैसाका बारेमा कसरी सोच्न सकिन्छ ?

**मनीषा दाहाल**

के गर्नु, हजुर आफू त ०७२ सालको भूकम्पपीडित । आजसम्म कमाएको सबै आम्दानी भूकम्प प्रतिरोधात्मक घर निर्माणमा लगानी गरें, तैपनि घर पूरा हुन सकेको छैन ।

**जानुका अधिकारी**

केमा सदुपयोग गर्नु छ र हजुर ? गाँस, बास र कपासमै ठिक्क छ । परदेशमा कमाएको पैसा गाउँघरको चर्को ब्याज, बिरामी बुवा-आमा अनि विद्यालय जाने छोरा-छोरीमा खर्च गर्दैमा ठिक्क छ । श्रीमतीले जन्म घर छोडेर आएदेखि एउटा गतिलो सारी फेर्न पाएकी छैनन् ।

**गणेश अविरल**



तस्विर : न्युजसंसार

नारायणहिटी किनियो, सिंहदरबार बैना गरेको छु । आफ्नो एउटा हवाईजहाज कम्पनी छ । पानीजहाज र रेलकम्पनी पनि खोल्दैछु । अब तयार भएर टुँडिखेलमा स्थापित कृषि फार्मको उद्घाटनमा जान्छु भन्दैथें, मर्न नसकेको काले भुकेर ब्युँझिएँ नि ।

**ध्रुव पाण्डे**

दुई छाक दाल-भात, सातामा एकपटक खसीको मासु, दिउँसो खाजाका रूपमा धेरैजसो चिया पाउरोटी र बिस्कुट, कहिलेकाहीँ चाउमिन र बफ मःम अनि महिनामा एकपटक छोरीको स्कुल फी, बूढीलाई दुई जोर, छोरीलाई एकजोर कपडा, मलाई मोजा, आमालाई दुई बट्टा चौतारी चुरोट अनि रत्नपार्कको माग्नेलाई २५ रुपैयाँ ।

**सन्तोष सिम्खडा**

हुन त नेपालीको तलब र खर्चबीच ठूलो भिन्नता छ । यद्यपि म आफ्नो कमाइको केही भाग सहयोग-दान गर्छु । केही रकम ऊर्जाशील कार्य तथा उत्पादनमूलक कुरामा प्रयोग गर्छु तर कमाइ नै त्यति छैन जति काठमाडौंमा महँगीले ढाड सेक्छ ।

**दीपेन्द्र मल्ल**

खानामा, कोठा भाडा तिर्दा, लत्ताकपडा किन्दा, माइक्रोको भाडा, केही पढाइमा धेरैजसो हिस्सा खर्च हुन्छ । सडकपेटीदेखि कम्मरको पेटीसम्ममा खर्च छ हजुर ।

**रामसिंह रेग्मी**

अहिले त कमाइ नै के छ र ? आफ्नै दैनिकी गुजार्नसमेत मुस्किल भैरा'छ । ती सपना, योजना भने अझै मरिसक्या छैनन् । था' छैन त्यो दिन कहिले आउँछ ? एक दिन आफ्नो आम्दानीको २५ प्रतिशत रकम असहाय, अनाथ र विपन्न समुदायका बालबालिकाको शिक्षादीक्षामा लगाउने सोच भने छ ।

**जेबी गजल**

यो बेरोजगारको शब्दकोषमा कमाइ र आम्दानी भन्ने शब्द नभेटिएको जानकारी गराउन चाहन्छु– धन्यवाद ।

**अशोक सुस्केरा**

यो देशमा कमाउनका लागि कि नेता हुनुपर्छ कि उपयुक्त ठाउँको सरकारी जागिर, अन्यथा स्नातक सकेपछि निजी स्कुलमा शिक्षक कि सहकारीको बजार प्रतिनिधि । अब तिनको तलब त थाहा छ नि ?

**लक्ष्मी घोरासनी**

कोरिया आएको लगभग दुई वर्ष हुन लाग्यो । महिनाको डेढ-दुई लाख कमाउँछु । तैपनि चित्त बुझेको छैन । आधीभन्दा धेरै त घर खर्च मै सकिन्छ अनि आफ्नो मेहनत र कोरियाको दुःख देखेर कहिलेकाहीँ मन खिन्न पनि हुन्छ । फर्किएर आफ्नै देशमा एउटा आधुनिक कृषि फर्ममा लगानी गर्ने योजनामा छु ।

**अर्जुन जोशी**

हाइड्रोपावर कम्पनीहरूको आइपीओ किन्दैछु, तर हरेक पटक १ सय रुपैयाँमा किनेको सेयरको बजार मूल्य त्योभन्दा तल झर्दा निराश पनि छु ।

**वागमान कुलुङ**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको व्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

फागुन २४ गते
अन्तर्राष्ट्रिय नारीदिवस
अन्तर्राष्ट्रिय मिर्गौला दिवस

## मेष

प्राप्त जिम्मेवारीमा विवेक पुऱ्याउन सके अवसरको ढोका खुल्नेछ । साथीहरूले खर्च गराउने चेष्टा गर्नेछन् । अभिभावकहरूको सुझावको ख्याल गर्दा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । होसियारीपूर्वक गरिएको कार्यबाट धनआर्जन गर्न सकिनेछ । पुण्य कर्मतर्फ आकर्षित भइनेछ ।

## वृष

गरिब तथा असहायहरूलाई गरेको सहयोगले मनको चिन्ता भगाउनेछ । प्रतिस्पर्धीहरूलाई पछि पार्दै पुरस्कार तथा उपहार प्राप्त गर्ने अवसर पाइनेछ । मित्रहरूले महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नेछन् । धैर्यपूर्वक काम गरे लक्ष्य प्राप्त हुनेछ । साताको अन्त्यमा भोजभतेरमा सरिक भइनेछ ।

## मिथुन

विपरीतलिंगीहरू तपाईंको व्यक्तित्वप्रति आकर्षित भएको अवस्था छ, मुख खोल्न सकेका छैनन् । अध्ययनको सिलसिलामा विदेश जाने अवसर जुर्न सक्छ । अभिभावकले तपाईंको भावनालाई बेवास्ता गर्दा उनीहरूसँग खट्पट पर्न सक्छ । बुधबारपछिका दिन महत्वपूर्ण सावित हुनेछन् ।

## कर्कट

साथीहरूले दिएको सुझाव कल्याणकारी हुनेछ । सेवाले तपाईंलाई नयाँ उचाइमा पुऱ्याउनेछ । दोष थुपार्नेहरू प्रशंसा गर्न थाल्नेछन् । सिर्जनशील रचनाले प्रतिष्ठित व्यक्तिको मन जित्न सकिनेछ । सेतो पहिरनले कार्य क्षेत्रमा विशेष लाभ पुऱ्याउनेछ ।

## सिंह

ठाढा भएका मित्रहरूले विश्वास गर्ने वातावरण बन्दैछ । केही नम्र भएर कार्य सम्पन्न गर्नुहोला । पूर्वयोजनाबिना आकस्मिक यात्रा गर्दा अनपेक्षित खर्च हुन सक्छ । प्रेमी-प्रेमिकाले उपहार प्रदान गर्दै नयाँ प्रस्ताव राख्न सक्छन् । कुनै पनि निर्णय गर्न ढिलाइ नगर्नुहोला ।

## कन्या

तपाईंको हठ गर्ने बानीले परिवारमा मनमुटाव सिर्जना गर्न सक्छ । परिस्थितिलाई बेवास्ता गर्नाले व्यवहारिक झमेला आइलाग्ला । काममा ढिलाइ भए पनि सही मार्ग पहिल्याउन सकिनेछ । मेहनत गर्न सके धनआर्जन पनि होला । बोलीको प्रभावले अरूलाई मन्त्रमुग्ध तुल्याउन सकिनेछ ।

## तुला

जतिसुकै सहयोग गरे पनि आफन्तहरूले जस दिनेछैनन् । अभिभावकहरूबाट नयाँ काम सुरु गर्ने प्रेरणा मिल्नेछ । बोलीको प्रभावमा अधुरा कार्य पूरा हुनेछन् । नयाँ मित्रको आगमन तथा सहयोगले मन ढुक्क हुनेछ । साताको अन्त्यतिर पारिवारिक भेटघाट तथा भ्रमणमा रमाउन पाइनेछ ।

## वृश्चिक

मेहनत एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाई अपेक्षा गरेजस्तै लाभ लिन सकिनेछ । राम्रा अवसर र शुभ समाचारका कारण साता अनुकूल बित्नेछ । अभिभावकको वचन परिवर्तनले मनमा चोट पुग्न सक्छ । संयमताका साथ निर्णय गर्नु उचित हुन्छ ।

## धनु

घरायसी व्यवहारको चटारो आइलाग्न सक्छ । दत्तचित्त भै कार्य गरे लक्ष्य प्राप्ति गर्न सकिनेछ । बिनाकारण प्रेमी-प्रेमिका रिसाउन सक्छन् । पहेंला फलफूल सेवन गर्दा स्वास्थ्य अनुकूल रहनेछ । अभिभावकको सुझाव तथा भावनाको कदर गर्दा समस्याहरू स्वतः निर्मूल हुनेछन् ।

## मकर

यात्रामा संयमित रहनुहोला । नीलो रंग आत्मसात् गर्नाले उचाइमा पुगिनेछ । बोलीको मधुरताले बिग्रन लागेको सम्बन्धमा मल्हम लगाउन सहयोग गर्नेछ । खानपानमा फेरबदल भै शारीरिक दुर्बलता देखा पर्न सक्छ । यो साता इष्टमित्रसँग भ्रमणको योग पनि छ ।

## कुम्भ

पुण्य आर्जनमा समय व्यतीत हुनेछ । विभिन्न निकायबाट रोजगारीको प्रस्ताव प्राप्त हुनाले मन प्रफुल्लित रहनेछ । नयाँ मित्रसँग मनोरञ्जन गर्दा अरूको मन लोभिनेछ । मौसमी फेरबदलले स्वास्थ्यमा असर पार्न सक्छ, चनाखो रहनुहोला । छरछिमेकका मांगलिक कार्यमा सहभागी भइनेछ ।

## मीन

रोकिएको काम पुनः प्रारम्भ गर्दा सफलता हात लाग्नेछ । द्रुत गतिमा सवारी साधन चलाउँदा दुर्घटना आइलाग्न सक्छ । विपक्षीहरू सक्रिय भएकाले तपाईंलाई ओझेलमा पार्ने प्रयास गर्नेछन्, सचेत रहनुहोला । खानपान तथा मनोरञ्जन गर्दा समयको ख्याल गर्नुपर्नेछ ।


## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म अहिले २१ वर्षको भएँ । मेरो वीर्यमा तरल र ठोस पदार्थ (चामलजस्तो) आउँछ । किन यस्तो आएको हो ? यस्तो भएको म १४ वर्ष हुंदादेखि हो । यसअघि तरल पदार्थ मात्र आउँथ्यो । केही महिनाअघि मेरो यौनकर्मीसँग कन्डम लगाएर सम्बन्ध स्थापित भएको थियो । सम्पर्कपछि कन्डमको बाहिर चिप्लो महसुस भएको थियो । मैले सोचें, केटीको योनिबाट निस्किएर लागेको होला, तर त्यसको दुई-तीन दिनपछि टाउको गह्रुंगो भयो । पिसाब गऱ्यो तर फेरि आएजस्तो हुने भएको थियो, अहिले भने यो समस्या छैन । त्यतिबेला मेरो मुखमा अल्सर (ulcers) आएको थियो र mouthwash liquid ले सफा गरेपछि आएको छैन । ओठको कुनामा बिमिराहरु र गालाको छेउमा डल्लो (lump) आउने, तीन-चार हप्तापछि हराउने, लिङ्गको मुण्डमा पसिना/तेलजस्तो आउने हुन्छ । यो कस्तो खालको समस्या हो ?

४३७



### वीर्य कस्तो हुन्छ ?

यौन उत्तेजनालाई निरन्तरता दिइएको स्थितिमा चरमसुख (orgasm) प्राप्त हुने हाराहारीमा मूत्रद्वारबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ जसलाई वीर्य (semen) भनिन्छ । सामान्य रूपमा यौनसम्पर्क गर्दा योनिभित्रै वीर्य स्खलन गरिँदा वीर्य कस्तो हुन्छ भन्ने कुरामा खासै चासो नहुन सक्छ तर हस्तमैथुनका बेला वीर्य स्खलन प्रत्यक्ष रूपमा देखिने भएकाले चासो पनि हुनसक्छ ।

वीर्यको रंग सामान्यतः धमिलो किसिमको सेतो सेतो हुने भए पनि हल्का पहेंलो वा खरानी रंगको समेत हुन सक्छ । यसको गन्ध विशेष किसिमको हुन्छ र क्लोरिनको गन्धसँग मिल्दोजुल्दो हुन्छ । स्वादमा यो हल्का गुलियो हुन्छ तर भोजनदेखि अन्य कतिपय कुराले यसको सुवासमा विविधता ल्याउन सक्छ । यो क्रिम वा जेलीजस्तै बनावटको र केही च्यापच्यापे प्रकृतिको हुन्छ ।

वीर्य व्यक्तिअनुसार र एकै व्यक्तिमा पनि फरक-फरक हुनसक्छ । यसको स्वरुप, गन्ध, रङ्ग अनि स्वादजस्तो कुरामा विविधता पाइन्छ । यस्तो विविधता पाइने कारणमा तापक्रम, शारिरिक क्रियाकलाप, भोजन तथा केही समयअघि मात्र वीर्य स्खलन गरिएको जस्ता कुराको प्रभाव पर्छ ।

### वीर्यमा चामलजस्तो कुरा

वीर्य स्खलन भएपछि त्यसको केही समयमा यसमा परिवर्तन आउँछ । वीर्य स्खलन हुनासाथ यो केही बाक्लो जेलीजस्तै हुन्छ र केही बेरपछि मात्र पातलिने क्रम सुरु हुन्छ । वीर्य स्खलन हुनासाथको अवस्थामा यसमा भएको प्रोटिनले बाक्लो, निकै च्यापच्यापे स-साना दानाजस्तो बनाउन सहयोग गर्छ । यस्तो प्रकृतिको हुँदा वीर्य योनिमै टाँसिने र सजिलै बाहिर नआउने हुँदा प्रजनन क्षमतामा सकारात्मक असर पर्छ । अब त तपाईंले बुझिसक्नुभयो होला कि चामलजस्तो दाना देखिनुले कुनै खराबी वा यौनरोग भएको कुरालाई संकेत गर्दैन । त्यसैले यस विषयमा अनावश्यक चिन्ता नलिए हुन्छ ।

### के-कस्तो स्थितिमा चिन्ता गर्नुपर्छ ?

तपाईंले वीर्यको सन्दर्भमा भएको जिज्ञासाका साथै यौन रोग भएको हो कि भन्नेतिर संकेत गर्नुभएको छ । यौनकर्मीसँग भए पनि कन्डम लगाएर भएको यौन सम्पर्कमा यौन रोग लाग्ने सम्भावना निकै कम हुने भए पनि केही मात्रामा सम्भावना हुन्छ । तपाईंको टाउको दुख्ने जस्ता लक्षण तनावका कारणले भएको हुनसक्छ । विशेष गरी वीर्यमा आएको परिवर्तनसँगै यदि दुख्ने, ज्वरो आउने, यौन उत्तेजना वा यौन कार्यमा समस्या सिर्जना हुने, पिसाबमा रगत देखिने वा लिङ्गबाट असामान्य रस वा पीपजस्तो आएको स्थिति भने चिन्ताजनक हुनसक्छ । यस्ता लक्षणले यौनाङ्ग तथा प्रजनन अङ्गमा केही खराबी वा संक्रमणलाई संकेत गर्छन् । यौन रोगको शंका छ भने एकपल्ट पिसाब परीक्षण गराउन सकिन्छ ।

अर्को कुरा, वीर्य स्खलनका बेला बाक्लो, दानादारजस्तो भए पनि सामान्य अवस्थामा यस्तै एक घण्टामा त्यो पातलिएर जान्छ, तर एक घण्टा पछि पनि यस्तै चामल जस्तो दानादार भए संक्रमण भएको हुनसक्छ ।

माथि भनिएका लक्षण देखिएको वा यस्तो भएको स्थितिमा भने चिकित्सकको सल्लाहमा परीक्षण गर्नुपर्छ र त्यसै अनुसार उपचार गराउनुपर्छ, तर यस्ता लक्षण वा समस्या छैनन् भने अनावश्यक रूपमा चिन्ता नलिई यौन आनन्द लिनेतिर ध्यान दिनु उचित हुन्छ ।

### लिंग मुण्डबाट तेलजस्तो आउने कुरा

लिङ्गमुण्डको corona को पछितिर स-साना sebacious glands (छालामा भएका तैलिय पदार्थ निकाल्ने ससाना ग्रन्थिहरू) हुन्छन् जसलाई Tyson's glands भनिन्छ । यही ग्रन्थिबाट निस्कने तैलीय रस तथा छालाबाट झरेका कोषहरू जम्मा भए त्यसैमा जीवाणुको वृद्धि हुन्छ र सेतो पदार्थ बन्छ । यही सेतो पनिरजस्तो देखिने, एक प्रकारको गन्ध आउने पदार्थलाई smegma भनिन्छ । केही धार्मिक सम्प्रदायमा जस्तै कि हिन्दू संप्रदायमा लिङ्गको अग्रचर्म काट्ने चलन छैन, त्यसैले smegma चाँडो जम्मा हुन्छ । यो सेतो पदार्थ पुरुषमा मात्र होइन, महिलामा समेत पाइन्छ । महिलाहरूमा भने यो सानो भगोष्ठको मुनि तथा भगांकुरको मुण्डको वरिपरि पाइन्छ ।

पहिलो कुरा त यो सेतो पदार्थ स्वाभाविक रूपमा निस्कने कुरा हो र यसरी सेतो पदार्थ निस्किँदैमा हानि हुँदैन, तर यसलाई सफा नै नगरी धेरै जम्मा भए समस्या हुन सक्छ । यसलाई सफा नगरिए यसको गन्ध प्रबल हुन्छ र त्यसले केही असजिलोपन ल्याउन सक्छ । अचेल बजारमा पाइने सुगन्ध छर्कने चलन चलेको बेला कतिपय प्राकृतिक गन्धलाई पनि दुर्गन्धका रुपमा लिइन्छ । गन्धकै कारणले यौनअंगलाई फोहर अंग मान्न सहयोग गरेको छ । जे होस्, यौनाङ्गको नियमित सरसफाई गर्नुपर्छ ।

तपाईंको ओठ तथा गालामा भएको समस्याको सन्दर्भमा सीमित जानकारीका आधारमा यसै भन्न सकिने स्थिति भएन । विस्तृत जानकारी पठाउनुभयो भने उत्तर दिने प्रयास गर्नेछु ।

## विश्व मिर्गौला दिवस विशेष

# स्वस्थ मिर्गौलाको सचेतना



डा. सुमनराज ताम्राकार


### समस्या कति ?

विश्वभर करिब २० करोड महिला जीर्ण खालका मृगौलाको समस्याबाट पीडित छन् भने बर्सेनि ६ लाखको हाराहारीमा मृत्यु भैरहेको छ र मिर्गौलासम्बन्धी समस्या नै महिला मृत्युको आठौं कारक तत्व बनिरहेको छ । नेपालमा करीब २७ लाख नेपालीमा मिर्गौलासम्बन्धी समस्या भएको, त्यसमध्ये २७ हजारमा अति गम्भीर खालको समस्या भएको तथा बर्सेनि २ हजार ७ सय जनाको मिर्गौलाले पूर्ण रूपमा काम गर्न छाड्ने अनुमान छ ।

करीब ८० प्रतिशत मिर्गौला रोगीले एक पटक पनि डायलाइसिस गराएका हुँदैनन् । नेपालमा हाल करिब ५ सय जनाले डायलाइसिस गराइरहेका छन् । त्यसमाथि एकपटक प्रयोग गरिसकेपछि राम्रोसँग निर्मलीकृत नगरिएका डायलाइसिस मेसिनका कारण बिरामीले थप समस्या बेहोर्नुपर्ने अवस्था छ । डायलाइसिस गराइरहेकाहरू तथा तिनका परिवारजन बिस्तारै आजित हुन थालेपछि मिर्गौला प्रत्यारोपण गर्छन् ।

### के हो मिर्गौला ?

मानव शरीरको कम्मरको दुवै तिर ठूलो सिमी आकारका मिर्गौला हुन्छन् । प्रत्येक मिर्गौला करीब १२x६x३ सेन्टिमिटरका हुन्छन् भने दायाँतर्फको मिर्गौला थोरै तल हुन्छ । २४ घण्टामा मिर्गौलाले करिब १ सय ८० लिटर रगत (तरल पदार्थ) मा रहेको विकार वस्तु (हानिकारक र रासायनिक पदार्थ) फिल्टर गरेर फेरि शरीरमा फर्काउँछ । उक्त प्रक्रियामा स्वस्थ्य मानिसको शरीरमा दैनिक करीब डेढ लिटर पिसाब निर्माण हुन्छ । यस हिसाबले ६० देखि ७० मिलिलिटर पिसाब प्रतिघण्टा बन्नुपर्छ । यद्यपि मिर्गौलामा कुनै समस्या उत्पन्न भएको खण्डमा शरीरको विकार पिसाबको माध्यमबाट बाहिर फ्याँक्न कम्तीमा ३० मिलिलिटर पिसाब प्रतिघण्टा बन्नु आवश्यक छ ।



### मिर्गौलाले के गर्छ ?

मिर्गौलाले ८५ देखि ९० प्रतिशतसम्म कार्य गर्न छोडेपछि शरीरमा विकारयुक्त रसायानिक वस्तु थुप्रन्छन् । यस्तो प्रतिकूल अवस्थामा मेसिनको सहायताले विकारसँगै अनावश्यक लवण र अतिरिक्त पानी शरीरबाट बाहिर फ्याँक्ने प्रक्रियालाई डायलाइसिस भनिन्छ । शरीरमा विकार थुप्रिएको मात्रा र थुप्रिने अवधि हेरेर पटक-पटक डायलाइसिस गराउनुपर्ने हुन्छ । समग्रमा मिर्गौला प्रत्यारोपण नगरिएसम्म छिटो-छिटो डायलाइसिस गराउँदै जानुपर्ने अवस्था आउँछ ।

### मिर्गौला कसरी फेल खान्छ ? कसरी थाहा पाउने ?

मिर्गौलाले काम गर्न छाड्यो भने यसले रगत सफा गर्न सक्दैन र रगतमा क्रियटिनको मात्रा बढ्छ । सामान्यतयाः रगतमा क्रियटिनको मात्रा १ दशमलव २ भन्दा कम हुनुपर्छ । कुनै पनि बेला क्रियटिनको मात्रा बढेको छ भने यो स्थायी वा अस्थायी कुन प्रकारले बढेको हो थाहा पाउनुपर्छ । अस्पताल तथा क्लिनिकमा ५०-६० रुपैयाँ खर्च गरेर क्रियटिनको मात्रा जाँच्न सकिन्छ । ज्वरो अथवा कुनै औषधि सेवन गर्दा रगतमा क्रियटिनको मात्रा अस्थायी तवरले बढ्न सक्छ ।

मिर्गौला तथा पिसाब नलीमा हुने पटक-पटकको संक्रमण, मिर्गौलाकै सुजन (नेफ्राइटिस), मिर्गौलामा पत्थरी, मिर्गौलामा पानीको फोका (सिस्ट) बन्ने समस्या, मिर्गौलाकै वंशानुगत समस्या तथा मिर्गौलाको ट्युमर (क्यान्सर) ले पनि मिर्गौलाको खराब हुने भए पनि मिर्गौलाभित्रको नेफ्रोनको सुजन, लामो समयसम्मको मधुमेह (सुगर), उच्च रक्तचाप (हाई ब्लडप्रेसर) तथा वंशाणुगत कारणले मिर्गौलामा स्थायी प्रकारको खराबी सिर्जना गर्न सक्छ ।

मिर्गौला रोगका लक्षण सुरुमा नदेखिए पनि माथि उल्लेखित स्वास्थ्य समस्याको पृष्ठभूमिमा खुट्टा तथा आँखाको डिल सुन्निने, थकाइ लाग्ने, खान मन नलाग्ने, छिनछिनमा पिसाब लाग्ने भए मिर्गौला बिग्रिएको वा बिग्रन थालेको अनुमान गर्न सकिन्छ । मिर्गौला प्रत्यारोपण निकै खर्चिलो उपचार हो । त्यसैले पनि सुरुमा जो-कोहीले मिर्गौला प्रत्यारोपण गर्ने आँट गर्दैनन् र शुरुमा डायलाइसिसकै सहारा लिन्छन् । हाल नेपालभरिका क्षेत्रीय स्तरसम्मका अस्पतालमा डायलाइसिसको सुविधा उपलब्ध छ ।

### के गर्ने ?

नियमित व्यायाम गर्नु, मधुमेहका बिरामीले रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्नु, नियमित रक्तचाप नाप्नु, उच्च रक्तचापका बिरामीले रक्तचाप नियन्त्रणमा राख्नु, धूम्रपान नगर्नु, जथाभावी पीडानाशक औषधि नखानु, दिनहुँ प्रशस्त मात्रामा पानी (कम्तीमा एक लिटर) पिउनु मिर्गौलाको रोगबाट जोगिने उपाय हुन् । मिर्गौलासम्बन्धी बिमारीमा योग वा आर्युवेदको उपचारतर्फ लाग्दा चिकित्सकको सल्लाह लिएर मात्र खाइरहेको औषधि छोड्नुपर्छ ।

सन्दर्भ : अन्तर्राष्ट्रिय नारी दिवस

# सर्वकालीन महान् खेलाडी

आज अन्तर्राष्ट्रिय महिला दिवस । विश्व खेलकुद इतिहासमा यस्ता केही महिला खेलाडी छन्, जसको प्रभाव अत्यधिक छ । अझ भनौं, यिनै महिला खेलाडीहरु विश्व खेलुकदलाई आफू अनुकूल फेर्न सफल रहे । उनीहरुको उपस्थितिबिना अहिलेको विश्व खेलकुद वर्तमान स्थितिमा आउने थिएन । यी महिला खेलाडीको योगदान खेलकुदमै मात्र सीमित रहेन । यसको प्रभाव समग्र समाजमा पनि पर्‍यो ।



## एनिका सोरेन्सटम

गल्फमा पुरुष जति सफल हुन सक्छन्, महिला पनि उत्तिकै सफल हुन सक्छन् भन्ने सबैभन्दा राम्रो उदाहरण हुन्– एनिका सोरेन्सटम । एनिकाले १८ वर्ष गल्फ कोर्समा बिताइन् र त्यसक्रममा ७२ एलपीजीए तथा १२ इन्टरनेसनल उपाधि जितिन् । उनी जुनियर स्तरमा टेनिस र फुटबलमा पनि उत्तिकै राम्रो खेलाडी थिइन् । एनिकाले खास नाम कमाएको खेल गल्फ नै थियो र त्यस क्रममा उनी पुरुष खेलाडी सरह नै चर्चामा रहिन् ।

## बिल्ली जिन किङ्ग

बिल्ली जिन किङ्ग तिनै खेलाडी हुन्, जसले वुमन्स टेनिस एसोसियसन (डब्लूटीए) स्थापना गरिन् । उनले आफ्नो खेल जीवनमा कुल ३९ ग्रान्ड स्लाम उपाधि जितिन, जसमा १२ एकल उपाधि समावेश छ । उनले आफू खेलुन्जेल पुरुष र महिलाको समान अधिकारका लागि लडिन् । उनी महिला खेलाडी पनि पुरुष जत्तिकै हुने दाबी गर्थिन् र त्यस क्रममा पुरुष खेलाडीलाई आफूविरुद्ध खेल्ने चुनौती पेस गर्थिन् । उनलाई सेक्स वारको प्रतीकसमेत मानिन्छ ।





## मार्टिना नभ्रातिलोभा

सेरेना विलियम्स र स्टेफी ग्राफले जुन सफलता प्राप्त गरे, त्यसको जग बसाउने खेलाडी हुन्– मार्टिना नभ्रातिलोभा । उनी चरम शीतयुद्धका बेला तत्कालीन साम्यवादी चेकोस्लाभाकिया छाडेर अमेरिका गइन् र अमेरिकाकै लागि टेनिस खेलिन् । उनको त्यो काम त्यति बेला अदम्य साहसको प्रतीक थियो । उनी समलिंगी महिलाको अधिकारका लागि लड्ने प्रखर खेलाडीसमेत हुन् । मार्टिना सामान्य महिला पनि शारीरिक रूपमा फिट हुनुपर्छ भन्ने धारणा राख्छिन् ।



## फ्लोरेन्स ग्रिफिथ जोन्स

विश्व एथलेटिक्समा उनी फ्लो जो नामले बढी चिनिइन । यी अमेरिकी खेलाडी विश्व एथलेटिक्समा सबैभन्दा तीव्र गतिको धाविकाका रूपमा चर्चित रहिन् । सन् १९८८ को सोल ओलम्पिक्समा उनले सय तथा दुई सय मिटर दुवैमा स्वर्ण पदक जितेर विश्व खेलकुदमा तहल्का मच्चाइन् । उनले एथलेटिक्समा फेसन पनि भित्र्याइन्, तर उनको ३८ वर्षको उमेरमै निधन भयो । जोन्सलाई महिला एथलेटिक्समा ग्ल्यामर प्रवेश गराउने श्रेयसमेत जान्छ ।


## बोनी ब्लेयर

शीतकालीन खेलकुदले पाएको सबैभन्दा ठूला नाम हुन्छन्– बोनी ब्लेयर । उनलाई स्पिड स्केटरमा अहिलेसम्मकै महान खेलाडी मानिन्छ । ब्लेयरले ६ वटा शीतकालीन ओलम्पिक पदक जितेकी छिन्, जसमा ५ वटा स्वर्ण पदक छन् । शीतकालीन खेलकुदमा उनलाई अमेरिकी खेलकुद इतिहासकै सर्वाधिक सफल खेलाडी मानिन्छ । उनकै कारणले हिउँमा खेलिने खेल अमेरिका, क्यानाडा तथा अरू प्रमुख युरोपेली देशमा लोकप्रिय भएको मानिन्छ ।



## सेरेना विलियम्स

महिला टेनिसमा सेरेना विलियम्सलाई पुरुष खेलाडी जत्तिकै खेल्न सक्ने खेलाडी मानिन्छ । उनको शारीरिक बनावट नै त्यस्तै छ । उनको खेल पनि उत्तिकै अब्बल दर्जाको छ, अन्यथा उनले सर्वाधिक ग्रान्ड स्लाम उपाधि जित्ने खेलाडीको सूचीमा स्टेफी ग्राफलाई पछाडि पार्ने थिइनन् । अमेरिकाकी यी अश्वेत खेलाडीलाई महिला विश्व टेनिसकै सर्वाधिक सफल खेलाडी मानिन्छ । उनी अहिलेसम्म पनि सक्रिय छिन् र सन्यास लिंदासम्म उनको नाममा अरू धेरै कीर्तिमान थपिइसक्नेछ ।





## स्टेफी ग्राफ

महिला टेनिसमा स्टेफी ग्राफ जत्तिको लोकप्रिय खेलाडी विरलै होलान् । विश्व टेनिसमा पुरुष मात्र सुपर स्टार हुने समयमा यी जर्मन खेलाडीले पनि त्यही प्रतिष्ठा आत्मसात् गरिन् । कीर्तिमान २२ ग्रान्ड स्लाम उपाधि जितेकी ग्राफ सर्वाधिक लामो समय नम्बर १ खेलाडी रहिन् । अहिले पनि महिला टेनिस भनेपछि ग्राफको नाम आइहाल्छ । अहिलेको पुस्ताका जति पनि महिला खेलाडी छन्, प्रायः सबैको आदर्श ग्राफ नै हुन् ।

## मिया ह्याम

फिफाले निकालेको विश्वका उत्कृष्ट १ सय २५ खेलाडीको सूचीमा पर्ने दुर्लभ महिला फुटबल खेलाडी हुन्– मिया ह्याम । यो सूचीमा दुई महिला खेलाडी मात्र छन् । विश्व महिला फुटबलले पाएको अहिलेसम्मकै सबैभन्दा ठूला स्टार हुन्– मिया ह्याम । उनी १५ वर्षकै उमेरमा अमेरिकी टिममा परिसकेकी थिइन् र संन्यास लिनुअघिसम्म आफूलाई प्रत्येक पटक सफल साबित गरिन् । अमेरिकामा महिला फुटबलको जग बसाउने श्रेय पनि उनैलाई जान्छ ।



# एउटै हारको कथा



जति बेला नेपाली महिला क्रिकेटले अन्तर्राष्ट्रिय स्तरमा सफलता पाउन थालिसकेको थियो, त्यति बेलासम्म थाइल्यान्ड त्यो मानचित्रमा लगभग कहीं-कतै थिएन्। अहिले कस्तो भएको छ भने थाइल्यान्ड नै यस्तो एउटा टिम भएको छ, जसका विरुद्ध जित निकाल्न नेपाललाई निकै गाह्रो परिरहेको छ। पछिल्ला केही वर्षयता थाइल्यान्डले महिला क्रिकेटमा प्रसस्त लगानी गरेको छ र अहिले यही टिम यो क्षेत्रको सबैभन्दा बलियो भएको छ, टेस्ट नखेल्ने देशहरूबीच।

विश्व क्रिकेटसँग खासै साइनो नभएको देशको यो उपलब्धी आफैमा अद्वितीय पनि छ। थाइल्यान्डमै हालै आईसीसी वुमन्स क्वालिफायर-२०१९ सम्पन्न भयो। यो ग्लोबल क्वालिफायर प्रवेशका लागि एक मात्र प्रवेश द्वार थियो अर्थात प्रतियोगिता अबको ५० र २० ओभर दुवै विश्वकपका लागि छनोट पनि थियो। यस अर्थमा यो प्रतियोगिताको ठूलो महत्व थियो। प्रतियोगितामा सहभागी टिमको संख्या सात थिए र यो राउन्ड रोबिन लिगका आधारमा चलेको थियो।

यसमा फाइनल थिएन्। लिगमा सबैभन्दा अगाडि जो रहयो, त्यही विजेता। अनि त्यही एक मात्र टिम ग्लोबल क्वालिफायरका लागि छनोट हुने। प्रतियोगिता अघि उक्त एक स्थानका लागि आयोजक थाइल्यान्ड र नेपाल नै प्रमुख दावेदार थिए। अरू टिम यसको छेउछाउ पनि थिएनन्। त्यसैले लिग चरणमा जति बेला थाइल्यान्ड र नेपाल भिडे, त्यही फाइनल सावित भयो। यो खेल तेस्रो चरणमा थियो अनि त्यही निर्णायक खेलमा नेपालले पराजयको सामना गर्नु पर्‍यो।

नेपालको दृष्टिकोणबाट पूरा प्रतियोगिताको सार त्यही एउटै हारमा केन्द्रित रहयो। उक्त खेलमा नेपाल ५७ रनले पराजित भएको थियो र त्यो खेलको प्रकृति अनुरुप ठूलै अन्तर हो। पहिले ब्याटिङ गरेको थाइल्यान्डले २० ओभरमा ७ विकेट गुमाएर १ सय २४ रन बनायो। जवाफमा नेपाल २० ओभर त टिक्न सक्यो, तर त्यसबीचमा ८ विकेट गुमाएर ६७ रन मात्र बनाउन सक्यो। त्यसमा जितको अर्थ थाइल्यान्डले उपाधि जिते जस्तै भयो भने हारको अर्थ नेपालले उपाधि गुमाए जस्तै भयो।

उक्त एउटै खेलले प्रतियोगिताको विजेता समीकरण तयार भयो। प्रतियोगिताको अन्त्यमा थाइल्यान्ड सबै ६ खेलमै विजयी रहयो। नेपाल थाइल्यान्डविरुद्धको खेललाई छाडेर अरू सबैमा विजयी हुँदै उपविजेता बन्यो, तर त्यो उपलब्धिको कुनै अर्थ थिएन। नेपालले बाँकी खेलमा यूएई, चीन, हङकङ, मलेसिया र कुवेतलाई सजिलै हराएको थियो।

नेपालकी सीता मगर प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भइन्। नेरी थापा प्रतियोगितामै सर्वाधिक विकेट लिने खेलाडीमा संयुक्त रूपमा पहिलो स्थानमा रहिन। नेपाल छनौट हुन नसकेको स्थितिमा यसको पनि कुनै अर्थ भए। नेपाली टिमका प्रशिक्षक विनोद दास भन्छन्– खासमा एउटै टिम मात्र छनौट हुने नियम नै राम्रो होइन, यही नियमका कारण दोस्रो हुने नेपालले दोस्रो अवसर पनि पाएन, अर्थात् आईसीसीको यही नियम नेपालका लागि बाधक बन्यो।



# ह्याट्रिक गर्ल्स



आईसीसी वुमेन्स क्वालिफायर-२०१९ बाट नेपाल अर्को चरण पुग्न असफल भए पनि व्यक्तिगत रूपमा कप्तान रुबिना क्षेत्रीका लागि भने प्रतियोगिता गज्जब नै रहयो। रुबिनाले कुवेतविरुद्ध ह्याट्रिक गरेकी थिइन् र संयोगले उनको यो दोस्रो ह्याट्रिक थियो। क्रिकेटमा ह्याट्रिक आफैमा दुर्लभ उपलब्धि मानिन्छ। आखिर लगातार तीन बलमा तीन विकेट लिन कहाँ सजिलो हुन्छ र? रुबिनाले यसअघि सन् २००९ मा पनि ह्याट्रिक गरेकी थिइन र त्यति बेला नेपालको प्रतिद्वन्द्वी थियो- सिंगापुर। नेपालका लागि अरू दुई महिला खेलाडीले पनि ह्याट्रिक गरेका छन् र ती हुन्– करुणा भण्डारी र सबनम राई। करुणाले सन् २०११ मा कुवेत र सबनमले सन् २०१७ मा थाइल्यान्डविरुद्ध तीन बलमा तीन विकेट लिएका थिए।

**अब नागरिकता प्राप्त हुने हो कि ?**

आईसीसी वुमेन्स क्वालिफायर-२०१९ अप्सरा बेगमका लागि सम्झनालायक रहयो। उनले त्यसमा राम्रो प्रदर्शन गरिन्। झापाकी यी खेलाडी नेपालका लागि क्रिकेट खेल्ने पहिलो मुस्लिम महिला हुन्।

यद्यपि एउटा नरमाइलो पक्ष के भने यी १९ वर्षीया खेलाडीले अहिलेसम्म नागरिकता भने प्राप्त गर्न सकेकी छैनन्। यही कारणले उनको विदेश भ्रमण जहिले पनि जटिल हुन्छ। उनका बुबाको नागरिकता जन्मको आधारमा बनेको हुँदा समस्या सिर्जना भएको हो, जबकि उनकी आमाको नागरिकता वंशजकै आधारमा छ। अप्सराले नागरिकता नपाएको समाचार सार्वजनिक भएपछि झापाका राजनीतिकर्मी एवं अधिकारवादीहरू सक्रिय भएका छन्। आशा गरौं, नेपालका लागि राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेकी खेलाडीले अब त पक्कै नागरिकता प्राप्त गर्ने छिन्।

# भाग्यमानी थ्रीस्टार, अभागी आर्मी

सहारा क्लबले पोखरामा आयोजना गरेको १७ औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि थ्रीस्टार क्लबले जितेको छ। पोखरा रंगशालामा भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई सडन डेथमा पराजित गर्दै थ्रीस्टारले उपाधि हात पारेको हो। गतवर्ष उपविजेता भएको थ्रीस्टारले योसँगै आहा रारामा पाँचौं पटक उपाधि जितेको छ। चौथो पटक फाइनलमा पुगेको त्रिभुवन आर्मी क्लब भने फेरि एक पटक अभागी सावित भयो। खेलको ५ औं मिनेटमै आर्मीले अग्रता लिए पनि त्यसलाई जोगाउन नसक्दा चौथो पटक फाइनल पुगेर पनि उपाधि चुम्ने उसको सपना अधुरै रहयो। आर्मी सातौं, आठौं र चौधौं संस्करणमा समेत फाइनलमा पुगेको थियो। थ्रीस्टारले पाचौं, नवौं, एघारौं तथा तेह्रौं संस्करणको आहा-रारा गोल्डकपको उपाधि जितेको थियो। थ्रीस्टार सोह्रौं संस्करणको उपविजेता समेत हो।




सडनडेथमा थ्रीस्टारका मिक्छेन तामाङको पेनाल्टी प्रहार निर्णायक बन्न पुग्यो। आर्मीका विकास खवासको प्रहार भने थ्रीस्टारका गोलरक्षक एलन न्यौपानेले रोकेका थिए।

फाइनलमा म्यान अफ दि म्याच थ्रीस्टारका एलन न्यौपाने घोषित भए। उनले सर्वोत्कृष्ट खेलाडीका साथै उत्कृष्ट गोलकीपरको पुरस्कार प्राप्त गरे। सर्वाधिक गोलकर्ताको पुरस्कार प्रतियोगिता अवधिभर तीन गोल गरेका थ्रीस्टारका अनिल गुरुङले जिते। आर्मीका बिमल पाण्डे उत्कृष्ट डिफेन्स, सन्तोष तामाङ उत्कृष्ट मिडफिल्डर, नवयुग श्रेष्ठ उत्कृष्ट स्ट्राइकर तथा थ्रीस्टारका मेघराज केसी उत्कृष्ट प्रशिक्षक घोषित भए। अनुशासित टिमको पुरस्कार एपीएफले हात पार्‍यो। फागुन ९ गते प्रारम्भ भएको यो प्रतियोगितामा १० वटा टिमको सहभागिता थियो।



# मिस्टर दाङ

प्रथम जिल्लास्तरीय बडी बिल्डिङ च्याम्पियनसिप (मिस्टर दाङ) को उपाधि फ्रेन्ड्स फिटनेस सेन्टर तुलसिपुरका सुनिल दहितले चुमेका छन्। दाङ जिल्ला शारीरिक सुगठन तथा फिटनेस संघ एवं फ्रेन्ड्स फिटनेस सेन्टर तुलसीपुरद्वारा संयुक्त रूपमा आयोजित उक्त प्रतियोगितामा ३५ जना सहभागी थिए।

स्वास्थ्य र सौन्दर्यसँग प्रत्यक्ष जोडिएको शारीरिक सुगठन खेलको पहुँच अभिवृद्धि गर्दै स्थानीय स्तरका प्रतिभाहरूलाई खेलमा स्थापित गर्न सञ्चालित च्याम्पियनसिपमा ६ वटा तौल समूहमा कडा प्रतिस्पर्धा भएको थियो, जसअनुसार ५५ किलो तौल समूहमा अजय स्वर्णकार प्रथम भएका थिए।

६० किलो तौल समूहमा अमरसिंह कार्की, ६५ किलो तौल समूहमा लीलाबहादुर बूढामगर, ७० किलो तौल समूहमा गिरधर भण्डारी तथा ७५ किलो तौल समूहमा सुनिल दहित प्रथम भएका थिए भने ७५ किलो प्लसमा कमल राना मगर प्रथम भए। सुवास अधिकारी राइजिङ स्टार र सुनिल दहितलाई बेस्ट पोजर घोषणा गरिएको उक्त कार्यक्रममा महिला शारीरिक सुगठनको डेमोका साथै जुम्वा डान्ससमेत प्रदर्शन गरिएको थियो।

दुर्गालाल केसी

जाँदा-जाँदै

# प्रेमबाट म टाढा छु

युट्युब र फेसबुक चलाएकै भरमा दीन-दुःखी र पीडितहरूलाई करोडौं रकम सहयोग जुटाउन सफल व्यक्ति हुन्- भाग्य न्यौपाने । शिवसताक्षी-२, झापाका न्यौपानेले सन् २०१७ फेब्रुअरी ३ देखि युट्युबमा तातातो खबर सञ्चालन गरेका थिए । त्यसको एक वर्षपछि उनले आफ्नै नाम (भाग्य न्यौपाने) मार्फत अर्को च्यानल पनि चलाइरहेका छन् । आफ्नो च्यानलमा नयाँ-नयाँ प्रतिभाहरूलाई स्थान दिइरहेका न्यौपानेसँग नरेन्द्र रौलेको संवाद :




**तातातो खबर कतिको तातेको छ ?**

३७ डिग्रीजति । सेलाउनु पनि त भएन नि ।

**तपाईंको लोकप्रियता बढे पनि गेटअपमा त्यति ध्यान दिनुहुन्न, किन ?**

सादा खाना नै मीठो, मलाई साधारण पोसाक लगाएरै फरक काम गर्न मन लाग्छ । मुख्य कुरा काम फरक हुनुपर्छ । त्यही भएर म गेटअपमा त्यति ध्यान दिन्नँ ।

**फेसबुकमा खुब सक्रिय हुनुहुन्छ, फेसबुकबिना त बस्नै सक्नुहुन्न रैछ ?**

कोही पीडित नेपाली देखें भने, कि मेरो फेसबुक लाइभ खुल्छ कि मेरो माइक खुल्छ ।

**खाना र निद्राको टुंगो छैन, किन यसरी दौडधूप गरिरहनुभएको छ ?**

यो दौडधूप आत्मसन्तुष्टिका लागि हो । एक छाक खाना नखाए पनि बाँच्न सकिन्छ । म अरूको जीवन बचाउनका लागि दौडधूप गरिरहेको छु ।

**युट्युबबाट खुब पैसा कमाउनुहुन्छ भन्ने हल्ला छ, खास के हो ?**

युट्युबबाट अहिलेसम्म ३ लाख रुपैयाँ कमाएँ हुँला । तात्तातो खबरबाट मासिक रूपमा बढीमा २ हजार डलर (२ लाख रुपैयाँ) आम्दानी हुन्छ । खर्च पनि त्यही अनुसार छ । बचेको पैसा दुःखी-पीडितहरूलाई बाँड्दैमा सकिन्छ ।

**तपाईंले चालेको अभियानअन्तर्गत अहिलेसम्म दुःखी-पीडितहरूका लागि करोडौं रकम उठ्यो । यो कसरी सम्भव भयो ?**

यो हामीबाट सम्भव भएको हो, मबाट होइन । हामी अर्थात् सबै नेपाली, म एक्लैले ५ रुपैयाँ पनि उठाउन सक्दिन ।

**अहिलेसम्म किनेका मध्ये सबैभन्दा महँगो सामान ?**

ल्यापटप (२ लाख २५ हजार रुपैयाँ) र पल्सर बाइक (३ लाख रुपैयाँ) ।

**तपाईंलाई आएको महँगो उपहार ?**

औंठी, अर्को दर्शकहरूको अपार माया, जुन कसैले किन्न सक्दैन ।

**तपाईंसँग नाम छ, दाम छ । छोरी दिनेहरूको त लर्को होला है ?**

त्यस्तो केही छैन ।

**उमेरले कति पुग्नुभयो ?**

२५-२६ पुगें हुँला ।

**उमेर त भएछ । विवाह गर्ने कुरा सोच्नुभएको छैन ?**

प्रेममा त छैन, विवाहका बारेमा त झन् सोचेको पनि छैन ।

**प्रेमबाट किन टाढा ?**

म प्रेमबाट टाढा छैन, वरिपरि नै छु । अरूको प्रेमलाई हेरिरहेको छु, अब त्यस विषयमा पनि सोचौंला ।

**तपाईं साँच्चै एक्लो हो र ?**

हैन, म एक्लै कहाँ छु र ? दर्शकहरू पनि हुनुहुन्छ ।

**मैले व्यक्तिगत जीवनमा भन्न खोजेको ?**

अहिले एक्लै छु । कसैलाई मनमा राखेको छैन । प्रेम, मबाट टाढा छ ।

**युट्युबमा भिडियो बनाउने बाहेक अरू कुन-कुन कुरामा रुचि छ ?**

घुम्ने, चलचित्र हेर्ने, नौला मानिससँग फरक कुरा गर्ने ।

**तपाईंका बारेमा कुनै सेक्रेट कुरा ?**

म राम्रो सेफ पनि हुँ, मीठा-मीठा परिकार बनाउँछु । विशेष गरी शाकाहारी परिकार मीठो बनाउँछु । मैले मलेसियाको एसियन कुलिनरी आर्ट कलेजमा होटल म्यानेजमेन्ट पढेको हुँ ।

# सारेगमपामा आयुष र प्रितमको उत्कृष्ट प्रस्तुति






१२ वर्षीय बालगायक आयुष केसी तथा सोही उमेरका प्रितम आचार्य यतिबेला भारतीय टेलिभिजन दर्शकहरूमाझ चर्चामा छन् । सानैदेखि गीत गाउन रुचाउने केसी तथा आचार्य यतिबेला भारतीय च्यानल जीटिभीको गायनमा आधारित रियालिटी शो सारेगमपा लिटिल च्याम्पसमा प्रतिस्पर्धा गरिरहेका छन् । प्रतियोगितामा उनीहरूको बेजोड प्रस्तुतिले दर्शकहरूलाई मात्र होइन, निर्णायकहरूलाई समेत प्रभावित तुल्याइरहेको छ । सिन्धुपाल्चोकका स्थायी बासिन्दा केसी भक्तपुरमा बसोबास गर्छन् । उनी भक्तपुरकै मोर्डन बोर्डिङ स्कूलमा कक्षा ७ मा अध्ययनरत छन् । प्रितम भने इटहरीका बासिन्दा हुन्, उनी पनि कक्षा ७ मै अध्ययनरत छन् ।

सारेगमपामा आयुष र प्रितमले दिएका प्रस्तुति अहिले सामाजिक सञ्जालमा भाइरल भैरहेका छन् । उनीहरू प्रतियोगिताको उत्कृष्ट १५ मा रहन सफल भैसकेका छन् । उत्कृष्ट १५ बाट अघिल्लो चरणमा प्रवेश गर्ने प्रतिस्पर्धामा दुवैले गत साता उत्कृष्ट प्रस्तुति दिएका थिए । त्यसक्रममा प्रितमले हिन्दी चलचित्र नमक हलालको पग घुँगरु...गाएका थिए । उनको प्रस्तुतिलाई ग्रान्ड जुरीले १ सय प्रतिशत अंक दिएपछि त्यो प्रस्तुति चार्ट बस्टरसमेत बन्न सफल भयो । मेन्टर शान, अरमान मल्लिक तथा ऋचा शर्माले उनको प्रस्तुतिको खुलेर प्रशंसा गरेका थिए । ग्रान्ड जुरीले स्टेजमै आएर प्रितमलाई काँधमा उचालेका थिए ।

आयुष दुई वर्षअघि कान्तिपुर टेलिभिजनबाट प्रसारित पहिलो राष्ट्रव्यापी बालगायन रियालिटी कार्यक्रम सुरशाला जुनियर आइडल पहिलो संस्करणमा प्रथम भएका थिए । आयुषले सुरशाला म्युजिक एकेडेमीमा गायक तथा संगीतकार अमृत क्षेत्रीसँग संगीतको प्रशिक्षण लिइरहेका छन् । आयुषले पनि गत साता शतप्रतिशत अंक ल्याउँदै उत्कृष्ट प्रस्तुति दिएका थिए ।

प्रितमले भने उत्कृष्ट १५ मा प्रवेश गर्ने क्रममा गाएको 'सन्देशा आते है...' गीतलाई बलिउडकर्मीहरूले समेत ट्विटरमार्फत प्रशंसा गरेका छन् । अभिनेता सुनिल सेट्टी, रितेश देशमुख आदिले उनको गायकीको प्रशंसा गरेका हुन् । सारेगमपा लिटिल च्याम्पमा अब लगातारको चार हप्ताको प्रस्तुतिको अंक जोडेर अघिल्लो चरणका लागि उत्कृष्ट १३ को छनौट हुने बताइएको छ ।



# हङकङेली स्टेजमा नेपाल

विदेशी भूमिमा जब आफ्नो संस्कृति र प्रतिभा प्रदर्शित हुन्छ तब हरेक नेपालीको छाती गर्वले फुल्छ । यसै क्रममा आइतबार सम्पन्न 'कल्चरल हार्मोनी एण्ड एथनिक ट्यालेन्ट शो' मा विदेशीसँगै नेपाली समुदायका प्रतिभा एवं संस्कृति प्रदर्शन गरिएको थियो । भारत, इन्डोनेसिया, फिलिपिन्स, अफ्रिका आदि देशका सहभागीहरूले उनीहरूको सांस्कृतिक नृत्य, वेशभूषा एवं जीवनशैली प्रस्तुत गरेको कार्यक्रममा नेपालले जातजातिका परम्परागत नृत्य, झाँकी एवं वेशभूषा प्रस्तुत गर्‍यो । हङकङका कुशल चित्रकार दीपेन्द्र राईद्वारा तयार पारिएका आकर्षक चित्रको प्रदर्शनीले पनि कार्यक्रममा रोचकता थपेको थियो ।

हङकङ सरकारको गृह मन्त्रालयबाट प्रयोजित नेपाली समुदायका लागि सामुदायिक सेवाकी प्रमुख रीता गुरुङ भन्छिन्– यो एउटा उत्कृष्ट अवसर हो, हामीले हाम्रो विविधता प्रदर्शन गर्न पायौं । मल्टिकल्चरल देश हङकङको जातीय विविधता र संस्कृति हेर्दा, नजिकबाट महसुस गर्दा हाम्रो मौलिकताप्रति अझ अपनत्व बढेर आएको छ । नयाँ पुस्ताको चासो एवं सहभागिताका कारण हामीले विदेशमा भए पनि मौलिकता तथा राष्ट्रियता संरक्षणमा भूमिका खेलेको महसुस भएको छ ।

अनोज रोक्का

तस्बिर : टीबी याक्खा

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।